दुई

# बालकविता/बालगीत/बालखण्डकाव्य/ बालगजल/बालहाइकु

## अच्युत घिमिरे

### *१. नानीका गीतहरू*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ भदौ, पृष्ठ-५५+१=५६, मूल्य-रु.३०।-; चित्र-हिम्मत नेम्बाङ; आवरण-योगेश खपाङ्गी ।

बाइस अध्यायमा विभाजित बालकाव्य । अध्यायको शीर्षक नभएका कारण छुट्टाछुट्टै कविताको रूपमा पनि पढ्न सकिने प्रस्तुत बालकाव्यमा कवि प्रायः उपदेशकका रूपमा देखिन्छन् । बालबालिका असल, ज्ञानी, चरित्रवान्, परिश्रमी, अध्ययनशील भइदिऊन् भन्ने कविइच्छा यस काव्यमा प्रकट भएका छन् । भाषा सरल छ । काव्यमा बालबालिकाका आनीबानी र रूपरङ्गलाई पनि प्रस्तुत गर्ने प्रयास भएको देखिन्छ ।

## अच्युतशरण अर्याल

### *१. श्रवणकुमार*

प्रकाशक-आँधीखोला प्रकाशनका लागि गङ्गादेवी अर्याल; मुद्रक-गङ्गा प्रिन्टिङ प्रेस, वालिङ, स्याङ्जा; पहिलो संस्करण-२०५४, पृष्ठ-५+३=८, मूल्य-रु.५।-,

विद्यार्थीका लागि-रु.३।-; चित्र-नभएको ।

बालखण्डकाव्य । लेखकीय र प्रकाशकीय नभएको । यस पुस्तकमा अत्यन्त सानो अक्षरको प्रयोग भएको छ । साथै चित्रको पूर्णतया अभाव र मुद्रण पनि अनाकर्षक छ । त्यसकारण पुस्तकले बालबालिकालाई आकर्षण गर्नसक्ने देखिन्न । वास्तवमा मुद्रण र साजसज्जाका दृष्टिले यसलाई बालपुस्तक भन्न सुहाउँदैन ।

## अमर तुम्याहाङ

### *१. मेरी सानी नानी*

प्रकाशक-शङ्कर राई र मुकुन्दप्रसाद अधिकारी; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५६ मङ्सिर, पृष्ठ-३४+१०=४४, मूल्य-रु.१०।-, संस्थागत-रु.३०।-; चित्र-सुमन सुब्बा ।

बीस बालकविता । शीर्षक-फूल हाँस्छ, म्याउँ-म्याउँ बिरालो, कोरी-कोरी काइँ, चङ्गा, रूख र वन, ज्ञानी बन्नुपर्छ, मेरी सानी नानी, काफल पाक्यो, इच्चुकी-निच्चुकी, चाकाचुली, काग दाइ, गुच्चा, आदे-पादे, कान कि मान, आच्छुको जाडो, पीङ, हजुर बा, सफलताको शिखर, भँगेरी यो चरी, देश स्वर्ग रानी । कविको पहिलो बालकवितासङ्ग्रह भए पनि कृति परिष्कृत छ । विषयका दृष्टिले विविधतापूर्ण कविता रहेका सङ्ग्रहका कविता एकातिर सरल छन् भने अर्कातिर बालशब्दको प्रयोगले बालरुचिअनुकूल हुन पुगेका छन् । सङ्ग्रहका केही कविता शिशुहरू र केही माथिल्ला उमेरसमूह गरी दुई उमेरसमूहका बालबालिकालाई ध्यानमा राखी लेखिएका छन् । केही बालकविता नेपाली समाजमा प्रचलित बाललोकगीतबाट प्रभावित देखिन्छ ।

## अस्मिता नेपाल

### *१. सानी-सानी नानी म !*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६३ असार, पृष्ठ-१९+१=२०, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ; सम्पादन-शान्तदास; भाषा-नेपाली र अङ्ग्रेजी; अङ्ग्रेजी नाम-I'm a little girl !

एउटा कविता । यस कवितामा बालभावनालाई प्रस्तुत गरिएको छ । कविता सरल छ । यो कविता सङ्ग्रहका रूपमा आउनुअघि **बालकोसेली**को अङ्क-१२ मा छापिएको थियो ।

## उज्वल जी.सी.

### *१. बाल लहरी*

प्रकाशक-उज्वल जी.सी.; मुद्रक-जनता प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४९ साउन, पृष्ठ-५२+१०=६२, मूल्य-रु.१०।-; चित्र-नभएको; आवरण-आर्टल्यान्ड ।

छब्बीस बालकविता । शीर्षक-जिन्दगीको शान, अर्ती, बकुला, मुसा, भाइबहिनी, दसैँ आयो, कमिला, कर्म, धर्तीको मोती, साथीभाइ मिलीजुली, यही धर्तीको माटोमा, सफाइ, सत्य कुरा, तिम्रो देश, नबिर्स है, ज्ञान लहर, उपदेश, सबका प्यारा, पाँच थुङ्गा, हितोपदेश, मेरो ज्ञानी भाइ, सानासाना भाइबहिनी, धेरै-धेरै पढ्नुपर्छ, पुतली, हाम्रो नेपाल, सिंह र खरायो । बालबालिकाका रुचिअनुकूलका विविध विषयमा लेखिएका बालकविताहरूको सङ्कलन भएको प्रस्तुत कृति लेखकको पहिलो बालकवितासङ्ग्रह हो । कवितामा विशेष गरी राष्ट्रियता र देशप्रेमका साथै मिहिनेती र लगनशील हुन उत्प्रेरित गर्ने भावलाई महत्त्व दिइएको छ । केही कवितामा भाव र विषयको पुनरावृत्ति देखिन्छ ।

## उन्नति बोहरा 'शीला'

### *१. काफल पाक्यो*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-२५+७=३२, मूल्य-रु.२५।-; चित्र/आवरण-ज्ञानेश्वर उदय ।

पच्चीस कविता । शीर्षक-उपकारी बन, अनुशासित बन, सत्यवादी बनौँ, हाम्रो झण्डा, हाम्रा साना हातहरूमा, भोलिका कर्णधार, काफल पाक्यो, जुनकिरी, सरस्वती वन्दना, हामी बालक, हाम्रा विभूतिहरू, मेरो देश, घडी, शनिबार, देउसी, पुस्तक, शान्तिको प्रतीक परेवा, हाम्रो जीवन, शिक्षा, फूल, दसैं, यही हो हाम्रो नेपाल, हाम्रो धर्म संस्कृति, सगरमाथा, बादल । कवयित्रीको पहिलो बालकवितासङ्ग्रहको रूपमा प्रकाशित यस सङ्ग्रहका कविताहरू सरल र विविध विषययुक्त छन् तर बालकवितामा हुनुपर्ने लय र सङ्गीतात्मकताको भने अभाव रहेको छ । कविता सन्देशमूलकभन्दा पनि उपदेशात्मक हुन पुगेको छ । सङ्ग्रहमा देशप्रेम, वीरता, प्रकृतिप्रेम, नैतिक शिक्षा, र चाडपर्व विषयक कविताहरू रहेका छन् ।

## उर्मिला लामिछाने

### *१. कविता कोशेली*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-उमेश अधिकारी; आवरण-ज्ञानेश्वर उदय ।

सत्र कविता । शीर्षक-मुरली, मने, चुलेसी, अनुरोध, पीपल, हाम्रा मोतीराम, हाम्रा आदिकवि, कविता कोसेली, लक्ष्मीप्रसाद देवकोटा, माछा, झोला, हजुरआमा, इतिहास, पढाएर हेर, मुसा, प्यारो मामाघर, आयो जाडो आयो । बालबालिकालाई मन पर्ने उनीहरूकै वरिपरिका प्रकृति, पशुपंक्षी र नरनारीसँग चिनारी गर्न र संवाद गर्न सिकाउने प्रयास यस सङ्ग्रहका बालकविता तथा गीतहरूले गरेका छन् । बालबालिकामा उत्पन्न हुने बालसुलभ जिज्ञासालाई ध्यानमा राखेर कविता लेख्ने लेखिकाको प्रयास देखिन्छ । कविताको भाषा सरल भए पनि शैली बालरुचिअनुकूल हुन सकेको छैन ।

### *२. चराको चिरबिर*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-उमेश अधिकारी; आवरण-ज्ञानेश्वर उदय ।

विभिन्न चराको रूपरङ्ग र बोलीबारे जानकारी दिने लामो कविता । विशेषतः कवितामा सुगा, कोइली, मैना, भद्राइ, चमेरा, हाँस, तित्रा, ढुरेकानो, हुचील, उल्लु/लाटोकोसेरो, कुखुरा, काँडेभ्याकुर, गौँथली, मयुर, डाँफे, परेवा, धनेश, बाज, गिद्ध, काग, भँगेरा, पेन्गुइन, बकुला, कऱ्याङकुरुङ, चिमे, जुरेली, रूपी, ढुकुर, काफलचरी, सुवीचरा, बाहुनचरी, काकाकुल, सुतुर्मुर्ग, हमिङबर्ड, सहदुल, चखेवाबारे जानकारी दिइएको । बालबालिकाहरू चरा मन पराउँछन् । बालबालिकाको यही रुचिलाई ध्यानमा राखेर कवयित्रीले विभिन्न चराबारे जानकारी दिने उद्देश्यले यो पुस्तकको रचना गरेकी हुन् । विषयका दृष्टिले उपयोगी भए पनि यस सङ्ग्रहको प्रस्तुति भने प्रभावकारी हुन सकेको छैन ।

## एडोन रोगोंग लेप्चा

### *१. नेपाली बालगीतमाला*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि; पहिलो संस्करण-२०४७, पृष्ठ-२०+४=२४, मूल्य-रु.१५।-; चित्र-अनुल्लिखित; दोस्रो

संस्करणमा प्रकाशकको नाम एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि र चित्रकार किशोर जोशी उल्लिखित ।

बीस बालगीत । शीर्षक-बिहान (घाम झुल्क्यो !), पुतली रानी, कोइली चरी (कोइली), रुन्ची पुतली (ए ! ए ! पुतली !), स्याल र किताब, भालु भाइ, मोटे भाइ, मेरो घोडा, कुकुरको सवारी (बाँदरको यात्रा), बिरालो (ढाडे बिरालो), भुरुङ घुमाऊ !, इन्द्रधनुष, मजुर (नाच न मजुर !), काग मामा, भोजन (बिरालोको जाल), सूर्य-उदय (सूर्य उदायो !), मुसा भान्जा, कुइरो (कुइरो-पानी), बुकुनेका बच्चा, हिँड्ने कि उड्ने (हिँड्ने र उड्ने) । यस बालकृतिमा रहेका बालगीतहरू छोटा छन् । चराचुरुङ्गी, पशुपंक्षी र प्रकृतिका विविध विषयबारे लेखिएका यी बालगीत भाषिक दृष्टिले सरस र सरल भएकाले यी बालगीतहरू बालबालिकाले सजिलै बुझ्छन् । यी बालकविताका माध्यमबाट बालबालिकाहरूले माया, प्रेम, स्नेह र सद्भावबारे ज्ञान पाउँछन् । यस सङ्ग्रहमा भएका बालकवितामध्ये केहीको दोस्रो संस्करणमा शीर्षक परिवर्तन गरिएको छ । परिवर्तित शीर्षक कोष्ठकभित्र दिइएको छ ।

## कर्कट काश्यप (सरोज घिमिरे)

### *१. चतुरे चमेली*

प्रकाशक-अनुल्लिखित; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३, पृष्ठ-२७+५=३२, मूल्य-रु.३०।-, संस्थागत-रु.१००।-, चित्र-प्रद्युम्न अधिकारी; आवरण-राज श्रेष्ठ ।

बालकविताकृति । यस कृतिमा गाउँखाने कथालाई प्रश्न-उत्तरको दोहोरी शैलीमा दुई पात्र चतुरे र चमेलीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## कपिलमणि ज्ञवाली

### *१. धान कुटी चामल*

प्रकाशक-एडुकेसनल पब्लिसिङ हाउस, काठमाडौँ; मुद्रक-मोडर्न प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ फागुन, पृष्ठ-४२+१०=५२, मूल्य-रु.५०।-; चित्र-राजन खड्का ।

बयालीस बालगीत । शीर्षक-धान कुटी चामल, गाई बाँबाँ करायो, फूलबारी, हाम्रा हजुरबुवाको..., आँगनीमा ढुकुर, खाऊँ हरियो तरकारी, खाँदिन म त चिया र कफी, तिम्रो घरमा के के छन् ?, यसपालिको दसैँमा..., नेपाल हो हाम्रो देश, मेचीमा छ मेरो घर, हुन्छन् बराबरी, एकमा एक एघार, गन्ती सिक्न आऊ, रहर

लाग्दो रहेछ, आज आइतबार हो, 'वैशाख, जेठ, असारमा...', चैत, वैशाख बसन्त, हाम्रो छाती छिया पऱ्यो, सपनाभित्र सिर्जना रोपौँ, आहा ! कति मज्जा !, आजका हामी कोपिला, मेरी सानी पुतली, कालोकालो बादलु, उनुनुनु माहुरीको..., एकजोडी गौँथली, आकाशका तारा, बाबा आउनुभयो, टेबुलघडी टिकटिक, हावा सरररर, बाबा ! मैले आकाशमा..., नाउँ मेरो सगरमाथा, नानीको बानी, बिहान उठी..., लौन आमा ! जाडो भयो, चङ्गा मेरो हरायो..., गोठमा माली गाई छ, माथिमाथि आकाशमा..., शुभकामना छ, नयाँ युग आयो, आकाशमा जून हाँस्यो, नाचूँनाचूँ लाग्यो ।

विभिन्न विषयवस्तुका यी बालगीतहरूले बालबालिकालाई थुप्रै विषयका बारेमा जानकारी गराउनुका साथै जीवनका लागि आवश्यक ज्ञान र सन्देश पनि दिन्छन् । विशेषतः स्वास्थ्य, गणित, विज्ञानसँग सम्बन्धित ज्ञान दिने प्रयास यी बालगीतहरूमा भएको देखिन्छ । पूर्वप्राथमिक तथा प्राथमिक तहका विद्यार्थीहरूका स्तरलाई ध्यानमा राखी तयार गरिएका यी बालगीतहरूमा सरल भाषाको प्रयोग भएको छ भने लयात्मकतामा पनि विचार पुऱ्याइएको छ । तर कतिपय बालगीतमा अन्त्यानुप्रास भने मिलेको देखिन्न ।

## कमल दीक्षित

### *१. छन्दका एक सय एक कविता (सम्पा.)*

प्रकाशक-रातो बङ्गला किताब, रातो बङ्गला स्कुल, पाटन, ललितपुर; मुद्रक-जगदम्बा प्रेस प्रालि, पाटनढोका; पहिलो संस्करण-२०५२ भदौ, पृष्ठ-९८+८=१०६, मूल्य-रु.८०।-; चित्र/आवरण-पुण्यशील गौतम ।

विभिन्न छन्दका एक सय एक कविताको सङ्कलन । भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, पारसमणि प्रधान, माधव घिमिरे, केदारमान व्यथित, धरणीधर कोइराला, महानन्द सापकोटा, सोमनाथ सिग्द्याल, भीमनिधि तिवारी, राममणि आ.दी., कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदीलगायतका छन्दोबद्ध कविताहरू । नेपाली भाषासाहित्यका सुरुदेखिका विशिष्ट र महत्त्वपूर्ण कविहरूद्वारा लेखिएका उत्कृष्ट छन्दोबद्ध कविताको महत्त्वपूर्ण सङ्कलनको रूपमा रहेको यस कृतिको मुख्य उद्देश्य बालबालिकालाई छन्दसम्बन्धी ज्ञान दिने र छन्दोबद्ध कविताप्रति प्रेम जगाउने रहेको छ । छन्द कविताप्रतिको रुचि र छन्द कविहरूको सङ्ख्या घटिरहेको स्थितिमा सानैदेखि नेपाली बालबालिकालाई यससम्बन्धी ज्ञान दिने

उद्देश्यका साथ निकालिएको यस कृतिको आफ्नै विशिष्ट महत्त्व छ।

## कमलप्रसाद घिमिरे

### *१. सिर्जना कुसुम पथ*

प्रकाशक-कमलप्रसाद घिमिरे; मुद्रक-?; पहिलो संस्करण-२०६२, पृष्ठ-?, मूल्य-रु.?; चित्र-? ।

**मदन पुरस्कार पुस्तकालय**मा २२५२४ नं.मा दर्ता भएको देखिए पनि पुस्तक प्राप्त नभएको ।

## कल्पना प्रधान

### *१. चीँ मुसी चीँ...*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-१५+१=१६, मूल्य-अनुल्लिखित; चित्र-के.कर्माचार्य ।

पन्ध्र कविता । शीर्षक-जयगान, माया छ पानीको, मेरी कुखुरी, ठूलो मान्छे बन्दछु, चरीको हवेली, काग दाइ, चीँ मुसी चीँ, घु घु रानी, चरी, आकाशको जून, सुगा चरी, मौरी, सानो बाबु आऊ, फूल, सविता । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहभित्रका केही कविता बाललोकगीतलाई केही परिमार्जनका साथ आधुनिक रूप दिई लेखिएका छन् भने केही सन्देशवाहक र केही पूर्ण मनोरञ्जनात्मक छन् । तर कतिपय कविता पूर्ण वर्णनात्मक, उपदेशात्मक र अस्वाभाविक हुनाले बालरुचिअनुकूल हुन सकेका छैनन् ।

### *२. नानीका साना कविता (भाग-१)*

प्रकाशक- वाणी प्रकाशन, विराटनगर; मुद्रक-साझा प्रेस सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५६ वैशाख, पृष्ठ-१४, मूल्य-रु.१५।-; चित्र संयोजक-गेहेन्द्र अमात्य; चित्र परिकल्पना-गङ्गा सुवेदी ।

दस बालकविता । शीर्षक-सानो बाबु, सानी जूनकिरी, सानो राजा, सानी मुना, सानी बहिनी, सानो सिरानी, सानो पुतली, सानो नानी, सानो किताब, मेरो देशलाई ।

साना नानीहरू राम्रा हुन्छन् । त्यस्तै साना कुराहरू पनि त्यत्तिकै राम्रा हुन्छन् । प्रस्तुत सङ्ग्रहका दस कवितामध्ये नौ वटा यस्तै साना-साना विषयमा

लेखिएका छन् । लेखिका भन्छिन्-"म साना नानीहरूलाई धेरै मन पराउँछु । यस्तै सानु घर मलाई मन पर्छ, सानु फूलबारी पनि, सानु बग्ने खोला-साना खोल्साखोल्सीले मेरा आँखा रमाउँछन् । **सानी नानीका कविता** (भाग-१) यही क्रमको प्रयास हो ।" (लेखकीय, *साना नानीहरूसँग)*

### ३. *पराक्रमी फर्सी*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-टाइम्स प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ माघ, पृष्ठ-१२+४=१६, मूल्य-रु.३०।-; चित्र-कमल योञ्जन ।

यो लोककथामा आधारित १६० पद्यांशमा लेखिएको बालगीतिकाव्य हो तर लेखकले यसलाई बालगीतिकथा भनेकी छन् । यो गीतिकाव्यको कथा यसअघि उनकै श्रीमान् परशु प्रधानले **रङ्गीचङ्गी फूलबारी**मा यसै शीर्षकमा प्रस्तुत गरिसकेको देखिन्छ । यसको कथा मनोरञ्जनपूर्ण र शिक्षाप्रद छ तर काव्यको कतिपय पद्यांशमा अनुप्रास नमिल्नु, लयमा एकरूपता नहुनुजस्ता कमीकमजोरी रहेका छन् । काव्यको पछिल्लो अंश स्पष्ट छैन । पद्यांश नं. १३२ मा ससुरालाई साथ दियो भनिएको छ भने पद्यांश नं. १४७ र १४८ मा ससुराकै देश जितेको भन्ने उल्लेख छ ।

### ४. *मेरो सानो खरायो*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-प्रज्ञा छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-४५+९=५४, मूल्य-रु.७१।-; चित्र/आवरण-गेहेन्द्रमान अमात्य ।

उनन्चालीस बालगीत । शीर्षक-मेरो सानो खरायो, ए आमा मलाई आउ भन्छ, टपटप टोपी टप्पै राना, 'काग, काग बोलन', सानी मेरी पुतली, हाम्री आमा, यी फूल मेरा, झिरिमिटी झिँजाले, देवीजस्तै भए, प्यारा नानी, कति राम्रो मेरो घर, ताराबाजी लै लै, पानी पर पर, बसुन्धरा बहिनी, म हुँ कलिली, बो बो बाँ, आछु आछु जाडो भयो, मेरो प्यारो साथी यो, मेरो चरी नाच्यो, च्वाई पापा चिरिरी, ढुकुढुकु ढुकुढुकु कसको हात ?, पानी पऱ्यो सरर, दगुर कुहिरा दगुर, दुई बालगीत, बोलबोल सबैले, कविता लेख्न के सक्छु ?, मेरो मन, मुटु राख्ने ठामै छैन, म त आमा हुन्न, कुखुरी काँ, फोहोर, शक्ति छैन मेरो, मेरो कुकुर, तामे ढुकुर, मेरो सपना, भोलाको सुगा, फूल र रानी, सिरानी र म, हराएको खरायो ।

यस सङ्ग्रहका धेरैजसो रचनामा कवयित्रीले नेपाली लोकजीवनमा प्रचलित केही बालगीतलाई मौलिक स्वरूपमा ढालेर प्रस्तुत गर्ने प्रयास गरेकी छिन् । बालरुचिअनुकूलका विविध बाल-विषयमा लेखिएका यी बालगीत सरल र सरस भएकाले बालबालिकाले सजिलैसित बुझ्छन् ।

## **काजीमान कन्दङ्वा** र **विपिनदेव ढुङ्गेल**

### ***१. नानीका गीत***

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०३६, पृष्ठ-८०+१६=९६, मूल्य-रु.४।५०; चित्र-टेकवीर मुखिया ।

सतहत्तर बाललोकगीत । शीर्षकहरू-अम्मलडम्मल, कठैबरी, बेठी, अल्छी लाग्यो, असारको पन्ध्र, काफल गेडी, बाह्रै मास, सगरसम्म, धामी, उपरखुट्टी, गए तेरा दिन, ठाकठुक, काकाकुल, डुमराई, तयार भयो भान्सा, ए लहरे, ऐया आमै, आमाबाबु थिएनन्, कठै ! चरी चाँचरी, काफल पाक्यो, नक्कलीले, किरिमिटि, बनभात, के कसरी कराउँछ, भालेपोथीका कुरा, कुखुरी काँ, खर्ल्याङखुट्टी, मेरी आमा राम्री, कान समाएँ बाबू, थाप्लामा हिर्का, गोठे लौरी, धाङ गुजी, घाम पानी, चकचके नानी, चीं मूसी चीं, निगुर मुसी, जब पुग्यो, नरिसाउ, जाडो भयो, झ्यामपाले, मानसिंह, ढुकुमुकु आदि । १९१ बालखेलको नाम पनि प्रस्तुत ।

अन्तर्राष्ट्रिय बालवर्ष १९७५ को अवसर पारेर नेपाली समाजमा प्रचलित बाललोकगीतहरूको महत्त्वपूर्ण सङ्कलनको रूपमा प्रस्तुत कृति प्रकाशित भएको हो । यो कृति यस प्रकारको पहिलो कृति पनि हो । विशेष गरी पूर्वी नेपालका बालबालिकाको ओठओठमा झुण्डिने यी बाललोकगीतले नेपाली लोकसाहित्यको विशिष्टतालाई पनि देखाउँछ । सञ्चारको आधुनिक साधनसम्मको पहुँच र विश्वव्यापीकरणका कारणले हराउँदै जानलागेका यी बौद्धिक सम्पदाको जगेर्नामा यो कृतिलाई उल्लेखनीय मान्न सकिन्छ ।

## **काशीराज सुवेदी**

### ***१. ताराबाजी लै लै***

प्रकाशक-प्राथमिक सामग्री एकाई, भक्तपुर; मुद्रक-अफिस सपोर्ट सर्भिस सेन्टर प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४३, पृष्ठ-१६, मूल्य-अनुल्लिखित; चित्र-के.कर्माचार्य; आवरण-नवीन्द्र राजभण्डारी ।

आठ कविता । शीर्षक-गणेशको प्रार्थना, ताराबाजी लै लै, कुखुरी काँ, मने हाम्रो साथी, म्याउँ-म्याउँ, कति राम्री पुतली, राम्रो बानी, नेपालका राजारानी । केही कविता अन्य लेखकका र केही लोकबालकविता समावेश । संयोजन भनिएको । बालबालिकाहरू लय र छन्द रुचाउँछन् । यो पुस्तक बालबालिकाको त्यही रुचिलाई ध्यानमा राखेर तयार गरेको देखिन्छ । आफ्नै घर वरिपरिका पशुपंक्षी र कीटपतङ्गलाई कवितामा विषय बनाइएका छन् । सङ्गृहीत बालकवितामध्ये *कति राम्री पुतली* कविवर माधव घिमिरेद्वारा रचित बालकविता हो भने केही बाललोककविता हुन् । सङ्ग्रहका कवितामध्ये एउटा ईश्वरस्तुति छ भने अर्को एउटा राजारानीका बारे लेखिएको छ ।

### २. *सफाइगीत*

प्रकाशक-पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र, प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-प्रिन्टिङ एक्सप्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५, पृष्ठ-१८+६=२४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

सरसफाइबारे जानकारी दिने दस बालगीत । शीर्षक-नाक, मुख, दाँत, आँखा, हात, नङ, जीऊ, लुगा, कपाल, झीङ्गा । लेखकीय र प्रकाशकीय नभएको । बालबालिकालाई सरसफाइप्रति जानकारी दिई स्वस्थ नागरिक उत्पादन गर्ने उद्देश्यले तयार गरिएको यो पुस्तक पाठ्यक्रमलाई समेत सहयोग पुऱ्याउने किसिमको छ ।

## कुलमणि देवकोटा

### १. *पुतलीको फूल*

प्रकाशक-हिमालय विद्यामन्दिर, काठमाडौँ; मुद्रक-चामुन्द्रा प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०२५, पृष्ठ-३८+८=४६, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

उन्नाइस बालकविता । शीर्षक-एउटा केटो अल्छी, फर्सी बज्यै ढ्याम्सी, घोडा थियो पानीदार, 'जुँघे मामा, जुँघे मामा', दही किन्ने पैसा छैन, हरे शिव चरी, घडी घडी, आज बल्ल धरापमा पऱ्यो, लेकबाट बेंसी झर्ने मोटर, बत्ती बल्यो रातो, 'एउटा माछा देऊन, माझी', 'मुख धोई, झोला लिई', भुँडे पऱ्यो साथी, म त सानी काँकरी हुँ, रात पऱ्यो है, जुँघे गुरु उँघ्न लागे, सबै नाक खुम्च्याई, सबै कीरा तीर्थ जाने, बारी गइथी च्यान्टी ।

बालरुचिअनुकूलका विविध विषयमा लेखिएका प्रस्तुत बालकविताकृति अत्यन्त मनोरञ्जनपूर्ण र रोचक रहेको छ । मौलिक बालकवितालेखनका दृष्टिले देवकोटाको यो कृतिलाई महत्त्वपूर्ण मान्नुपर्छ । बाल एवम् सरल भाषाको प्रयोग, लयात्मकता, विषय र प्रस्तुतिको नवीनता यस कृतिका विशेषता हुन् । उनका बालकविताहरू हास्यप्रधान छन् । यस पुस्तकमा पृष्ठ सङ्ख्या एकातिर मात्र छापिएकोले १९ मात्र उल्लेख छ, एकातिर चित्र टाँस्नका लागि खाली ठाउँ छाडिएको छ ।

## कुलमान सिंह

### *१. मेरी सानी साथी*

प्रकाशक-प्राथमिक शिक्षा परियोजनाका लागि प्राथमिक सामग्री एकाइ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-१५+१=१६, मूल्य-अनुल्लिखित; चित्र-कुलमान सिंह; तेस्रो संस्करणमा लेखकको नाम श्यामप्रसाद भनी उल्लिखित ।

पन्ध्र बालकविता । शीर्षक-'चाँडै सुत्ने, चाँडै उठ्ने', देशकै प्यारो हुन्छ, मेरो प्यारो साथी ऊ, हाम्री आमा, सानी मेरी साथी, खेल्ने ठाउँ राम्रो, मेरो आफ्नै कुरो, साथीलाई चिट्ठी, विद्या-बुद्धि चाहिने भए, हामी धेरै पढ्ने गर्छौं, पाइलैपिच्छे जहिले पनि..., जीवितले सास फेर्छन्, भाषा चाँडो सिक्नलाई, काम गर्न रुचाउँछौं, सबले छाड्नै पर्छ । बालबालिकालाई मिहिनेती, चरित्रवान र सिर्जनशील बनाउने उद्देश्यले यी गीतहरू रचिएका हुन् । बालबालिकालाई रमाइलो लाग्ने लय र छन्दमा लेखिएका यी बालगीतहरू लेखिरहेका विषयभन्दा छुट्टै विषयमा केन्द्रित भएको कविताका शीर्षकले नै बताउँछन् । यो पुस्तकको तेस्रो संस्करण भने अघिल्ला संस्करणभन्दा फरक देखिन्छ । २०५७ सालमा प्रकाशित यस संस्करणमा लेखक र प्रकाशक दुवैको नाम परिवर्तन भएको छ (हेर्नुहोस् परिशिष्ट ३) ।

## कृष्णप्रसाद दुवाल

### *१. मेरो गाउँघर*

प्रकाशक-पूर्ण बुक स्टल, काठमाडौँ; मुद्रक-सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौँ; पहिलो संस्करण-२०२५ वैशाख, पृष्ठ-३८+६=४४, मूल्य-रु.१।७५; चित्र-श्यामलाल श्रेष्ठ ।

बाइस बालकविता । शीर्षक-आकाशको कालो बादल, काग, बसन्ती मैयाँ,

दाल भात दाल, घण्टी बज्यो, हाम्रो स्कुल घर, मास्टर बन्छु, मेरो फूलबारी, जाडोको बिहान, आकाशकी रानी, घर : भित्र-बाहिर, ए नभ-तारा, मुसो भगायो, पंचायत, मेरो सानो घर, गाउँ फर्क, माग्ने केटी र दयालु, मेरो गाउँघर, खोला, हावा, खेल, मेरो देश । कवि दुवालको पहिलो बालकवितासङ्ग्रह **मेरो गाउँघर**का कवितामा विषयका दृष्टिले धेरै कुरा अटाउने प्रयास भएको छ । बिशेष गरी घर, विद्यालय र प्रकृतिसँग सम्बन्धित यी कविताका माध्यमबाट कविले केटाकेटीलाई विविध विषयमा जानकारी दिने कोसिस गरेका छन् । कविता प्रस्तुतिका दृष्टिले प्रभावपूर्ण हुन सकेको छैन ।

## *२. कमिलाको ताँती*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि; पहिलो संस्करण-२०४८, पृष्ठ-४८, मूल्य-रु.१८।-; चित्र-अनुल्लिखित ।

त्रिचालीस बालकविता । शीर्षक-आकाशका ताराहरू, कमिलाको ताँती, म हुँ खोला, हाँसी हाँसी प्राण दिने, बिरालोको स्वर, एसियाको ज्योति, टिकटिक गर्ने, गयो अँध्यारो, आकाशको बादल, सुन चाँदी भैँ, कोयली र कवि, हाम्रो स्कुल घर, जूनकिरी, का का गर्दै, मेरी सानी पुतली, फूलबारी, टोमी हरायो, आकाशकी रानी, फल फल्छ फल्छ, कालो बादल, आमा सम्झी रुन्छु, मेरो घर, गोलो बल, नबुझेको कुरो, सानो भँगेरी, रामेको जुँगा, बामपुड्के जस्तो, मानिसको काम, घरको बगैँचा, भाइ रमायो, सिरी सिरी हावा, हरहर गर्दै नाच्ने, झुकेर तर्साउने, कोठाभरि धूलैधूलो, पशु किन बन्ने, सुन्दर फूलबारी, पानी झार, छाता ओडी जानु, श्याम् चढ्छ हात्ती, घामराजा, भोलि फुल्ने फूल, मानिसका बस्तीतिर, कर्तब्य । विविध विषयमा लेखिएका सङ्ग्रहका बालकविताहरूले बालबालिकालाई प्रकृतिका विविध पक्ष, गाउँघरका स्वरूप र व्यक्तिका रङ्गरूपका विषयका अतिरिक्त व्यावहारिक कुराहरूका बारेमा पनि जानकारी दिन्छन् । भाषा सरल भए पनि सहज र प्रवाहपूर्ण भने हुनसकेको छैन ।

## *३. बालवाटिका*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-४०, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

छब्बीस बालकविता । शीर्षक-खोला, चरी, टेलिफोन, चङ्गा, बत्ती, मैना, गुरुजी आउनुभो, बिरालो, धारा पानी झार, झलमल बिहान, जोक्कर, चटक,

पाठो, होली, छाता, आमा, फूलबारी, अङ्ग के का लागि ?, घोडा, बादल, जेब्राक्रसिङ, बाँदर, वर्षा, सुजीकार, हाँस, फिरी फिरी पुतली, चनाखो काग, हात्ती, जुत्ता, भ्यागुतो, हावा, कुमालेको चक्र, मुसाको यात्रा, मेरी पुतली, खोरभित्रको शेर । बालरुचिका विषयसँग सम्बन्धित यस सङ्ग्रहका कविताहरू रमाइला र ज्ञानप्रद छन् । यी बालकविताहरूले बालबालिकाका जिज्ञासालाई शान्त मात्र पार्दैनन्, मनोरञ्जन पनि दिन्छन् । अघिल्ला बालकवितासङ्ग्रहका तुलनामा यस सङ्ग्रहका बालकविता परिस्कृत छन् ।

## ४. *मुसाहरूको खेल*

प्रकाशक-मितेरी छात्रवृत्ति कोष, बनेपा; मुद्रक-मल्ल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५२, पृष्ठ-३०+६=३६, मूल्य रु.२०।-; चित्र-निर्मल राई र सरिन बादे श्रेष्ठ ।

पच्चीस बालकविता । शीर्षक-मुसाहरूको खेल, कन्टेनर, चटक, आँखा, बटुवा, हजुरबा आए, बाबु कहाँ गएछ, मुसोको चमत्कार, म हुँ छोरी, हाँस, बिरालो, सँधै यस्तै गर्छु, चौध अञ्चलभित्र पर्छ नेपाल र नेपाली, पुतली, सानो नानी, घाम लाग्यो, भाइतिहार, काठमाडौँ बजार, गौँथलीले घर बनाए, यस्तालाई राक्षस भन्छन्, भेडा, धूलो बढारौं, होली आयो होली, समयको गति र असारको नाच । दुवालको चौथो बालकवितासङ्ग्रहका रूपमा प्रकाशित **मुसाहरूको खेलमा** पाँच-सात वर्षका बालबालिकालाई सुहाउने खालका कविताहरू छन् । बालबालिकाले नै देखेसुनेका विषयवस्तुलाई टिपेर तयार गरिएका सङ्ग्रहका बालकविताहरू सरल, जानकारीमूलक र लयात्मक छन् ।

## ५. *खोरभित्रको शेर*

प्रकाशक-दीपक घिमिरे; मुद्रक-बागबजार छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५६ असोज, पृष्ठ-६८, मूल्य-रु.३०।-; चित्र-सुरेन श्रेष्ठ ।

छब्बीस बालकविता । शीर्षक-खोरभित्रको शेर, घोडा, अघि पुग्ने राजा, चिडियाघर, बहादुरी छाँटी, कर्फ्यू, जोक्कर, मुसाको सहरयात्रा, गधा र भँगेरो, मुसो, हरि स्कुल गयो, पुतली, वर्षा, असार, मैनबत्ती, साथी, दूध बेच्ने केटी, गुरुजी आए, मेरो सानो पपी, परेवा, घर, रूख, सूर्य, मोटर, पानी, बाँदरको बिहे । बालमनोविज्ञानलाई ध्यानमा राखी लेखिएका यस सङ्ग्रहका बालकविताहरूलाई लेखकले लयात्मक बनाउने प्रयास गरेका छन् । विषय र भाषा बालबालिकाअनुकूल

भए पनि शैलीगत रूपमा भने प्रभावकारी हुन सकेको देखिन्न । यसभित्रका कवितामध्ये *खोरभित्रको शेर* र *जोक्कर* **बालवाटिका**मा पहिले नै प्रकाशित भइसकेका हुन् ।

### ६. *बामपुड्के*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

सत्ताइस बालकविता । शीर्षक-बामपुड्के, नेपाल मेरो देश हो, पिँजडाको सुगा, पहाडको देश हो यो, गाई, बत्ती, कमिला, आकाशमा झल्मल, बिरालो करायो, सुजीकार, यौटा पाठो उफ्रिरहेछ, मेरो सानो कुकुर, म हुँ छोरो/छोरी, 'धूवाँ, धूवाँ', बिरालो भाग्यो, काम गर्ने ठूलो, बाबु रोयो, इन्द्रेनी, हल्कारा, फूलबारी मेरो साथी, कुखुराको चल्ला, पानी पर्ने छाँट छ, अहा ! मेरो चङ्गा उडेछ, घाम राजा प्यारो भयो, मेरो घर, मेरी आमा, लाम्खुट्टे । प्रकृतिका विविध रूप र रङ्ग, हाम्रा वरिपरिका पशुपंक्षी र कीटपतङ्ग नै यस बालकवितासङ्ग्रहका कविताका विषय हुन् । केही कवितामा राष्ट्रिय भावना पनि अभिव्यक्त भएको छ । भाषाशैली सरल छ ।

### ७. *मुसाहरूको सहरयात्रा*

प्रकाशक-मैत्रीय सन्देश; मुद्रक-बान्की प्रेस, काठमाडौँ; पहिलो संस्करण-असोज २०६२, पृष्ठ-२९+७=३६, मूल्य रु.३०।-; चित्र-भिक्षु सुशोभन ।

छब्बीस कविता । शीर्षक-मुसाको सहरयात्रा, भेडा, कन्टेनर, अति वर्षा, मेरो सानो कुकुर, बाँदर, कमिला, मेरी सानी पुतली, हात्ती, चंगा फट्फट्, दूध बेच्ने केटी र एक जना केटा, भँगेरी, मुसा, असार, जोक्कर, रूख, घोडा, हल्करा, सूर्य, मेरो प्यारो देश नेपाल, काग करायो, पानी पर्ने छाँट छ, पुतली, बिहान, परेवा र घडी । यो सङ्ग्रह लेखकले आफ्नै नेवारी बालकवितासङ्ग्रह **चखुंचिया तेलकासा**भित्रका कविता अनुवाद गरी त्यसमा केही कविता थपेर प्रकाशित गरेका हुन् । *मुसाको सहरयात्रा, दूध बेच्ने केटी र एक जना केटा, असार, रूख, घोडा, सूर्य, पुतली* र *परेवा* **खोरभित्रको शेर**मा, *मेरो सानो कुकुर, कमिला* र *हल्कारा* **बामपुड्के**मा तथा *बाँदर, हात्ती* र *जोक्कर* **बालवाटिका**मा पहिले नै प्रकाशित भइसकेकाले यसभित्र नयाँ कविताको सङ्ख्या १२ मात्र छ । लेखकको

सातौँ बालकवितासङ्ग्रहको रूपमा प्रकाशित यस सङ्ग्रहका नयाँ कविता पनि पूर्ववर्ती कृतिझैँ छन् ।

## कृष्णप्रसाद पराजुली

### *१. रमाइलो नानी (भाग-१)*

प्रकाशक-सहयोगी प्रकाशन, काठमाडौँ; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२२, पृष्ठ-४०+६=४६, मूल्य-अनुल्लिखित; चित्र-भोटू प्रधान ।

छत्तीस कविता । शीर्षक-चाम मुठी नानी, ताराबाजी लै लै, बबो बाँ, आइज चरी, चीँ मुसी चीँ, हरे मुरारे, घुगुती, औँला के भन्छन् ?, हरहर महादेउ, घामपानी, कुन हातमा ?, नाचन नानी नाचन, बादल बैनी-घाम दिदी, काका कौवा, दगुर् दगुर्, मेरो मनी, गोठे लौरी, जाडो भयो जडेनी, कैले पानी कैले घाम, एक दुइ तीन, सानी नानी पुतली, साँझमा, कुटुनी बूढी, देख्नाकी रानी, आलेको घर, हाम्रो घरको मुसा, केरा र अम्बा, पुतली, तामा टुसा, जून र तारा, घाम लागे, बाह्र महिना, नानी, माछो माछो भ्यागुतो, मैना, को छिटो ? । नेपाली बालबालिकाबीच अत्यन्त लोकप्रिय रहेको यस सङ्ग्रहका बालकविताहरू लोकसाहित्यमा आधारित भए पनि त्यसमा लेखकले प्रशस्त मौलिकता थपेका छन् । धेरैजसो बालकविताहरू बालबालिकालाई खेल्नका लागि प्रयोग हुने खालका छन् । खेल्दाखेल्दै हाम्रा वरिपरिका विषयमा जानकारी गराउन यी बालकविता अत्यन्त उपयोगी देखिन्छन् । बालभाषा, बालबोली, अनुकरणात्मक शब्दको प्रयोग, झर्रा शब्द पराजुलीका बालकविताका विशेषता हुन् ।

### *२. रमाइलो नानी (भाग-२)*

प्रकाशक-सहयोगी प्रकाशन, काठमाडौँ; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२२, पृष्ठ-४८+६=५४, मूल्य-अनुल्लिखित; चित्र-भोटू प्रधान ।

बत्तीस बालकविता । शीर्षक-हाम्रो नेपाल, बत्ती, गाईले धान खायो, वरिपरि मौरी, सुन सुन मेरा, बस बस रे, राम्रा कुरा, कुखुरी काँ, आँपको बोटमुनि, ऐया आमा, हरबर तोरी, यति नाना फाटचो, परेवा, सानु छ है सानु, धर्ती आमै, म, चच है, ए काली, गाउँखाने कुरा, गाई भन्नु तारी, चकचके गोरु, सवाई, मकै पाक्यो ?,आँखा, टपटप टोपी, जूनकीरीसित, धानको बाला, दाइँगीत, इन्द्रेनी, पटपट रेखी, बाह्रमासे गीत, आज रातिको सपना । **रमाइलो नानी**को दोस्रो

भाग पनि पहिलो भागझैँ अत्यन्त मनोहर बालकविताको सङ्ग्रह हो । यसमा पनि विशेषतः प्रकृतिसँग सम्बन्धित बालकविताहरू छन् । केही कविताले हाम्रो सामाजिक लोकजीवनलाई पनि विषय बनाएको पाइन्छ । बालबालिकाको मन छुने किसिमको भाषा र शैली यसका विशेषता हुन् । लेखकीयमा कवि पराजुलीले भनेका पनि छन्-"...हरेक बालबालिका कवि र कवयित्री पनि हुन् । उनीहरूको हृदयलाई छोएर हामीले केही लेख्न सक्यौँ भने त्यो शाश्वत कविता हुन्छ । यस्तै बालबालिकाका विभिन्न तह र विषयवस्तुलाई लिएर कविताहरूको प्रणयन-संयोजन गरी यो सङ्कलन प्रस्तुत गरेको हुँ ।"

### *३. रमाइलो नानी (भाग-३)*

प्रकाशक-सौजन्य प्रकाशन, काठमाडौँ; मुद्रक-माडर्न दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२५ (सहयोगी प्रकाशन); एघारौं संशोधित संस्करण-२०५२, पृष्ठ-६४, मूल्य-रु.४५।-; चित्र-अनुल्लिखित ।

तेत्तीस कविता । शीर्षक-जय जय नेपाल, ढुकुरकुर, आज पानी पर्छ रे, चचली मैयाँ, फूलका गीत, ढुकुमुकु, घाम झुल्क्यो, डाँफे उड्यो, आमासित, हाम्रो घर, नानीको गीत, असार, लल्लोरी, बर्सात, चन्द्रमा हाँसे, वन-चरी, रमाइलो साँझ, लामो लामो रात, धिन्तिङ मादल, मायालु नानी, भैलो, गाउँघर, हटहट घोडा, कुरा सुन्नू बूढाको, म सानु बालक, उड्कुसी मुड्कुसी, नयाँ जीवन, बाबा र नानी, झिलिमिली, गुराँस, चमचम खुकुरी, मृग, देशको डुँगिया । बालसंसारभित्रका अनेकन् विषयवस्तुलाई कवितात्मकता दिइएको यस सङ्ग्रहका बालकविता पनि उत्कृष्ट छन् । लोकलय र सङ्गीतात्मकताका कारण बालबालिकाबीच चाँडै लोकप्रिय हुने क्षमताका यी बालकविताहरूमा प्रकृति, संस्कृति, राष्ट्रियता, सामाजिक जीवन प्रतिविम्बित भएका छन् ।

### *४. जूनतारा*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४४, पृष्ठ-३०+२=३२, मूल्य-अनुल्लिखित; चित्र-रत्नबहादुर बज्राचार्य; पछिल्लो संस्करण एकता प्रकाशनबाट प्रकाशित ।

बालकाव्य । प्रकाशकीय र लेखकीय दुवै नभएको । यस काव्यमा प्रकृतिका दुई विम्ब जून र ताराका माध्यमबाट लेखकले स्वार्थमा परेर अरूलाई हानि

पुऱ्याउन खोज्दा त्यसको दुष्परिणाम स्वयम्ले भोग्नुपर्छ भन्ने सत्यलाई स्पष्ट पारेका छन् । समाजमा प्रचलित लोकआख्यानलाई विषयवस्तु बनाई लोकलयमा प्रस्तुत गरिए पनि प्रस्तुत गीतिकाव्यमा कथानक र काव्यात्मकताको उचित समन्वय पाइन्छ । लयात्मकता, अन्त्यानुप्रास र अनुकरणात्मक शब्दहरूले काव्यलाई अझ श्रुतिमधुर र आकर्षक बनाएको छ ।

## ५. *चरी आयो*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-जौहरी प्रिन्टर्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४७, पृष्ठ-४०, मूल्य-रु.१०।-; चित्र-तुलसी अर्याल ।

विभिन्न चरालाई विषय बनाई लेखिएका चौध कविता । शीर्षक-चरी आयो, मकमक घुर, काका कौवा, ढुकु गर्न थाल्यो, चिरबिर, सानु चरी चाँचरी, अहा ! मुजुर, मैनाचरी, काफल पाक्यो, कोइली भन्छ-को हो ?, नाच्यो जुरेली, सुगा मागी खाँदैन, चरी बास्यो, डाँफेचरी । विभिन्न चराको रूपरङ्ग, गुण र विशेषतालाई विषयवस्तु बनाई लेखिएका प्रस्तुत सङ्ग्रहका बालकविता विषय र शैलीका दृष्टिले मात्र नभई भाषा, लय र मनोरञ्जनका दृष्टिले पनि उत्कृष्ट रहेका छन् । यी बालकविताहरूले बालबालिकालाई चराहरूका बारेमा थुप्रै जानकारी दिन्छन् ।

## ६. *तारामण्डल*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६४, पृष्ठ-४०, मूल्य-रु.४५।-; चित्र-युवक श्रेष्ठ ।

छब्बीस बालकविता । शीर्षक-हाम्री आमा, हात्ती, असार, जून झुल्की आयो, हाम्रा बालतारा, बादल, अब चिनें, आज हाम्रो छुट्टी, देश हाम्रो नेपाल, म्याँम्याँम्याँ, पुल छैन के गर्नु !, फल खाँदा बल बढ्छ, चरी, हाम्रो मामाघर, आयो माली गाई, काँक्राफर्सी रोप, कुकुर किन भुक्छ ?, कुरा होइन काम, चरीका छुनुमुनु आँखा, बाटो काटौँ, अहा ! ताराबाजी, दसैँ आयो, तिहारको भैलो, ठूली वनमा, घण्टाघर, एक दानु स्याउ । सङ्ग्रहमा देशप्रेम, मातृमहिमा, जीवजन्तु, फलफूल, चाडपर्वलगायतका विषयमा लेखिएका बालकविताहरू सङ्गृहीत छन् । यी कविताहरूले बालबालिकालाई विषयगत जानकारी दिनुका अतिरिक्त जीवनोपयोगी महत्त्वपूर्ण सन्देशहरू पनि दिएका छन् । विविध छन्द र लयमा लेखिएका यी बालकविताहरूले मनोरञ्जनका माध्यमबाट बालबालिकालाई

सिर्जनशील हुन उत्प्रेरित गर्छन् । केही कविताले देशको वस्तुस्थितिको पनि चित्रण गरेको छ ।

### *७. नातिनातिना*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६४, पृष्ठ-४८, मूल्य-रु.६५।-; चित्र-उमेशचन्द्र अधिकारी ।

सत्ताइस बालकविता । शीर्षक-आफ्नै जीवन, उः मुसा, सानी त बसिन् काखैमा, घिन्तिङ मादलु, घोडेजात्रा, लौन डाक्टर बा !, नानीको अन्नप्राशन, 'बोलाइदेउ, डोलाइदेऊ', भाइसँग दिदी, अनुशा र प्रभूषा, बूढा बालक, असार आएछ, बाबानानीसँग, झिलिमिली झिल्ला है, उहाँ-उहाँ, जाऊँ वनैमा, फूलजस्तै फुली, दसैँ आइजा, हजुरआमा बोलाउँछिन्, आज सबै आउँछन्, हाम्रा नातिनातिना, हाम्रो घर, नाम मेरो सुगत, आयो फेरि तिहार, असल मान्छे बने पुग्छ, नेपाल-नेपाली, मेरा साथी हौ । विभिन्न छन्द र लोकलय शैलीमा लेखिएका सङ्ग्रहका बालकविताहरूमा सरल र सरस शब्दहरूको साथै अनुकरणात्मक र बालबोलीका शब्दहरू पनि प्रयोग भएका छन् । अधिकांश बालकविताहरू बालबालिकाका विविध गतिविधि र क्रियाकलापहरूमा आधारित छन् । कविताले राष्ट्रप्रेम र संस्कृतिप्रेमलाई पनि विषय बनाएको छ । कविताहरू रोचक, रमाइला र शिक्षाप्रद पनि छन् ।

## कृष्णप्रसाद बस्याल

### *१. अभिशप्त सडकको मौन आवाज*

प्रकाशक-मध्यपश्चिमाञ्चल साहित्य संस्कृति कला प्रतिष्ठान, नेपालगञ्ज; मुद्रक-जय बागेश्वरी अफसेट प्रेस, नेपालगञ्ज; पहिलो संस्करण-२०५६ असोज, पृष्ठ-११८+१६=१३४, मूल्य-रु.४०।-; आवरण-उत्तम खरेल ।

चार खण्डमा विभाजित प्रस्तुत कवितासङ्ग्रहको खण्ड (घ) बालकविता खण्ड । दस कविता । शीर्षक-दसैँ आयो, तिहार, आज हामी बालक छौँ, हाम्री हजुरआमा, तीज, बालसन्देश, प्रहरी दाइ, युवकसँग, मेरो जे भी टी, अधिकार र उपकार । पृष्ठ १०९ देखि ११८ सम्म बालकविता । कविताहरू नेपाली धार्मिक एवम् सांस्कृतिक महत्त्वका चाडका साथै बालसंसारका अन्य कुराहरूसँग सम्बन्धित छन् । कविताहरू सामान्य छन् ।

## कृष्ण सुवेदी 'निराकार'

### *१. सानो छँदा*

प्रकाशक-ध्रुव सुवेदी, झापा; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६१ असार, पृष्ठ-२४+८=३२, मूल्य-रु.२५।-, संस्थागत-रु.५०।-; चित्र-नभएको ।

सोह्र कविता । शीर्षक-सानो छँदा, ए साना भाइ-बैनी, मेरो देश नेपाल, कसले के-के गरे ?, किसानको काम, छोरी, धन्य नेपाल आमा, बोल बोल सानासानी, उपदेश, आमा-आज्ञा, बालक तिमी, कलम, मेरो सानो भाइ, हामी नेपाली हाम्रो नेपाल, भोलिका हे कर्णधार !, भित्तेपात्रो । प्रायःजसो कविताहरू केटाकेटीको बालपन र राष्ट्रको जयगानमा केन्द्रित छन् । साथै कवितामा अन्य बालोपयोगी राम्रा कुराहरू प्रस्तुत भएका छन् । यी बालकविताहरूले बालबालिकालाई पढ्न, श्रम गर्ने बानी बसाल्न, देशलाई माया गर्न र सरसफाइमा ध्यान दिन उत्प्रेरित गर्छन् ।

## केशव ढकाल

### *१. घामपानी*

प्रकाशक-केशव ढकाल; मुद्रक-चौतारी छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३०+४=३४, मूल्य-रु.१५।-; चित्र-नभएको ।

तीस गीतिकविता । शीर्षक-रम्दै आऊ भाइ बैनी, कति राम्री नानी, छट्टू स्याल करायो, घामपानी, दालभात खाँदाखाँदै, छट्टू थियो बिरालो, धुरूधुरू रोएँ, मितिनी पो लाउने हो कि ?, खेल्न गयौं हामी, फोहोरमा नखेल्नु नि, हिलो छेपे हामीलाई, मेरी ज्ञानी छोरी, जुनेली, बाबु नानी, मेला हेर्न गएकी, स्वर्गजस्तो मेरो नेपाल, बादलुले आकाश छोप्यो, मालतीको मधुकर झैं, जाडो धेरै भयो, दशैं आयो ! दशैं आयो !, ओहो ! ओहो ! कति लामो, सानी सानी चरी, सानो बाबु तन्नेरी भो, रस चुस्छे पुतली, घुम्न जाँदा साथीभाइ, ढुकुर चरी, कोहिली सोध्यो को हो ?, मेरी आमा, चारैतिर अँध्यारो भो, चिडियाखाना गयौं । बालसंसारभित्रका विविध विषयमा लेखिएका सङ्ग्रहका गीति-बालकविताहरूले बालबालिकालाई शिक्षा र सन्देश दिने प्रयास गरेका छन् । यी कविताले मनोरञ्जन पनि दिन्छन् । तर विशेषतः वर्णनको आधिक्य र लयात्मकताको कमीका कारण प्रभावकारी भने हुन सकेका छैनन् ।

## खिरोदा खड्का (श्रीमती)

### *१. बालबाटिका*

प्रकाशक-ललिता स्मृति प्रकाशन, सिंहमारी, दार्जीलिङ, भारत; मुद्रक-केसिस स्विफ्ट प्रिन्ट, कालेबुङ, भारत; पहिलो संस्करण-२००२ जुलाई, पृष्ठ-२८+४=३२, मूल्य-रु.१५।- (भारु); चित्र-अनुल्लिखित ।

अट्ठाइस बालकविता । शीर्षक-प्रार्थना, प्रभात, राष्ट्रिय झण्डा, माना पाथी, पुस्तक मित्र, विवेकानन्द, पुतली, सूर्यमुखी फूल, नाउँ बताऊ, भँगेरा, रूख, बडादिनको शुभेच्छा, देशको रक्षा, असल मात्र, मेरी दिदी, म हूँ भारतको सन्तान, अक्षर ज्ञान, एक दुइको गन्ती, इन्द्रेनी, भ्यागुतो र खरायो, चराको परिवार, ईश्वरको माया, समय, रङ्गीन माछा, क्रिकेट खेल्ने रहर, परिश्रमी गोरु, राष्ट्रपिता, गाग्री कुच्चियो । धेरै कविता बालसंसारभित्रकै विविध विषयमा लेखिए पनि लेखिका भारतीय भएका कारण केही कवितामा भारतीय भावना र यथार्थ प्रस्तुत हुनु स्वाभाविकै हो । यसको उदाहरणका रूपमा राष्ट्रिय झण्डामा भारतीय झण्डा र राष्ट्रपिताका रूपमा महात्मा गान्धीका बारे प्रकाश पारिनुलाई लिन सकिन्छ । त्यस्तै *देशको रक्षा* शीर्षक कवितामा बाबु सीमा रक्षाका लागि काश्मीरमा तैनाथ छन् भनी उल्लेख हुनुलाई पनि सोही रूपमा हेर्नुपर्छ ।

## गणेशप्रसाद श्रेष्ठ

### *१. राष्ट्रिय बालगीत*

प्रकाशक-क्षितिज इङ्लिस बोर्डिङ स्कुल, रामशाहपथ; मुद्रक-क्रिस्टल प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०३९ असोज, पृष्ठ-७४+८=८२, मूल्य-रु.६।-; चित्र-नभएको ।

बाइस बालगीत । शीर्षक नभएको । बालबालिकालाई सङ्गीत सिकाउने उद्देश्यले प्रकाशित यो बालकृतिले राष्ट्रिय भावनाको विकासमा जोड दिएको पाइन्छ । स्वरलिपिसहित प्रस्तुत गरिएको यस सङ्ग्रहका बालगीतहरूमा सङ्गीत लेखकस्वयम्कै रहेको छ ।

“यस पुस्तकमा समावेश गरिएका रचना विभिन्न भावका छन् । यसैले रचनाको शैली, भावना र आकृतिअनुसार शिक्षकशिक्षिकाहरूले आफ्ना नानीहरूलाई उनीहरूको कक्षा, उमेर र रुचि हेरी गीतको भाव Action समेतको तालिम दिनु बढी राम्रो होला ।” (लेखकीय, *सानो कुरा)*

## गायत्री विष्ट

### *१. अ, आ : क, ख स्वरलहरी*

प्रकाशक-शब्दलता भञ्ज्याङ, काठमाडौँ; मुद्रक-द प्रेस सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०६३ साउन, पृष्ठ-२८, मूल्य-रु.१०।-; भित्री सज्जा-श्यामकृष्ण बलामी; आवरण-सुन्दर बस्नेत ।

अ, आ, क, ख बारे जानकारी दिने कवितात्मक पुस्तक । केटाकेटीलाई अक्षर र सो अक्षरबाट बन्ने शब्दहरूबारे जानकारी दिने प्रयास प्रस्तुत कृतिले गरेको छ । तर कृतिमा बालबालिकाका लागि अत्यन्त कठिन कतिपय शब्दको प्रयोग भएको देखिन्छ । पुस्तकले कविता र लयप्रति बालबालिकाको आकर्षण बढाउने विश्वास गर्न सकिन्छ ।

"छोरी..लाई पढ्न सिकाउँदा बच्चाहरूले थोरै समयमा धेरै शब्दहरू कसरी जान्दछन् भन्ने प्रश्न मेरा मनमा उब्जिए । केही समय यस विषयमा घोरिएपछि गीति कवितात्मक शैलीमा मैले 'क'बाट बनेका शब्दहरू सुनाएँ, 'क'...'ख'...। मैले भनेको सुनेपछि छोरी..ले पनि भनिन् । उत्साहित भएर मैले कदेखि ज्ञसम्म र अदेखि अःसम्मका अक्षरहरूका गीति कवितात्मक शैलीमा शब्दहरू बनाएँ ।" (लेखकीय, *मनका कविता*, पृ.४)

### *२. क, का, कि, की स्वरलहरी*

प्रकाशक-तरेली साहित्यिक प्रतिष्ठान, काठमाडौँ; मुद्रक-द प्रेस सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०६३ साउन, पृष्ठ-७२, मूल्य-रु.३०।-; भित्री सज्जा-विष्णुप्रसाद पाण्डेय; आवरण-सुन्दर बस्नेत ।

क, का, ज्ञ, ज्ञा बारे जानकारी दिने कवितात्मक पुस्तक । पूर्ववर्ती कृतिझैँ यस कृतिमा पनि कवयित्रीले क, का, कि, की लाई लयात्मक तरिकाले सिकाउने प्रयास गरेकी छिन् । कृतिमा केही कठिन शब्दको प्रयोग पनि भएको पाइन्छ ।

## गुहनाथ पौडेल

### *१. दोलाइँ*

प्रकाशक-आगम प्रकाशन, काठमाडौँ; मुद्रक-पि.यु.प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-टेकवीर मुखिया ।

पन्ध्र बालकविता । शीर्षक-हाम्रो सान, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त,

शिशिर, असारको पन्ध्र, गुरूपूर्णिमा, पृथ्वीको अर्ती, माघे संक्रान्ति, श्रीपञ्चमी, फागु पूर्णिमा, कुमालेको चक्र, आफ्नै आफ्नै काम । पहिलो बालकवितासङ्ग्रहमै स्तरीय रचनासहित देखिएका पौडेलको यस कृतिमा प्रकृति, संस्कृति र जनजीवनसँग सम्बन्धित कविता छन् । यस सङ्ग्रहमा भएका ऋतुसम्बन्धी कविता अत्यन्त आकर्षक र मीठा छन् । सरल र सरस भाषाका कारणले मात्र नभई कवितामा गरिएको तद्विषयक चित्रणका कारण कविताहरू अत्यन्त आकर्षक भएका छन् ।

## गोरखबहादुर सिंह

### *१. बाललीला (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७, पृष्ठ-३५+५=४०, मूल्य-अनुल्लिखित; चित्र-टार्जन राई; आवरण-नवीन्द्र राजभण्डारी; सामग्री सङ्कलन-नेपाल बालसाहित्य समाज ।

विभिन्न आठ कविका उनन्तीस बालकविताको सङ्ग्रह । कवि र कविताको शीर्षक-माधव घिमिरेका त्यस्तो हुँदा कस्तो, कान्छी औंलाले, त्यहाँ ज्योति बल्यो र बाललीला, कृष्णप्रसाद पराजुलीका झाले-माले-भाले, गोरेटोमा आइयो, राम्रैराम्रा र आमा !, दुर्गालालका सबाल-जवाफ, पानी ! पानी !! र मेरो घर, क्षेत्रप्रताप अधिकारीका पासाङल्हामु शेर्पा, भानु र भाषा, राम्रो र देशको माया, दैवज्ञराज न्यौपानेका माटो भन्नु सिर्जना हो, कविता पहेली, जाडो भयो किन र जून गयो कता ?, रामबाबु सुवेदीका कोल हरायो, हामी लालाबाला र सहिदलाई नमस्कार, प्रभा भट्टराईका बेल ! बेल !, फर्सी, आऊ ! सँगै जाऔँ र खोला साथी तथा कालीप्रसाद रिजालका सबै मेरा गुरु र राम्रो मान्छे बनौँ । बालबोध शृङ्खलाअन्तर्गतको नवौँ प्रकाशन ।

यो बालकविताकृति विद्यार्थीहरूको सर्वाङ्गीण विकास गराई उनीहरूमा जिज्ञासु प्रवृत्ति र सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि सन्दर्भसामग्री निर्माण गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको हो । विशेषत: कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको यो कृतिमा पूर्वप्रकाशित कवितालाई नै समावेश गरिएको छ ।

### *२. बालमेला (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई ।

विभिन्न नौ कविका बत्तीस बालकविता । कविहरूमध्ये माधव घिमिरे र क्षेत्रप्रताप अधिकारीका तीन/तीन, दैवज्ञराज न्यौपानेका चार, दुर्गालाल श्रेष्ठका पाँच, रामबाबु सुवेदीका सात, कृष्णप्रसाद पराजुलीका चार, प्रभा भट्टराईका दुई, रमेशचन्द्र घिमिरेका एक र गोरखबहादुर सिंहका तीन । शीर्षक-फोनमा बोल्ने म हो, रमाइलो, कालोपाटी, नानी बाबू, हामीलाई, आमाजस्ती गुरुमा, चकचके फुच्चे खरायो, साथी आइदिऊँ कि !, पुस्तक, चन्द्र-सूर्य झन्डा हेर फरर !, मेरो राजा, हाटबजार, सुनाखरी, राम्रो हुन्छ बानी, घान्द्रुक, चम्काउन पाए पुग्छ, हजुरआमासँग, डल्लेठो, म हुँ सानी नानी, अस्ति शनिबार, फागुले बोलायो, लाहुरे, योटै हुन्छ रानो, सुन्दर गीत गाऊँ, गुराँस फुल्यो, ढाडे बिरालो, कविता, टौवा, बालमेला, उठ उठ, चस्मा हरायो, खाऊँ खाऊँ काँकरी । बालबोध शृङ्खलाअन्तर्गतको २० औं प्रकाशन ।

विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिए पनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको प्रस्तुत बालकवितासङ्ग्रहमा पूर्वप्रकाशित बालकवितालाई नै समावेश गरिएका छन् । विद्यार्थीहरूको सर्वाङ्गीण विकास गराई उनीहरूमा जिज्ञासु प्रवृत्ति र सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि सन्दर्भसामग्री निर्माण गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले यो शृङ्खला तयार पारेको हो । बालबालिकालाई विभिन्न लेखकद्वारा विविध विषय र शैलीमा लेखिएका कविताको आस्वाद गर्न यो सङ्ग्रह उपयोगी देखिन्छ ।

## गोविन्दबहादुर कुँवर
### १. *तातेताते*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक- साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५८, पृष्ठ-३७+७=४४, मूल्य रु.२४।- ; चित्र/आवरण-टेकवीर मुखिया ।

उनन्तीस बालकविता । शीर्षक-खोला, कमिला रानी, पाठशाला, को खाई ?, किरीमिरी, भुँडे दाइ, रूख, मन लाग्यो, सिँगाने फोहोरी, ढ्वाङ करायो, छ ऋतु, गोज्याङ्ग्रो, पुतली, मैनबत्ती, सूर्य/चन्द्र, बाटो, रेडियो, नाम र काम, साँघु, बालगीत, काका सहर गएछन्, आज, मेरो कलम, भुँडी, मेरो देश, अड्डा, काली भैंसी, वनभोज, द्यौबहादुर, झुलरी । प्रकृति र पशुपक्षीलगायत विविध विषयका बालकविता लेख्न रुचाउने कुँवरले यस सङ्ग्रहका बालकविताका माध्यमबाट

बालबालिकालाई मनोरञ्जन र ज्ञान दिने प्रयास गरेका छन् । साथै यी बालकविताले बालबालिकालाई व्यावहारिक शिक्षा पनि दिन खोजेका छन् ।

## गोविन्दराज विनोदी

### *१. आँखाका नानी*

प्रकाशक-चितवन वाङ्मय प्रतिष्ठान, चितवन; मुद्रक-गणेश छापाखाना, नारायणगढ, चितवन; पहिलो संस्करण-२०५७, पृष्ठ-२२+६=२८, मूल्य रु.५१।- ; चित्र/आवरण-प्रकाश थापा ।

बाइस कविता । शीर्षक-बाल सरस्वती, मेरो सानो झोला, सानी सानी नानी, राम्रा अक्षर, पुस्तक मेरो साथी, इन्द्रिनी दिदी, अल्छी, भँगेरी चरी, आकाशगङ्गा, बाबाको डायरी, घामपानी, माया गर्छु, दारीबाल कवि, हिमालचुली, बोल बोल क्वैली चरी, बादलका ताँती, लाहुरे दाइ, सयपत्री रानी, हाम्रा गाउँघरतिर, साहिँला बाजे, बसन्त र किरण हामी आशाका । सङ्ग्रहका धेरै कविता प्रकृतिसँग सम्बन्धित छन् । विशेष गरेर *इन्द्रेनी दिदी, आकाशगङ्गा, घामपानी, हिमालचुली, बादलका ताँती, बसन्त, भँगेरी चरी, बोल बोल क्वैली चरी* र *सयपत्री रानी* यसका उदाहरण हुन् । यसबाहेक बालोपयोगी अन्य विषय पनि बालकवितामा आएका छन् । सङ्ग्रहका बालकविताहरू लयात्मक भएकाले बालरुचिअनुकूल हुन पुगेका छन् ।

## गौरी प्रधान

### *१. सहसिर्जना (सम्पा.)*

प्रकाशक-नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन), काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६० भाद्र, पृष्ठ-४४+४=४८, मूल्य-अनुल्लिखित; चित्र-विभिन्न बालबालिका ।

विभिन्न लेखकका नेपालीका बाइस र नेवारीको एक गरी तेइस रचना समेटिएको सम्पादित कृति । एउटाबाहेक सबै बालकविता । रचनाकारहरू-गौरी प्रधान, जनकप्रसाद हुमागाईं, चूडामणि बन्धु, मञ्जुल, तेजप्रकाश श्रेष्ठ, लक्ष्मी गुरागाईं, प्रभा भट्टराई, भारद्वाज मित्र, गणेश खतिवडा, विश्वम्भर चञ्चल, ध्रुव घिमिरे, रामेश, शाश्वत पराजुली, शारदा अधिकारी (ढकाल), विजय चालिसे, सानु गिरी, रामबाबु सुवेदी । 'नानीका कुची र साहित्यकारको कलमको सहयात्रा'

भनिएको । सिविन र नेपाल बालसाहित्य समाजको संयुक्त आयोजनामा २०५८ सालमा भएको बालबालिका र बालसाहित्यलेखकको संयुक्त भेलामा बालबालिकाद्वारा बनाइएका चित्रका आधारमा बालसाहित्यलेखकहरूले यसमा भएका रचना तयार गरेका हुन् । स्थलगत रूपमा लेखिएका सङ्ग्रहका रचनाहरूले बालभावनालाई प्रस्तुत गरेका छन् ।

## घनश्याम खड्का

### *१. कोपिला*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना अफसेट प्रेस; पहिलो संस्करण-२०६३ फागुन, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-अनुल्लिखित ।

तीस बालकविता । शीर्षक-हिउँद, जून, मौरी, पानी, तुषारो, फूल, तोरीबारी, घडी चरो, हिमाल, इन्द्रधनुष, खरायो हो चलाख, किसान, मेरो मामाघर, मने खेल्ने साथी, मेरी हजुरआमै, आकास, परेवा, देखैँ सपनी, साथी हुन् त असल, तारा, थरिथरि बच्चा, बसन्त, बाँचौँ हाँसीहाँसी, बिहान, बिरालो, बनचरी, चील धूर्त छ, दसैँ, खेत धानको, तिहार । लेखकको पहिलो बालकृतिका रूपमा प्रकाशित यस सङ्ग्रहका बालकविताहरू घर, आँगन, खेत, बारी, गाउँ, आकाश आदिको परिवेशभित्र रहेर लेखिएका छन् । गीतिभाकामा लेखिएका सङ्ग्रहका बालकविताबाट बालबालिकाले ज्ञान र जानकारीका साथै मनोरञ्जन पनि प्राप्त गर्छन् ।

## घनश्याम 'परिश्रमी' (डा.)

### *१. राम्रो चाचा मीठो पापा*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस; पहिलो संस्करण-२०६३ जेठ, पृष्ठ-२४, मूल्य-रु.१५।-; चित्र-सागर साह; सम्पादन-विजय सुब्बा ।

बीस गजल । बालबालिकालाई विभिन्न किसिमका सन्देश दिने एवम् बालभावना अभिव्यक्त गजलहरू यस सङ्ग्रहमा रहेका छन् । सङ्ग्रहका गजलहरूमा नेपाली गाउँसहर, खोलानाला, लेकबेसी र बनपाखाको चित्रणसहित नेपाली जनजीवनका सुखदुख, आँसुहाँसो र घामपानीको प्रतीकात्मक अभिव्यक्ति पाइन्छ । बालगजल नेपाली बालसाहित्यमा नयाँ प्रवेश भएको उपविधा हो ।

## घनश्याम 'परिश्रमी' (डा.), बूँद राना र अर्जुन पौडेल

### *१. जुनूमामा*

प्रकाशक-विविध वाङ्मय प्रकाशन, नेपाल; मुद्रक-मेची-काली अफसेट प्रिन्टिङ प्रेस, बुटवल; पहिलो संस्करण-२०६० जेठ, पृष्ठ-३०+१०=४०, मूल्य-रु.२५।-; चित्र-नभएको; आवरण-अर्जुन पौडेल ।

प्रत्येक गजलकारका दस-दस गरी तीस गजल । नेपाली बालसाहित्यमा पहिलो बालगजलसङ्ग्रहको रूपमा यो कृति प्रकाशित भएको छ । बालबालिकालाई गजलका माध्यमबाट विभिन्न ज्ञानमूलक, शिक्षामूलक र चेतनामूलक सन्देश दिने प्रयास गजलकारहरूले गरेका छन् । बालगजलको विधा बालबालिकाले कसरी स्वीकार्ने हुन् त्यो भने अहिले भन्न सकिन्न । तर गजलकारहरूको यो प्रयोग र प्रयासको प्रशंसा गर्नैपर्छ ।

"आज हामी तिमीहरूलाई नयाँ-नयाँ स्वादका बालगजल लिएर आएका छौँ ।...तिमीहरूले बालकथा, बालकविता, बालगीत र बालनाटकहरू त पढि-सुनि र देखिसकेका छौँ तर आजसम्म तिमीहरूले बालगजलका पुस्तक भने देखेका थिएनौँ । बालगजल पहिलोपल्ट संसारमा नेपालबाट तिमीहरूकै काका, दादा डा.घनश्याम परिश्रमीले लेख्न र प्रकाशन गर्न थाल्नुभएको हो र त्यसपछि बूँद राना, देवी पन्थी, अर्जुन पौडेल र अन्य अन्य काका-दादाहरूले लेख्दै जाँदा आज संसारकै पहिलो बालगजलसङ्ग्रह **जुनूमामा** लिएर हामी...तिमीहरूका अगाडि उभिएका छौँ ।" *(लेखकीय भूमिका,* पृ. च-छ)

## घनेन्द्रप्रसाद शर्मा

### *१. बाल गणित गीत*

प्रकाशक-प्राथमिक शिक्षा परियोजना, प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, ललितपुर; पहिलो संस्करण-२०४५, पृष्ठ-४०+४=४४, मूल्य-अनुल्लिखित; चित्र-मिलन शाक्य ।

बाह्र बालगीत । शीर्षक-पहिलो गीत, दोस्रो गीत, तेस्रो गीत, चौथो गीत, पाँचौँ गीत, छैठौँ गीत, सातौँ गीत, आठौँ गीत, नवौँ गीत, दसौँ गीत, एघारौँ गीत, बाह्रौँ गीत । लेखकीय र प्रकाशकीय नभएको । लयात्मक शैलीमा गणित सिकाउने गरी लेखिएका बालगीतहरूको यो सङ्ग्रह विषयका दृष्टिले मात्र नभई भाषा र शैलीका दृष्टिले पनि बालोपयोगी छ ।

## छायादत्त न्यौपाने

### १. *गुराँस फुल्दै छ*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-अनुल्लिखित (तर २०६३), पृष्ठ-३४, मूल्य-२०।-; चित्र-उमेशचन्द्र अधिकारी ।

बालोपयोगी आठ लोकदोहोरी गीत र एक बालकविता । शीर्षक-गुराँस फुल्दै छ, घर त बन्दीपुर, ढुङ्गेबगर, हिमाल चौरीगाई, हिमाल चुचुरा, वसन्तमा फूल, स्याबास छोरी, न्याउरी मारी पछुतो, हिमाल चौरीगाई । दोहोरीगीतप्रति देखिएको नेपालीहरूको रुचिलाई दृष्टिगत गरेर नै सम्भवतः नेपाली बालसाहित्यमा लोकदोहोरीको शैलीमा पहिलोपटक यो बालकृति प्रकाशित भएको हुनुपर्छ । यसले ज्ञान र जानकारी त दिन्छ नै, त्यसबाहेक बालबालिकामा रहेको गायनप्रतिभा प्रस्फुटनमा पनि सहयोग पुऱ्याउने विश्वास गर्न सकिन्छ । सङ्ग्रहमा भएका बालरचनामध्ये *न्याउरी मारी पछुतो* चाहिँ बालकविता हो । *हिमाल चौरीगाई* शीर्षकको लोकदोहोरी भने दुईवटा छन् । रचनाहरू भने अत्यन्त लामा छन् ।

"...त्यो समारोहमा साना र मझौला (केही ठूला) भाइबहिनीले आ-आफ्ना समूहमा गाएको दोहोरीगीत र नाचेको नाच त कस्तो बिर्सिनसक्नु लाग्यो । ...अँ, उनीहरूको प्रस्तुतिले नेपाली लोकभाकाको जतन मात्र गरेको थिएन, केटाकेटीका भएको बालप्रतिभा फुकाउने काम पनि त्यत्तिकै रमाइलोसित गरिरहेको थियो । त्यो कलाले मेरो मात्र नभई उपस्थित धेरैको मन जितेको थियो ।...त्यही प्रभावले मलाई पनि यो दोहोरीगीत सङ्कलन गर्न प्रेरित गऱ्यो ।" *(लेखकको पातो)*

### २. *कति राम्रो क*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-४०, मूल्य-रु.२२।-; चित्र-उमेशचन्द्र अधिकारी ।

पाँच बालगीत । शीर्षक-ज्ञान दिने ज्ञ, उखु खाऊ, टुकटुक हिँड, कति राम्रो क, म जस्तै । बालबालिकालाई नेपाली अक्षर र शब्द सिकाउने उद्देश्यले तयार गरिएको यो कृति विशेषतः तीनदेखि पाँच वर्ष उमेरसमूहका बालबालिकाका लागि तयार गरिएको हो । लेखकको प्रारम्भिक प्रयास भएर होला, कृति त्यत्ति प्रभावकारी हुन सकेको छैन । रचनामा उपदेश स्वाभाविक रूपमा नआएर थोपरिएकोजस्तो देखिन्छ । साथै रचनामा प्रयोग भएका कतिपय शब्दहरू

बालबालिकाको उमेरअनुकूल छैनन् ।

## जगत् छेत्री, श्रीमती बी.श्यामलाकुमारी र टी.बी.ठकुरी

### *१. नयाँ पल्लव (सम्पा.)*

प्रकाशक-भारतीय भाषा संस्थान, मैसूर तथा नेपाली साहित्य सम्मेलन, दार्जीलिङ, भारत; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-१९९७ इ., पृष्ठ-४८+१४+९५+९=१६६, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित; आवरण-अनुल्लिखित ।

दुई भागमा विभाजित यस बालकवितासङ्ग्रहमा पहिलो भागमा २२० र दोस्रो भागमा ३४५ गरी कुल ५६५ कविता छन् । यी बालकविताहरू नेपाली साहित्य सम्मेलनको सहयोगमा भारतीय भाषा संस्थान, मैसूरद्वारा सन् १९९७ को फरवरी १८ देखि मार्च ३ सम्म दार्जीलिङमा सञ्चालित बालकवितालेखन कार्यशालामा सहभागी दार्जीलिङ र सिक्किमका गरी १५ कवि-कवयित्रीबाट रचना गरिएका हुन् । कार्यशालामा चन्द्रकुमार राई, श्रीमती खिरोदा खड्गा, रूद्रराज मास्के, जोगेन दरनाल, एम.पथिक, मनबहादुर राई, जगत् छेत्री, टी.बी. ठकुरी, विकास छेत्री, बी.आर.क्षेत्री, सचेन राई, बुद्धिमान प्रधान, डा.शान्ति छेत्री, श्रीमती कुमारी खाती र एन.एस.योञ्जन सहभागी थिए । तर कुन कविता कसले रचना गरेको हो भन्ने कुरा भने खुल्दैन । सङ्कलित कविताहरू पशुपंक्षीहरू, बोटविरुवा, कीराफटेङ्ग्राजस्ता सजीव वस्तुहरू, मानवीय नातासम्बन्ध, प्रकृतिका अन्य विविध वस्तुलगायतका धेरै विषयमा लेखिएका छन् । बललाई गोली, चङ्गालाई गुड्डी जस्तो शब्दको प्रयोगले कविताको भाषामा दार्जीलिङको प्रभाव भएको देखाउँछ, जुन स्वाभाविक पनि हो ।

## जगत् प्रेक्षित

### *१. कमिलाको एकता*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-अनुल्लिखित (२०५९), पृष्ठ-१६, मूल्य-रु.१०।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

छ बालकविता । शीर्षक-स्कुल जाने मन, कमिलाको एकता, हाम्रो देश नेपाल, झिँगा, झिलिमिली तारा, हामी स्कुल जान्छौं । बालबालिकालाई पढ्न प्रेरित गर्ने, एकताबद्ध हुन सिकाउने तथा राष्ट्र र राष्ट्रियताबारे उद्बोधन गराउने

खालका बालकविताहरू प्रस्तुत सङ्ग्रहमा रहेका छन् ।

## जगदीशचन्द्र भण्डारी (डा.)

### *१. आँखाका यी नानी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ वैशाख, पृष्ठ-१६, मूल्य-रु.८।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

पाँच बालकविता । शीर्षक-आँखाका यी नानी, चौतारी, म हुँ मान्छे हिमालको, कर्णाली र काली-कोसी र दरबारमा राणा हुन्थे । छोटा, सरल र मीठा बालकविताहरूको यस सङ्ग्रहमा ज्ञानगुनका कुराका अतिरिक्त इतिहाससम्बद्ध विषयलाई पनि कविताका रूपमा प्रस्तुत गरिएको छ । राष्ट्रिय स्वाभिमान पनि कवितामा अभिव्यक्त भएको छ । कवितामा लेखकको प्रगतिशील भावना भेटिन्छ ।

## जनकप्रसाद हुमागाईं

### *१. नानी पढ्छ*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सर्वोत्तम अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-४३+१=४४, मूल्य-रु.२५।-; चित्रः-कृष्णगोपाल श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

एक्काइस बालकविता । शीर्षक-रुवाउने को ?, नानी पढ्छ, किन रोएको ?, आमा आउनुहुन्छ, आमा आउनुभयो, पुतली, नाति-हजुरबा संवाद, छोरी, फूलजस्तै हामी, हाम्रो नानी, खेल, हाम्री नानी, कालु, बाँदर, के गर्ने ?, सानी नानी, मेरो भाइ, दाजुभाइ, ठूलो, पानी भर्ने कविता, आफ्नै जीवन । विशेषतः घरसंसारभित्रका र केही वरपरका विषयमा लेखिएका हुमागाईंको एकमात्र बालकवितासङ्ग्रहका कवितामा कविको बालबालिकाप्रतिको दृष्टिकोण र भावना अभिव्यक्त भएका छन् । कविता सरल र सरस शब्दहरूको प्रयोग, अन्त्यानुप्रास र लयात्मकताका कारण प्रभावकारी हुन पुगेका छन् ।

## जयप्रसाद पौडेल

### *१. नानीको साथी*

प्रकाशक-आदर्श सङ्गम, स्याङ्जा; मुद्रक-नवीन छापाखाना, स्याङ्जा; पहिलो

संस्करण-२०५३, पृष्ठ-३२+१२=४४, मूल्य-रु.२०।-; चित्र-नभएको ।

बालगीत र कविता गरी बाइस रचना । शीर्षक-वैशाख, जेठ, असार, साउन, भदौ, असोज, कार्तिक, मङ्सिर, पौष, माघ, फाल्गुण, चैत, बालगीत, राष्ट्रिय गीत, राम्रो बानी, बच्चा भुलाउने गीत, भात ख्वाउने गीत, देउसी रे गीत, भैली गीत, भैलो गीत, खडेरी, सहरी जीवन । विशेष गरी विभिन्न महिना, हाम्रो सांस्कृतिक परम्परा र बालजीवनबारे लेखिएका बालकविताहरू सङ्ग्रहमा छन् । बालरचनामा प्रयुक्त भाषा सरल छ र लेखकले ठेट भाषाको प्रयोग गरी रोचक बनाउने प्रयास गरेका छन् । दुईदेखि सात कक्षासम्मका बालबच्चाहरूलाई ध्यानमा राखी कृति तयार पारिएको लेखकको कथन छ ।

## जीवनलाल सत्याल

### *१. नानीका गीतहरू*

प्रकाशक-नेपाल बाल सङ्गठन, बालमन्दिर, नक्साल; मुद्रक-आनन्द प्रेस, डिल्लीबजार; पहिलो संस्करण-२०२८ मङ्सिर, पृष्ठ-८०+८=८८, मूल्य-रु.३।९५; चित्र-टेकवीर मुखिया ।

सङ्चालीस कविता । शीर्षक-बन्दना, हाम्रो राजा ! हाम्रो देश !, सगरमाथा, शुभ-प्रभात, बालदिवस, मूल्य, झण्डोत्तोलन, प्रयाण गीत, मूर्ति यो कसको !, बालकोषको रजत जयन्ती, खेलबाड, कस्तूरी, गुरुको सदिच्छा, पीपलपाते, बाल कवि सम्मेलन, बिरालोको चिनारी, इन्द्रेनी, श्याल करायो, चील गाडी, गौरी र मौरी, दक्षिणकालीको गाइने, कोइली, भ्यागुतो, मादल, सानी छोरी, पुतली, गौँथली, गमला, लालीगुराँस, कस्तो बाठो, मोती, जूनकीरी, दैनिक कार्य-तत्पर, बालाज्यूको चमेनाघर, बालचर गीत, गुन्यू चोलो, झरी, गोपूको सपना, रातो माटो चिप्लो बाटो, फुच्चै फुच्चा, भुण्टे जस्ता, कुहिरो, काँक्रो, कालू र आलू, तुसारो, एक्लो तारा, आमाको आसिक ।

यस सङ्ग्रहमा बालरुचिका विषयहरूका अतिरिक्त नेपाली जनजीवनसँग सम्बन्धित विविध विषयका बालकविताहरू छन् । साथै नेपाल बाल सङ्गठनमा हुने गरेका कतिपय बालगतिविधिलाई पनि कविताको विषय बनाइएको छ । यस्ता कवितामा *बालदिवस, बालकोषको रजत जयन्ती, बालकवि सम्मेलन, बालचर* गीत आदिलाई लिन सकिन्छ । विभिन्न छन्दमा लेखिएका यी बालकविताहरू लयात्मक छन् ।

## २. चिचिला

प्रकाशक-श्रीमती भुवनेश्वरी सत्याल, काठमाडौँ; मुद्रक-आनन्द प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०३० भाद्र, पृष्ठ-४६+८=५४, मूल्य-रु.२।-; चित्र-अनुल्लिखित ।

तीस बालकविता । शीर्षक-प्रार्थना, स्तूप-चैत्य, फक्रेको कमल, गौतमबुद्ध, लक्ष्मीपूजा, कुखुरी काँ, कूचीकार, चिचिला, पाँच तले मन्दिर, मुजूर नाच, सुकुन्दा, मैले अक्षर चिनेको दिन, पशुपति मन्दिर, आगनै माथिको बारी, काग दाजु, केराको बोट, रोटे पीङ, वनभात, निर्झर, भाइ तिहार, किसान, सिन्दुरे खोला, नागिनीको अपेरा, आँखा, दुबोको माला, बाघ, राष्ट्रिय झण्डा, मङ्सिरको गैह्री खेत, असोज-कात्तिक, जय ! जय ! । हाम्रा गाउँघरको सामाजिक जीवन, सांस्कृतिक एवम् धार्मिक सम्पदा, चाडपर्व अनि जीवजन्तु आदिका विषयमा लेखिएका सङ्ग्रहका बालकविताहरू उनकै अघिल्लो सङ्ग्रहको तुलनामा राम्रो छ । बालभाषा र लयात्मकतामा कविले जोड दिएका छन् ।

## झपेन्द्र क्षेत्री 'सरल'

### *१. पीर नभएको संसार*

प्रकाशक-झपेन्द्र क्षेत्री 'सरल', बुटवल; मुद्रक-आइडियल, बुटवल; पहिलो संस्करण-२०६२, पृष्ठ-२०, मूल्य-रु.५०।-, संस्थागत रु.६०।-; चित्र-आइडियल, बुटवल ।

अठार बालगीत । शीर्षक-हजुरआमा-हजुरबा, पीर नभएको संसार, पुतलीको बिहे छ, रेल, काली बाखी, स्कुल हिँडी छोरी, के काम बाबू, बाउको बाउ, नाति, नातिनातिना, छोरी, दुईटा नाति, दाँत छैनन्, दाइले मैले खोत्तर, शेरू कुकुर र पाटे बिरालो, चुनु बाबु चुनु, राम्रो, जिउ । रमाइलो बालसंसारका रोचक पक्षलाई कविले कविताका रूपमा बुनेका छन् । बालकविताहरू सरल छन्, लयात्मक छन् ।

## तारा पौडेल (बराल)

### *१. जून साथी*

प्रकाशक-कला पब्लिकेसन, काठमाडौँ; मुद्रक-ए.बी.एस. प्रिन्टर्स प्रालि; पहिलो संस्करण-२०६४, पृष्ठ-४४+८=५२, मूल्य-रु.२४।-; चित्र-उमेशचन्द्र अधिकारी; सम्पादन-कृष्णप्रसाद पराजुली ।

पैँतीस बालकविता । शीर्षक-आकाशका जूनतारा, पुतली, फूलबारीमा माहुरी,

चमेली फुल्यो, पानी पऱ्यो झमझम, वनमा भालु करायो, घाम लाग्यो घमाइलो, हामी साना नानी, इन्जिनियर बन्न, जून साथी, घाम र छाया, आफ्नै भर परौँ, बालक, ऋतु सानीमा, पानी पर, किसान, दसैँ, कलम, बादलुकी नानी, हामी नेपाली, हाम्रो फूलबारी, जोगी र झोली, नदी, परेवाको जोडी, साना मान्छे नभन, मादल बजाऊ घिन्तिङ, पिँजडाकी चरी, देश नेपाल, जाल बुन्ने माकुरी, लक्ष्मीप्रसाद देवकोटा, कोछौँ भाग्यरेखा, बाँदरको बिहे, खेल्न जाऊँ आऊ, हलुवा, सगरभरि । प्रकृति, संस्कृति, चराचुरुङ्गी, जीवजन्तु, देश आदि विषयमा लेखिएका छोटा-मीठा कविताहरू यसमा सङ्गृहीत छन् । कविताले विविध विषयमा जानकारी दिनुका साथै शिक्षा पनि दिन्छ । *बाँदरको बिहे*ले बालबालिकालाई मनोरञ्जन दिने देखिन्छ ।

## तेजप्रकाश श्रेष्ठ

### *१. कालो भालु जगल्टे*

प्रकाशक-प्रतिभारश्मि प्रकाशन, शोणितपुर, काठमाडौँ; मुद्रक-माडर्न दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५४, पृष्ठ-२०, मूल्य-रु.१२।-; चित्र-सौरभकिरण श्रेष्ठ ।

दस बालकविता । शीर्षक-पुतली, आजका कोपिला, आमा ! आमा ! भोक लाग्यो, आकाश गर्जियो, बाँदर, हाम्रो हित, हाम्रै हो, गाउँखाने कथा, कालो भालु जगल्टे, माया लाग्छ आमाको । लेखकीय र प्रकाशकीय दुवै नभएको । सरल, सङ्क्षिप्त र लयात्मक बालकविताहरूको यस सङ्ग्रहका कवितामा कविले बालसंसारका विविध विषयका साथै आधुनिकताको प्रवेशले हाम्रा परम्परागत स्वरूपमा आएको परिवर्तनलाई पनि विषय बनाएका छन् ।

## दामोदर घिमिरे

### *१ मेरी आमा कति राम्री*

प्रकाशक-रमन र वर्षा बी.सी.; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३ वैशाख, पृष्ठ-८७+९=९६, मूल्य-रु.१००।-; चित्र-नभएको; सम्पादन-कुमार बोगटी ।

सतासी बालगीतको सङ्ग्रह । शीर्षक-रूखबिरुवा काट्नु हुन्न, यो सुगालाई किन थुन्नु ?, मेरो सानो खरायो, यो दसैँमा कम्प्युटर किनिदिनुस् बाबा, मुसुमुसु हाँस्छौ तिमी, काम गरी देखाउनु पर्छ, सुन्नेलाइए सुनको माला, मेरो घडी

नअडिई काम गरि'रन्छ, बेलौतीको बास्नै मीठो, राम्रो चुल्ठो बनाई दिनोस् आमा, जन्मौं फेरि, नेपालको नक्सा शिरमा राख्छु, बादलुको देश, आँगनमा आऊ, मेरो देश कति राम्रो, मेरी आमा कति राम्री, मेरी आमा मेरी बाबा, फूलबारीकी रानी, माटो मेरो घामपानी, कतै नजाऊ माहुरी, मोती खोज्ने सागर मेरो छैन, सिर्जनाको पुल, घाम राम्रो हेमन्तको, सुर्को मेरो कान्लो मेरै, बोल छँदै लाटो बनें, सुन सुन सानु राजा, एकै धर्ती एकै आकाश, ज्ञानको ज्योति, सुनको बिहान, राष्ट्र मेरो, साना साना नानी, कस्तो राम्रो छोरो यो ?, सानो बाबा, साना साना पुतलीलाई, तिहार पनि आयो, काफल पाक्यो, श्री रामलाई, उठ अब नानी, न्यानो न्यानो घाम दिने, महादेव भनिएको किन ?, चराहरू आँगनमा, सानो सानो मुने आयो, गुरुलाई मान्नुपर्छ, आज तिमी सानो सानो, आमालाई हेर, बादलभित्र घर बनाउँ कि ?, सयपत्री फूल फुले, भोले बाबा, उड्न पाए हुन्थ्यो, हवाईजहाज कति राम्रो, पानी विना संसारमा, कति राम्रो कलम मेरो, कति राम्रो फूल हेर, कर्कलाको पानीजस्तो, अन्तरिक्ष घुम्ने दिन, दसैँ आयो, रावणलाई हराएको दिनमा, तिहार रमाई आयो, कमिलाको ताँती हेर, रूखजस्तो गुणकारी, मान्छेभन्दा गुनी, राम्रो काम सधैँ गर, धरहरा, आउँदो शनिबार, म्युजियम जाऊँ, चौरासी लाख जुनी, कति राम्रो, कति राम्रो मौलाएको दूबो बगैँचामा, कति राम्रा रङ्गीचङ्गी माछा पोखरीमा, फूललाई बिना काम नटिप्नु है बाबा, जानीजानी, जथाभावी हेर्नु हुन्न, मोबाइल, उजेली हो नाउँ, मेरो घडी, आमालाई नेपाल भनिदिएँ, फूलबारी मेरो, बरसँगै पीपलुको, जहाँ गए पनि, नेपालजस्तो सुन्दर देश, म्याडम क्युरी बन्छु, असल छोरो बन्न, मेचीदेखि महाकाली, जूनकीरीको घर, धर्ती आफ्नै राम्रो, हिमालको देश, बरदान पाउँ ।

धर्म, परम्परा, विज्ञान, संस्कृति, प्रकृति बालबालिकाका आनिबानी, ज्ञानलगायतका विषयमा लेखिएका यी बालगीतहरूमध्ये केही गीत सङ्गीतबद्ध गरेर रेडियो नेपालबाट प्रसारित पनि भएका छन् । कवितामा धेरै विषय समेटिएका छन् तर प्रस्तुतिका दृष्टिले धेरै बालकविता बालरुचिअनुकूल हुन सकेका छैनन् । पहिलो कवितामा दिइएको कुरा विज्ञानसम्मत छैन, त्यसले बालबालिकालाई उल्टो जानकारी दिएको छ । बालकवितालेखनमा अपनाउनुपर्ने सचेतताको कमी देखिन्छ ।

## दुर्गालाल श्रेष्ठ

### *१. कागजको डुङ्गा*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस

प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-४८, मूल्य-रु.५५।-; चित्र-किशोर जोशी; सम्पादन-डा.वासुदेव त्रिपाठी र रामबाबु सुवेदी ।

बीस बालगीत । शीर्षक-कागजको डुङ्गा, मेरो राजा, सडकछाप्रे सानो भाइ, बिहान बारीमा, भन ए ताराहरू !, घाउ लाग्दाखेरि, पुतलीसित, टुहुरो केटो, रमाइलो बेला, शनिबार, आमा, सार्की बूढो माने, उहिले र अहिले, सबालजवाफ, एउटा घटना, उदेक लाग्छ !, हुरी, बालगीत, इसारा, एका है देशमा ! । बालजगत्का विविध विषयलाई गीतिस्वरूपमा ढालिएका यस सङ्ग्रहका रचनाहरू विषयचयनका दृष्टिले मात्र नभई संरचनाका दृष्टिले पनि उल्लेखनीय लाग्छन् । अनुकरणात्मक शब्दहरूको प्रयोगले बालगीतहरूलाई बालरुचिअनुकूल बनाएको छ । कविले कवितामार्फत समाजका उपेक्षित वर्गप्रति सहानुभूति र सम्मान प्रकट गरेका छन् । मीठो सङ्गीत-चेतना, विविध लय, गहिरो भाव र सरल शब्दको प्रयोग सङ्ग्रहका विशेषता हुन् । सङ्ग्रहलाई नेपाली बालसाहित्यको उत्कृष्ट कृति मान्नुपर्छ ।

“तिमीहरूको संसार मेरो स्वर्ग हो । गीतको बाटो हुँदै जब म तिमीहरूछेउ पुग्न कोशिश गर्छु; लाग्छ- त्यही मेरो जीवन्त क्षण हो । म बालगीत लेख्छु; तिमीहरूलाई अर्ती दिन होइन, तिमीहरूको पवित्रता छुन लेख्छु । बालगीत लेख्नु बालक हुन पाउनु हो ।... यो **कागजको डुङ्गा** तिमीहरूकै हो । तिमीहरूले कागज दियौ, मैले डुङ्गा बनाइदिएँ ।” *(लेखकका तर्फबाट,* पृ. ५)

## २. *सन्तको छाता*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०५८, पृष्ठ-५६, मूल्य-रु.६०।-; चित्र-के.के.कर्माचार्य; सम्पादन-डा.वासुदेव त्रिपाठी र रामबाबु सुवेदी ।

खण्डकाव्य । यस कृतिले सामान्य, सरल र प्राकृतिक जीवनमा पाइने मिठास र जीवन्तता भौतिक सुखसयल र विलासितामा नपाइने कुरालाई सशक्त ढङ्गले प्रस्तुत गरेको छ । काव्यका माध्यमबाट खण्डकाव्यकारले सामान्य लोभलालचविहीन व्यक्तिमा हुने सद्गुणहरूका कारण अन्य व्यक्ति प्रभावित हुने तथ्य औँल्याएका छन् । ‘सन्तको छाता-नेपाली बालखण्डकाव्यको संक्षिप्त चिनारी’ शीर्षकमा लेखिएको सम्पादकीय भनाइमा “यस काव्यलाई पुराना लोकगाथा र आधुनिक खण्डकाव्यका बीचको मध्यप्रवाहलाई पक्रेर प्रवाहित भएको” भनिएको छ ।

### ३. *चिरिबिरी*

प्रकाशक-मूल्याङ्कन प्रकाशन गृह प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ कात्तिक, पृष्ठ-४४, मूल्य-रु.३०।-; चित्र/आवरण-पृथ्वी र रश्मि ।

पैंतीस बालगीत । शीर्षक-ह्याङ्की रूमाल, फटफट पुतली, छाया, नानी र पुतली, पुतलीगाउँ, नानीका कुरा, अचम्मको मेला, ढकमक वाग, तिर्खा, काँडा, के गरूँ ?, एक दिन, इच्छा, बिर्खेको बहुलापन, नतिजा, मान्छेको गीत, सुन्दरमान, गाइने, बसिबियाँलो, झिँगाको जिस्क्याइ, विनय, राष्ट्रियगीत, तन्नेरी, शरद्को फूलबारी, 'फूल, कविता र म, यौटा गीत, रात पऱ्यो, कस्तो मजा !, समयको बोली, छोरो, बालापन, सफाइ-मजदुर, कोरलिएको चल्लो, हृदयचन्द्रसिंह प्रधान, गएराति । सामान्य विषयलाई पनि विशिष्ट प्रस्तुतिका माध्यमबाट रोचक र मीठो बनाउने कलाका कारण श्रेष्ठका यी गीत पनि उत्कृष्ट हुन पुगेका छन् । अन्य कविका बालकविताभन्दा उनका बालकविताले अलग पहिचान बोकेका छन् । मानव-जीवनका दुःख-सुख र उत्साह-उमङ्ग यी गीतहरूका अन्तर्निहित विषय हुन् । सङ्गीत-चेतनाका कारण बालगीतहरू अझ प्रभावकारी भएका छन् भन्न सकिन्छ ।

## देवीचरण भण्डारी 'सरोज'

### १. *सानो भाइ*

प्रकाशक-श्रीमती गीता भण्डारी 'अनभिज्ञ', चन्द्रगढी, झापा; मुद्रक-सुरन अफसेट प्रेस; पहिलो संस्करण-२०६२ असोज, पृष्ठ-५४+२०=७४, मूल्य-रु.५०।-; चित्र-नभएको; आवरण-शर्मा ग्राफिक्स, काठमाडौँ ।

सोह्र कविता र सात गीत गरी कुल तेइस रचना । शीर्षक : कवितातर्फ-कमिला, फूल, कापी, मेरो कोठा, सानासाना नानी, बाल्यकाल, दसैँ, सानो भाइ, जून, सानो भाइलाई सन्देश, चुलेँसी, आमा, माटो, हिमाल, कुर्सी, सिलौटो र लोहोरो, गीततर्फ-म त ऐले सानो बालक, पढ्ने बेला पढ्नुपर्छ, चाहिँदैन सम्पत्ति, सानासाना नानी, क ख ग घ A B C D, सानासाना नानी हामी, मुटुभित्र देशको माया । पशुपक्षी, चाडपर्व, प्रकृतिका विविध कुरा, घरव्यवहारमा प्रयोग हुने वस्तुहरू बालकविताका विषय हुन् । केही कवितामा सच्चरित्रतालाई पनि विषयवस्तु बनाइएको छ । लेखकको प्रारम्भिक प्रयास भएकाले कविताहरू

उपदेशात्मक हुन पुगेका छन् । कवितामा कलात्मकताभन्दा वर्णनात्मकता बढी छ ।

## देवीप्रसाद वनवासी

### १. *अमरज्योति*

प्रकाशक-हरेलो प्रकाशन, वालिङ, स्याङ्जा; मुद्रक-ग्यालेक्सी अफसेट प्रेस, स्याङ्जा; पहिलो संस्करण-२०६२ असार, पृष्ठ-३२+१०=४२, मूल्य-रु.२५।-; चित्र-नभएको; आवरण-रमेश श्रेष्ठ ।

जम्मा उनन्तीस कवितामध्ये सोह्रवटा बालकविता । बालकविताका शीर्षक-जयनेपाल, माछापुच्छ्रे, आँधीखोला, कमिला र हात्ती, झारपात, फागुनको सात, लम्जुङ दरबार, चकचक चाना, गोठाले गीत-१, गोठाले गीत-२, जाडो, भोकको ताप, बालक-फाइफुई, पाठ, घरबारी, चिरीबिरी । नेपाली लोकजीवनमा प्रचलित केही बालकवितालाई मौलिक स्वरूपमा प्रस्तुत गरिएका र केही पूर्ण मौलिक बालकविताहरू यस सङ्ग्रहमा रहेका छन् । आफू बसोबास गरेको स्थलको प्रकृतिलाई पनि कविले विषय बनाएका छन् । बालकवितामा आची, तुरी, फाइफुई, पापा, थिरीथिरी, तातेताते र पिपीजस्ता बालबोलीका शब्दहरूको प्रयोग भएको देखिन्छ । यसले बालकवितालाई रोचक र मीठो बनाएको छ ।

## दैवज्ञराज न्यौपाने

### १. *तोतेबोली*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-शक्ति प्रेस, नरदेवी, काठमाडौँ; पहिलो संस्करण-२०३८; दोस्रो संस्करण-२०४३, पृष्ठ-६१+७=६८, मूल्य-रु.७।६०; चित्र-अनुल्लिखित ।

छत्तीस बालकविता । शीर्षक-राम्रो बानी, सुतन नानी सुतन, कानाकाना कुर्र, माछो-माछो भ्यागुतो, दसैँ, सबै हाम्रा साथी, कुक्कू खेल, पुतली, काठमाडौँ सहर, घामपानी, नौलाख तारा, इन्द्रेनी, वर्षा आयो, जुनकिरी, कामधेनु, सानो मने, हिमचुली, हाम्रो नेपाल, हामी नेपाली, भाषा हो हाम्रो नेपाली, हाम्रा नानी, हिँड्नु छ तिमीले बत्ती बाली, हाम्रो झण्डा, नालापानीमाथि, आफ्नै बोली, राष्ट्र रच्ने बालो, दिदी हाम्री सती, जन्मभूमि आमा, गाइने दाजु, आज हाम्रो छुट्टी छ, महाकवि, रामशाहको नियाँ, नानीहरूसित, माइती राजा, बालक, शहीदको कथा ।

बालजगत्ले माया गर्ने विषय प्रकृति, संस्कृति, गाउँघर र पशुपंक्षीजस्ता विषयमा लेखिएका सङ्ग्रहका बालकविताहरूका माध्यमबाट कविले धेरै विषयमा हुने बालजिज्ञासालाई शान्त पार्ने प्रयास गरेका छन् । केही कवितामा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय भावनाप्रति बालबालिकालाई उत्प्रेरित गर्ने प्रयास पनि केही कवितामा भएको पाइन्छ । बालकविताहरू बालमनोभावअनुरूप बालभाषा र लयात्मक शैलीमा प्रस्तुत छन् ।

## २. *गाउँखाने कविता*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-३०, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

गाउँखाने कथालाई कवितात्मक रूपमा प्रस्तुत । लेखकीय र प्रकाशकीय दुवै नभएको । पछिल्लो संस्करण साझा प्रकाशनबाट प्रकाशित । यस सङ्ग्रहमा हाम्रो समाजमा प्रचलित गाउँखाने कथाको परम्परामा कतिपय लोकप्रचलित र कतिपय मौलिक विषयलाई कवितात्मक रूप दिइएको छ । साथै यसमा सरल शब्दहरू, लयात्मकता र हाम्रा गाउँघरमा प्रचलित नामहरूलाई पात्रका रूपमा गरिएको प्रस्तुतिका कारण कविता रुचिकर हुन पुगेका छन् ।

## ३. *बाल-संसार*

प्रकाशक-वाणी प्रकाशन सहकारी संस्था लि., विराटनगर; मुद्रक-शीला प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-४८+४=५२, मूल्य-रु.३०।-; चित्र-रविन पिया ।

पच्चीस बालकविता । शीर्षक-जय देश ! जय नेपाल !!, हाम्रो नेपाल, नेपाली हो नाउँ, यो देश हाम्रो नेपाल, हामी सबै नेपाली, शिर हो हाम्रो सगरमाथा, सयपत्री हाम्रो, मुटुभरि माया, पाछौँ अझै राम्रो, पुतली, तारा दिउँ बाली, साउनका दिन, चल्छ सधैँ नाम, शरद्को बेला, देखासिकी, जसै माया गाँसिन् ?, जाडो भयो कस्तो ?, सरस्वती महिमा, हुँदैन गर्नु मूर्खता, कति राम्रो जून, झुसिलकीरा रानी, घामचरी आई, सधैँ राम्रो सयपत्री, जून र तारा, नयाँ वर्ष । सङ्ग्रहका बालकवितामा एकातिर बालरुचिअनुकूलको विषय चयन गरिएको छ भने अर्कातिर बालबोली, अनुकरणात्मक र झर्रा शब्दहरूको प्रयोग भएका छन् । राष्ट्रिय भावनाको प्रवर्द्धन गर्ने खालका केही कविता पनि रहेका सङ्ग्रहका

बालकविता लयात्मकता छन् । यसमा भएका बालकविताहरू विशेषतः १० देखि १५ वर्ष उमेरसमूहका बालबालिकालाई दृष्टिगत गरेर लेखिएको छ ।

### ४. सबै हाम्रा साथी

प्रकाशक-आगम प्रकाशन, काठमाडौँ; मुद्रक-आगम प्रिन्टर्स पब्लिसर्स एन्ड जनरल सप्लायर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५६ मङ्सिर, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-अनन्तमणि आचार्य ।

अट्ठाइस बालकविता । शीर्षक-मेरो सानो मुरली, म त सानो कोपिला हुँ, सबै हाम्रा साथी, जून ल्याइदिनोस्, आँखाभित्र नानी, खेल्न कहाँ जाने ?, वर्षा रानी, सबैलाई राम्रो, जूनकीरी, काफल गेडी कुटुक्क, हट् घोडा हट् हट्, नौरङ्गी डाँफे, रानी पुतली, भुन्भुन्-भुन्भुन् मौरी गर्छ, हाम्रो घरको कुती, म्याउँ-म्याउँ बिरालो, मक्मक् घुर, आऊ खेल्न जाऊँ, आमा मलाई प्वाँख दिनोस्, धिन्ताङ्-धिन्ताङ् मादलु, सानी चरी, काग दाजै काग, इन्द्रेनी खै ! इन्द्रेनी खै !!, पढ्ने मेरो काम, गाहा पाएँ मैले, मन परेको मेरो साथी, मूर्ख बिराला र चरो, सधैँ छ राम्रो ।

सहज, सरल र सम्प्रेषणीय बालकविताहरूको प्रस्तुत सङ्ग्रहमा पनि पूर्ववर्ती बालकवितासङ्ग्रहमा झैँ अनुकरणात्मक एवम् झर्रा र बालबोलीका शब्दहरू प्रयोग भएका छन् । कविताहरू बालबालिकाको रुचिअनुकूल लयात्मक र प्रभावपूर्ण शैलीमा प्रस्तुत गरिएका छन् । लेखकले यसलाई सातदेखि एघार वर्षसम्मका बालबालिकाका लागि तयार गरेका हुन् ।

## ध्रुव

### १. बालविनोद

प्रकाशक-चन्द्रकुमारी देवी, दार्जीलिङ; मुद्रक-युनाइटेड कमर्सियल प्रेस प्रालि, कलकत्ता; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-३२, मूल्य-छ आना (भारु); चित्र-केशव दुवाडी ।

एघार बालकविता । शीर्षक-चिनिञा पुतली, सानु पुतली, भकुन्डो, भालू कुक्कुर, डुहुरे मूसो, स्याबास बालक, बनभात, ललिता मोहन, खेल्न जाऊँ हिंडन साथी, काग दाजै, सपना । लेखकीय, प्रकाशकीय र भूमिका केही नभएको । सङ्ग्रहमा पहिलो संस्करण भनी उल्लेख नगरिए पनि सङ्ग्रह २०१४ सालमा प्रकाशित भएको देखिन्छ । सङ्गृहीत बालकवितामध्ये *भकुन्डो, स्याबास बालक*

र *ललिता मोहन* भ्याउरे लयमा लेखिएका छन् भने *सपना* कविता कथात्मक रूपमा बुनिएको छ । कविता बालबालिकाले बुझ्ने सरल भाषामा लेखिएका छन् । लोकलयमा आधारित प्रस्तुत कृतिमा नेपाली समाजमा प्रचलित बालखेल र पशुपक्षीहरूलाई विषय बनाइएको छ ।

## ध्रुवकृष्ण दीप

### १. *बालभोग*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-१५+१=१६, मूल्य-अनुल्लिखित; चित्र-जनक शिक्षा सामग्री केन्द्र लि.; आवरण-रवि मानन्धर ।

सोह्र कविता । शीर्षक-उज्यालो गीत, हरहर महादेव, झरी गीत, मूसो, पुतली, काग, कम्मर दुख्यो, बेलून, खोलाको गीत, एक दुई तीन, दैच्यूरा खाऊँ, औँली मैयाँ, हल्ला गर्ने चल्ला, एउटा स्यानो खरायो, रातो भाले, मौरी । लेखकीय र प्रकाशकीय दुवै नभएको । सङ्ग्रहका धेरैजसो बालकविता प्रकृति र जीवजन्तुका विषयमा लेखिएका छन् । छोटा र सरलता यिनका विशेषता हुन् ।

### २. *मनभोग*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-प्रभात प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४४, पृष्ठ-४०, मूल्य-रु.१३।-; चित्र-मिलन शाक्य; अक्षर र सज्जा-श्यामदास अशान्त ।

पैतीस बालकविता । शीर्षक-सूर्योदय गीत, चल्ला, मौरी, मुसो, छट्टु बिरालो, पल्टन पल्टन, मेरो घोडा, हाम्रो भाले, मेरो स्यानो खरायो, फुलन्धरे बेलुन, भ्यागुता, तिमीमात्तै त्यसै किन ?, काग, हाम्रो गीत, दसैँ आयो, बाह्र महिने गीत, शरद् गीत, बिचरो गधा, पुरुषार्थ गीत, सङ्कल्प गीत, भँडो, खोला, परेवा, चङ्गा, नाच्यो मुजूर, फुरूंगी, सबको नाइके, हाम्रो झण्डा, रोटे पीङ, लीला र लोचन, बहुमुखी बंगुर, झमझम पानी, पुतली, जुनेली गीत, निदौरी गीत । **मनभोग**मा रहेका बालकविताहरूमा प्रकृतिको वर्णन, जीवजन्तुको चित्रण र देश-संस्कृतिको जयगान गरिएका छन् । विशेषतः यी बालगीतहरू बालबालिकाले खेल्नका लागि प्रयोग गर्नसक्ने खालका छन् । यी बालकविताहरूले बालबालिकालाई मनोरञ्जन दिनुका साथै शब्द निर्माण गर्ने कला पनि सिकाउँछन् ।

## ३. *तिलौरी*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-संयुक्त प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५४, पृष्ठ-२४, मूल्य-रु.२२।-; चित्र-आलोक चालिसे ।

बीस बालकविता । शीर्षक-घण्टाघरे चरो, हाँस, शरद् ऋतु, पेटीबाट हिँड्नेलाई, खरायो, मीठो बोल्ने नानीलाई, भालु, निदौरी, बच्चा सबै राम्रा, हात्ती, मुसो, साझा गीत, माहुरी, ढिकी भन्छ, हरहर महादेव, घोडा, बेलून, भँगेरी, मेरो कुकुर, नाच गीत । बालबालिकालाई गीतिलयमा विभिन्न विषयबारे जानकारी दिने बालकविताको प्रस्तुत कृति लेखकको पूर्व कृतिकै निरन्तरता हो । विशेषतः घरवरिपरिका जीवजन्तु, बालसंसारका वस्तुहरू, नेपाली ग्रामीण जीवनमा प्रयोग हुने सामग्रीलगायतका कुरालाई यस कृतिले विषय बनाएको छ । बालगीतहरू सरल छन् । मीठा छन् ।

## ४. *पुष्टकारी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेब प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५५, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-विजय श्रेष्ठ ।

सोह्र बालकविता । शीर्षक-वागीश्वरी वन्दना, मातृगान, घण्टाघरे चरो, तिमी कस्तो !, खरायो, तिम्रो नाम के ?, ढङ्ग न रङ्ग, कुकुर, बेलुन, रेलगाडी, मनसुनी मेला यो, स्वदेश गान, बिरालो, भालु, सानु बाबा, घण्टी बज्यो टिन्न । लेखकीय र प्रकाशकीय दुवै नभएको । यस सङ्ग्रहमा ईश्वरप्रेम, देशप्रेम र मातृप्रेमका विषयमा लेखिएका बालकविताबाहेक पशुपक्षी र बालसंसारका वस्तुहरूलाई कवितामा प्रस्तुत गरिएको छ । संगीतात्मकता, सरलता र सरसता कवितामा पाइन्छन् ।

## ५. *बालपोष*

प्रकाशक-प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५५, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-लक्ष्मण भुजेल र जी.डी.शारू ।

बीस बालकविता । शीर्षक-सरस्वती बन्दना, के दिउँ नानी तिमीलाई, पहिचान गीत, बच्चा सबै राम्रो, मुस्कुराउँछन् देवता त्यहाँ, झाँक्री, हाँस, मेरो फूलबारी, चरी गीत, पेटीबाट हिँड्नेलाई, निदौरी, बाह्रखरी गीत, काग, सबको

नाइके, मातृगान, बालसौन्दर्य गीत, के छ तेरो हाल !, आफ्नो-आफ्नो बोली, पपापिपी, एउटा सानो खरायो । लेखकीय र प्रकाशकीय दुवै नभएको । यस कृतिमा पूर्व प्रकाशित कृतिकै केही कवितामा थप कविताहरू समावेश गरिएका छन् । नेवारी बाललोकगीतमा आधारित बालगीत पनि कृतिमा समावेश गरिएको छ । कविताहरू सरल र गीतिलयले युक्त छन् ।

## ६. ***हातेमालो***

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-४१+११=५२, मूल्य-रु.२८।-; चित्र-टेकवीर मुखिया ।

बीस बालगीत । शीर्षक-प्रार्थना गीत, हातेमालो गीत, चङ्गा गीत, मीठो बोल्ने नानीलाई, रङ्गीन गीत, सिमसिमे पानी, सन्चरबारको दिन, निदौरी, मजुर, लामखुट्टे, नमुने नानी, बानी राम्रो हुनेलाई, रातो भाले, हात्ती, हामी पनि, स्याबास गीत, मेरो च्यान्टे घोडा, मेरी छोरी, झिँगा, जुनेली गीत । सरलता, लयात्मकता र सङ्गीतात्मकतालाई बालकविताका लागि अनिवार्य ठान्ने ध्रुवकृष्ण दीपका यस सङ्ग्रहका बालकविताहरू पनि जीवजन्तुको चित्रण, प्रकृतिको वर्णन र देश र संस्कृतिको जयगानमा केन्द्रित छन् । पूर्व कवितासङ्ग्रहमा लेखिसकिएका कतिपय विषयमा उनले पुनः कलम चलाएकाले केहीमा पुनरावृत्ति दोष देखिन्छ ।

## ७. ***सुनाखरी***

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-२८, मूल्य-रु.२५।-; चित्र-सुनील थापा ।

बीस बालकविता । शीर्षक-चिनारी गीत, आइज चरी, सुइँखुट्टे मुसो, तिम्रो नाम के ?, जुनेली गीत, काग, आज शनिबार, रातो भाले, खरायो, बेलुन, भँगेरी, माहुरी, ढिकी, तिम्रै गीत, झरी गीत, आफ्नो आफ्नो बोली, मेरो च्यान्टे घोडा, मीठो बोल्ने नानीलाई, झिँगा, बच्चा सबै राम्रो । यस सङ्ग्रहका धेरै कविता अघिल्ला सङ्ग्रहमा छापिसकिएका हुन् । एउटै कविता तीन/चार सङ्ग्रहमा छाप्ने उनको प्रवृत्तिलाई राम्रो मान्न सकिन्न । यस सङ्ग्रहका *बेलुन, माहुरी, रातो भाले, मेरो च्यान्टे घोडा, झिँगा, मीठो बोल्ने नानीलाई, बच्चा सबै राम्रो*लगायतका बालकविताहरू पूर्व प्रकाशित कविता हुन् ।

## ८. *सारङ्गी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२५+७=३२, मूल्य-रु.३५।-; चित्र-शान्ता हिताङ; सम्पादन-शाश्वत पराजुली ।

चौबीस बालकविता । शीर्षक-स्वस्थानी गीत, के द्यूँ नानी म तिमीलाई ?, मेरो कुकुर, औँली मैयाँ, बाँदर, परेवा, माउसुली, भालु, गाउँले दिदी, फौजी गीत, झाँक्री, मेरी छोरी, अनौठो मान्छे, सारङ्गी, गाइने दाइ, प्रहरी, फागु गीत, बन्दी बाघ, यो हरियो रूख, फुरूङ्गी, लामखुट्टे, बानी राम्रो हुनेलाई, कबाट कविता, मेरो तेजी घोडा । यस सङ्ग्रहमा पनि केही नयाँ कवितामा पुराना कविताहरू नै राखी प्रकाशित गरिएको छ । *औँली मैया, बानी राम्रो हुनेलाई* पहिलेका बालकवितासङ्ग्रहमा छापिइसकेका छन् । बाँकी कविताहरू विविध विषयवस्तुमा आधारित छन् । कविताको भाषा सरल र लयात्मक छ ।

## ९. *फूलबारी*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-३७+७=४४, मूल्य-रु.६१।-; चित्र-राजमान महर्जन ।

पैँतीस बालकविता । शीर्षक-स्वदेशगान, माहुरी, बासन्ती गीत, तिम्रो नाम के ?, बानी राम्रो हुनेलाई, माछा, बिचरी यी चरी, नाच गीत, मजुर, चील, खरायो, रेलगाडी, काग, कमिलाहरू, पुतली, शुभेच्छा गीत, गाइने दाइ, हाम्रो झन्डा, खेलौँ एकैछिन, फौजी गीत, चट्टू बिरालो, रातो भाले, पहिचानगीत, परेवा, बेलुन, बड्गुर, निदौरी, हाँस, ककाकिकी कलम कस्ने, मेरो कुकुर, पेटीबाट हिँड्नेलाई, परीहरू, रूख, गधा, केटाकेटी । यस सङ्ग्रहका कविताहरू दीपका पूर्ववर्ती कृतिझैँ विभिन्न बालसुलभ विषयहरूका बारे लेखिएका छन् । कविताहरू सरल र लयात्मक छन् । यिनले बालबालिकालाई विविध विषयका बारे जानकारी दिनुका साथै मनोरञ्जन पनि प्रदान गर्छन् । यस सङ्ग्रहका धेरै कविताहरू उनका पूर्ववर्ती कवितासङ्ग्रहहरूमा छापिइसकेका छन् । माथि उल्लिखित पुस्तकहरूमा रहेका कविताका शीर्षकहरू मिलाएर हेरेमा नै यो कुरा स्पष्ट हुन्छ ।

## नन्दराम लम्साल

### *१. मीठा कुरा*

प्रकाशक-नन्दराम लम्साल; मुद्रक-पाटन प्रिन्टिङ प्रेस, नेपालगञ्ज; पहिलो संस्करण-२०२९, पृष्ठ-४३+७=५०, मूल्य-रु.१।५०; चित्र-नभएको ।

उन्नाइस बालकविता । शीर्षक-आफ्नै लिणेढिपी, मीठा कुरा, रुञ्चे हाँसो, भोको भुँडी, बसन्तलाई चिठी, आमाको मन, सूर्यको मुखिञ्जेल बत्ती, मुरली, कुहिराको काग, भालुलाई पुराण, चुरोटको धुँवा, पैसा धूलो, नाच्न नजानेको होइन आँगन टेडो, हुने विरुवाको चिल्लो पात, तै चूप मैं चूप, कुकुर बरु पक्का साथी, गाउँ आउने निम्तो, मनको लड्डु, बाजलाई बिन्ती । सङ्गृहीत बालकविताहरू विविध विषयका छन् । यी कविताहरूले बालबालिकालाई विभिन्न विषयका अतिरिक्त मानवीय जीवनका कतिपय पक्षबारे जानकारी दिन्छन् । कविताहरू छन्दबद्ध छन् । तर कविताको भाषा अलि कठिन लाग्छ ।

## नन्दु उप्रेती

### *१. हामी साना लालाबाला*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि; मुद्रक-सर्वोत्तम अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२४, मूल्य रु.१२।-; आवरण ⁄ चित्र-सङ्गी श्रेष्ठ ।

दस बालकविता । शीर्षक-हामी साना लालाबाला, के के बन्ने हो ?, पढ्ने लेख्ने रहर, झुल्के घाम मेरो नाम, आमाको माया, आऊ साथी आऊ, पढ्न लेख्न सिकैं, लेकको हाम्रो स्कुल, घर मेरो चित्राको, पढ्न पठाऊँ बा आमा । बालसंसारभित्रका विविध विषयमा लेखिएका छोटा र सरल यी बालकविताहरूलाई कविले गीतिलयमा प्रस्तुत गरेका छन् । बालबालिकालाई शिक्षाआर्जनका लागि उत्प्रेरित गर्दै राष्ट्र निर्माणका बाटोमा अग्रसर गराउनेतर्फ लक्ष्यित यी बालकविताहरूमा नेपाली गाउँघरको चित्रण हुनुका अतिरिक्त मित्रताको महत्त्व र आमाको मायाबारे पनि वर्णन गरिएको पाइन्छ ।

### *२. सानीसानी पुतली*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-२०+४=२४, मूल्य-रु.१७-; चित्र-सङ्गी श्रेष्ठ ।

बीस बालकविता । शीर्षक-सानीसानी पुतली, म्याउँ म्याउँ बिरालो, चङ्गा, प्यारो देश नेपाल, पुतलीको बिहे, आकाशकी रानी, चिरिबिरी च्याँ, फूलबारीमा खेल्ने साथी, बुबु देदे तारी गाई, लेकको हाम्रो सानो गाउँ, म त सडकमा, फूलवारीको माया, म्याँ म्याँ मने, मेरा मनका राजारानी, देशको माया, को होला त्यो ?, एउटै माया देऊ, जून मेरी दिदी, इन्द्रेनी र सपनाको स्वर्ग । सङ्ग्रहमा चराचुरुङ्गी, जीवजन्तु र प्रकृतिबारे लेखिएका बालकविताका अतिरिक्त सडक बालकको कथा र नेपाली गाउँघरको चित्रण पनि समेटिएका छन् । अनुप्रासयुक्त लोकलयात्मक शैलीमा प्रस्तुत बालकविता सरल छन् । यी बालकविताले बालबालिकालाई सांस्कृतिक, शैक्षणिक एवम् नैतिक मर्यादाबारे बोध गराउँछन् ।

## नर्मदेश्वरी सत्याल

### *१. छुनुमुनु छुनुमुनु*

प्रकाशक-परिवेश प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सुनकोसी छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-१६, मूल्य-रु.१५।-; चित्र-दीपक गौतम; आवरण-वासु क्षितिज ।

एघार बालकविता । शीर्षक-छुनुमुनु छुनुमुनु, मने, नाना खोई ?, अहा ! मेरो स्कुल, कति ज्ञानी, भँगेरो र गौँथली, माहुरीको हुल, आँगन, पुतली, सयपत्री फूल, मुख । बालबालिका, चराचुरुङ्गी, फूलगायतका विषयमा लेखिएका सङ्ग्रहका कविताहरू सरल छन् । अप्रत्यक्षतः विभिन्न सन्देशसमेत दिने यी कविताका माध्यमबाट कवयित्रीले बालबालिकालाई आफ्नो काममा लगनशील भएर लाग्न प्रेरणा दिनुका साथै भविष्यमा राम्रो बाटोमा हिँड्नुपर्ने सल्लाहसमेत दिएका छन् । कवितामा बालबोलीका शब्दहरू प्रयोग भएका छन् । कतिपय कवितामा लय र अनुप्रास नमिलेका कारण गाउन असजिलो देखिन्छ ।

## नरेन्द्र चापागाईँ

### *१. बाल-आबाल*

प्रकाशक- प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर; मुद्रक-जयभारत प्रिन्टिङ प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४४, पृष्ठ-१४४, मूल्य-रु.२०।-; चित्र-नभएको ।

**देशान्तर** र **मेरा नानीहरू** शीर्षकका दुई काव्यमध्ये पछिल्लो चाहिँ बालकाव्य । छत्तीस उपशीर्षक-मङ्गलाचरण, प्रातः प्रार्थना, पाठ, भोजन, राष्ट्रिय

गान, कक्षा कोठा, बेलुकी पख, तोरी फुल्यो, सिन्की धूलो, गोठे लौरी, पाठ गरी खेल, अपाङ्ग दिवस, बाल दिवस, सैसला मसला, बडा दसैँ, लिङे पीङ, टीका, देउसे भैले, ठूलो जाँच, हिउँदे छुट्टी, दाइँ, हरे गुडु, धरीचोट, पास फेल, सरस्वती पूजा, असार पन्द्र, रोपाइँ, रात, वैशाली बिहान, ज्ञान, जाति, कुल, पुर्खा, षडानन्द, उपसमापन, पूर्ण समापन । प्रत्येक उपशीर्षकमा अठार पङ्क्ति । **मेरा नानीहरू** शीर्षकअन्तर्गत रचिएका छत्तीस बालकविताले बालबालिकाको दैनन्दिनी, खेलकुद, शिक्षालगायतका कुरालाई आफ्ना विषय बनाएका छन् । बालबालिकालाई नैतिकतावान्, सच्चरित्र र स्वस्थ बन्न प्रेरणा दिने उद्देश्यबाट लेखिएका हुनाले यी बालकविता उपदेशात्मक पनि हुन पुगेका छन् । चापागाईंका बालकविताहरू लोकलयको शैलीमा लेखिए पनि बालरुचिअनुकूल भने हुन सकेका छैनन् ।

## नरेन्द्र थापा

### *१. बालगीत*

प्रकाशक-अनुल्लिखित; मुद्रक-गोरखापत्र छापाखाना; पहिलो संस्करण-२०१८ जेठ, पृष्ठ-२५+५=३०, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

पन्ध्र बालकविता । शीर्षक-हाम्रो बन्दना, बिहान, घडी, समाजका बन्धु, माकुरी, मेरो कुकुर, खोला र बालकको वादविवाद, फूलबारी, मौरी, कमलको फूल, अल्छी केटो, राष्ट्रिय गीत, विद्याधर, झिँगा, वर्षा । लेखकीय, प्रकाशकीय र भूमिका केही नभएको । घरवरिपरिका जीवजन्तु, वातावरण र अन्य विषयमा लेखिएका यी कविताहरू विषयचयनका दृष्टिले उपयुक्त भए पनि प्रस्तुतिका दृष्टिले प्रभावकारी हुन सकेका छैनन् ।

## नीलिमा घोष

### *१. रामायण (सम्पा.)*

प्रकाशक-प्रेसिडेन्सी लाइब्रेरी, कलकत्ता, भारत; मुद्रक-जगदीश प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-४४+४=४८, मूल्य-७५ पैसा (भारु); चित्र-नभएको ।

यो कृति रामायणबाट सम्पादित भनिए पनि अन्य विवरण केही उल्लेख नभएकाले यसबारे थप भन्न सकिने स्थिति देखिन्न । लेखिकाको मातृभाषा बङ्गाली भएकोले यो कृतिको सम्पादन उनले कसैको सहयोग लिएर मात्र गरेको अनुमान गर्न सकिन्छ ।

## नैनसिंह योन्जन

### १. *नयाँ बाल-सङ्गीत*

प्रकाशक-श्याम प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-माडर्न दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९६५ इ.; संस्करण-२००१ इ., पृष्ठ-६०, मूल्य-रु.२०।-(भारु); चित्र-अनुल्लिखित ।

साठी बालगीत । शीर्षक-घडी, ठूला मानिस, दया-माया, गुरु आज्ञा, झोला, मिलीजुली, बहिनी, धाम, गमलाभरी, बादल, बेसार, कुबानी, प्रणाम, छाता, व्यायाम, थुक-खकार, अस्पताल, टी.भी., पुतली, डमरू, मारूती, कोकले, गुड्डी, तोरीको फूल, भटभटे, गौँथली बस् बस्, करेला तितो एकदम, साथी आउ नुहाइवरी, रानी चरी, लमेनीको दोकान, मेरी दिदी सुन्दरी, दशैँ तिहार आयो, उड् उड् पुतली, वैज्ञानिक म हुनेछु, काग दाज्यै काग, पानी पऱ्यो पऱ्यो, बाबु मेरा तपाईं, नाच भालू, आइज आइज भमरा, नानीलाई खेलाउने, ल्याउन साथी गुलेली, एउटा गोरू टाटे पाङ्ग्रे, जाऊँ पल्टन, तयार हौ साथी भाइ, सानो पसल, भ्यागुतालाई जुत्ता मोजा, घिउको तीनवटा रोटी, फुलौरी रहेछ कुहेको, बारह बजी खाजा, डाक्टर बाबू, मिठाई बासी, हाम्रा बलूनहरू, तिम्रा बलूनहरू, विद्या र बुद्धि पाऊँ, किताब च्यापेर, कोशिश गर्छ । 'बालश्रेणीका निम्ति' भनिएको । सन् २००१ मा प्रकाशित सस्करणमा कतिऔँ भन्ने अनुल्लिखित ।

चार/चार पङ्क्तिका साठी कविताको यो सङ्ग्रहले बालसंसारका थुप्रै विषयवस्तुलाई समेटेको छ । जीवजन्तु, चाडपर्व, शिक्षादीक्षा, घरमा प्रयोग गरिने विविध वस्तुहरूसँगै अनेकन् विषयका कारण कृति बालबालिकाका लागि उपयोगी छ । लेखक दार्जीलिङको भएको हुनाले कविताको भाषामा त्यहाँको प्रभाव स्पष्ट देखिन्छ । बालगीतहरू लयात्मक छन् ।

## पद्मप्रसाद देवकोटा

### १. *अनल चरी*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-५०, मूल्य-रु.३०।-; कला-टेकवीर मुखिया ।

छ अध्यायमा विभाजित बालखण्डकाव्य । यस बालखण्डकाव्यमा पहिलोमा २३, दोस्रोमा १६, तेस्रोमा १७, चौथोमा १६, पाँचौँमा २३ र छैठौँमा ३६ कवितांश र कुल ७८५ पङ्क्ति छन् । यस काव्यमा एक युगल जोडीको प्रेमलाई असफल

बनाउने र त्यो प्रयासलाई समाप्त पारिएको घटनालाई कथाका रूपमा प्रस्तुत गरिएको छ । यस काव्यले महाकवि देवकोटाको बालखण्डकाव्य **राजकुमार प्रभाकर**लाई पनि सम्झाउँछ । लोकलयमा प्रस्तुत यो काव्यको भाषाशैली भने बालबालिकालाई चाहिने जति सरल र सरस भने हुन सकेको छैन ।

## परशु प्रधान

### *१. विश्वका बालकविता (सम्पा.)*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-जीवन प्रिन्टिङ सपोर्ट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४८, पृष्ठ-३२+४=३६, मूल्य-रु.१२।-; चित्र-टेकवीर मुखिया ।

नेपालका बीस र अन्य देशका दस गरी तीस बालकविता सङ्कलन गरिएको सम्पादित कृति । लक्ष्मीप्रसाद देवकोटाको पाप लाग्छ, सिद्धिचरण श्रेष्ठको नानी, माधव घिमिरेको पुतली खेल, कृष्णप्रसाद पराजुलीको चाँचरी सानु चरी, नरहरि आचार्यको गौँथलीको बानी, रामकुमार पाँडेको बूढी कुखुरी, केदार न्यौपानेको राम्रो बानी, शारदा शर्माको माटोको माया, अशेष मल्लको पढ्ने बेला पढ न, कल्पना प्रधानको मेरो सानो खरायो, माधवलाल कर्माचार्यको मेरो प्यारो देश, विष्णु भट्टको हात्ती, रामबाबु सुवेदीको कता पर्‍यो सियो ?, कुलमणि देवकोटाको च्याउ गीत, कृष्णप्रसाद दुवालको आकाशकी रानी, कुलमानसिंहको चाँडै सुत्ने चाँडै उठ्ने, गेहेन्द्रभूषण पोखरेलीको केटाकेटी र रूख, दुर्गालालको नानी र फूलको कुराकानी, ध्रुवकृष्ण दीपको निदरी, दैवज्ञराज न्यौपानेको पढ्ने मेरो काम । यसका अतिरिक्त युगोस्लाभिया, कोस्टारिका, अल्जेरिया, भेनेजुयला, मेक्सिको, ग्रीस, थाइल्यान्ड, नाइजेरिया, टर्की र पेरूका बालकविताहरू पनि सङ्गृहीत ।

विश्वका विभिन्न देशका बालकविताको सङ्ग्रहको रूपमा प्रकाशित यो पुस्तक यस प्रकारको पहिलो पुस्तक हो । तर नेपालबाट भने सङ्ग्रहकै लागि भनेर बालकविता नै नलेख्ने कतिपय व्यक्तिलाई कविता लेखाएर राखिएका छन् । प्रतिष्ठित कविका कविताहरू भने पूर्व प्रकाशित बालगीत ⁄ कविता हुन् ।

## पारसमणि प्रधान

### *१. नेपाली कविता-पाठ (भाग-१)*

प्रकाशक-पी.एम.प्रधान एन्ड सन्स, कालिम्पोङ, भारत; मुद्रक-मणि प्रिन्टिङ प्रेस,

कालिम्पोङ, भारत; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-४४+४=४८, मूल्य-५० नयाँ पैसा (भारु); चित्र-नभएको ।

बाह्र कविता । शीर्षक-बालक, सानो, प्रेम, फूल, काम-कुरा, जूमा जाऊँ, मेरो घर, रोपाइँ, पिकनिक, मनकाञ्छे, गरिब, छात्र, आँट । यो पुस्तक बालबालिकालाई नेपाली भाषासाहित्यको पठनपाठन र त्यसप्रति रुचि जगाउने किसिमले तयार गरिएको बालपाठ्यपुस्तक हो । यसको प्रकाशकीयमा लेखिएको निम्न अंशले पनि यसबारे जानकारी गराउँछ-"हिन्दी, बङ्गला, अङ्ग्रेजी आदि अरू भाषामा बालोपयोगी रसिला सजिला कविताहरू बालकबालिकालाई पढ्न दिने, कण्ठ गराउने चलन चलेको छ तर नेपाली भाषामा भने यस्ता कविताहरूका पुस्तक अझसम्मन् तयार नभएको देख्ता यो **नेपाली कविता-पाठ** तीन भागमा लेखी लेखाई प्रकाश गर्ने काम भएको छ । यसमा भएका कविताहरू बालकबालिकाहरूले रुचाएका खण्डमा यस्ता अरू पुस्तकहरू लेख्ने र लेखाउने विचार हामीले गरेका छौँ ।" *(प्रकाशकीय,* आवरण दोस्रो पृष्ठ)

### *२. नेपाली कविता-पाठ (भाग-२)*

प्रकाशक-पी.एम.प्रधान एन्ड सन्स, कालिम्पोङ, भारत; मुद्रक-मणि प्रिन्टिङ प्रेस, कालिम्पोङ, भारत; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-६०+४=६४, मूल्य-७५ नयाँ पैसा (भारु); चित्र-नभएको ।

नौ कविता । शीर्षक-मनको लड्डू, जीवन, खोलो, अजीब साथी, हिमालय, सरिता, बीरू ड्राइभर, चक्रब्यूह, जयद्रथ वध ।

### *३. जपमाला*

प्रकाशक-पी.एम.प्रधान एन्ड सन्स, दार्जीलिङ, भारत; मुद्रक-मणि प्रिन्टिङ हाउस, दार्जीलिङ, भारत; पहिलो संस्करण-१९७२ फरवरी, पृष्ठ-२०७+१५=२२२, मूल्य-रु.३।५० (भारु); चित्र-नभएको ।

एकसय आठ बालकविता । पहिलो कविता अन्तिम इच्छा र अन्तिम कविता ज्ञान समालोचना । अन्य केही शीर्षक-अजीब साथी, अमृत-वचन, अर्ती, आँट, आमा, आशीर्वाद, आशीर्वाद ग्रहण, देशको स्तुति, ईश्वरको लीला, ईश्वरलाई ढोग, कमारीको विलाप, खरायोको ओंठ कसरी च्यातियो ?, गधाको बयान, गोठालो र बाघ, गौँथली र सालिग, घडी, घमण्डी भ्यागुतो, चक्रव्यूह, चढुँ-चढुँ

लाग्छ, जाली माकुरो, पशुपक्षीको युद्ध, प्रह्लाद-भक्ति, फलाम र सुनको विवाद, बालक, बिरालो, बूढो गोरुको आत्मकथा, मौरी र माखो, रिस, लोभी भिंगा, वर्षा, समय र खोलो, सरिता, सिंह र मुसो, हिमालय आदि । बन्ध र समस्यापूर्ति पनि समाविष्ट । नेपाली भाषामा बालपाठ्यपुस्तक तयार गर्ने उद्देश्यले पारसमणि प्रधानले थुप्रै विधामा रचनाहरू तयार गरे । त्यही क्रममा बालकविताहरू पनि लेखे । त्यस्तै बालकविताहरूको सङ्ग्रहको रूपमा यो कृति प्रकाशित भएको हो । आवश्यकताले कवि बनेका पारसमणिका यी बालकवितामा थुप्रै विषयका कविता छन् । बालरुचिअनुकूलका विषयका अतिरिक्त धार्मिक-पौराणिक विषय, लोकप्रचलन र लोककथालाई पनि उनले कविताका रूपमा ढालेका छन् । त्यसैले कवितामा कलात्मकताभन्दा वर्णनात्मकता बढी रहेका छन् । सरल भाषा र विविध शैली भने यिनको विशेषता हो ।

"यो **जपमाला**मा सन् १९१६ ईस्वीदेखि भर्खरैमात्र रचिएका मेरा १०८ कविताहरू बटुलबाटुल गरिएका छन् ।...जुन बेला दार्जीलिङमा कवि धरणीधर शर्माको **नैवेद्य**को प्रचार भएको थिएन त्यसबेला यो सङ्ग्रहमा भएका कैयन् पद्य-रचनाहरूको प्रचार प्रशस्त मात्रामा भइसकेको थियो ।...अहिलेका तरुण कविहरूले नभए पनि यिनका अग्रजहरूले यहाँ भएका कविता घोकेका थिए ।" (लेखकीय, *भूमिका*)

## ४. डा.पारसमणि प्रधानका बालकविता साथै केटाकेटीको गीत

प्रकाशक-पारसमणि प्रकाशन, दार्जीलिङ; मुद्रक-मणि प्रिन्टिङ हाउस, दार्जीलिङ; पहिलो संस्करण-२००० अगस्त, पृष्ठ-१०४+८=११२, मूल्य-रु.३०।- (भारु); चित्र-अनुल्लिखित; सङ्ग्रहकर्ता-नगेन्द्रमणि प्रधान ।

डा.प्रधानका अडसठ्ठी बालकविता । शीर्षक-बिहान, ईश्वरलाई ढोग, पितृभक्ति, आमा, उपदेश, प्रभु-प्रशंसा, सुपुत्र र कुपुत्र, घडी, सिंह र मुसो, जून, विद्या, साँझ, बिरालो, मित्र, हस्तलिपिको नमूना, हाम्रा पाठ। जीवन, लोभी झीङ्गो, चन्द्रप्रति, घमण्डी भ्यागुतो, सफलता प्राप्त गर्ने उपाय, अर्ती, सुनको फूल पार्ने हाँस, परिचय, समय, मेरो फूलबारी, सत्य, खेतीवाल, विनति, गोठालो र बाघ, लक्ष्य, खिसीटचूरी गरौँ किन ?, कामकुरा, बूढो गोरुको आत्मकथा, स्वभाषा, उपियाँ फड्क्यो जम्राको घान, पशुपक्षीको युद्ध, जूमा जाऔँ, मौरी र माखो, खरायोको ओठ कसरी च्यातियो ?, गुलाब, जाली माकुरो, फलाम र सुनको विवाद, रिस, कमारीको विलाप, कर्त्तव्य, कवि र कविता, प्रह्लाद-भक्ति, भानुभक्त कविका

विषयमा, भानु-बन्ध, आदिकवि भानुभक्त, अमृत-वचन, मातृभाषा, वर्षा, खोजी, काम गर, बौद्ध-धर्म, खोलो, समय र खोला, भारत हाम्रो, हिमालय, वीरू ड्राइभर, मानिस, वीर-पूजा, पहिले के गरौँ ?, जाग, स्वागत गान, ईश्वरको लीला ।

माथि उल्लिखित कविताबाहेक सङ्ग्रहकर्ता नगेन्द्रमणि प्रधानका *केटाकेटीले गाउने गीत, उखान र टुक्का* शीर्षकमा जाडो महिना, झीँगा, हाम्रो नाउ, चीँ मुसी, घाम लागी देऊ-वा, बस् बस् पुतली, कुक्कु चरी, बाङ्गी बाङ्गी खुट्टीले, कठै ! चरी चाँचरी, दार्जीलिङको सानु रेल, घेग्गे रानी, काली भैँसी, हरबर हरबर, ढुकुमुकु-ढुकुमुकु, कुकुरी काँ शीर्षकका लोक बालकविता, केही उखान र टुक्का अनि भङेरो र फिस्टो, भारत -हाम्रो गौरव, जनगणमन शीर्षकका बालकविता पनि सङ्गृहीत । यसमा भएका पारसमणि प्रधानका सबै कविता पूर्ववर्ती सङ्ग्रहहरूमा पहिले नै प्रकाशित भइसकेका हुन् ।

## पुण्यशील गौतम

### *१. मङ्गलेको चङ्गा*

प्रकाशक-रातो बङ्गला किताब, रातो बङ्गला स्कुल, पाटन, ललितपुर; मुद्रक-जगदम्बा प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०५१, पृष्ठ-१६, मूल्य-रु.३०।-; चित्र-पुण्यशील गौतम ।

बालकाव्य । लेखकीय र प्रकाशकीय दुवै नभएको । चौबीस पङ्क्तिको प्रस्तुत बालकाव्यमा एक बालकको चङ्गाखेलमार्फत विभिन्न जानकारी दिइएको छ । कृति गीतिलयमा सरल भाषामा लेखिएको छ । बालबालिकाका लागि कृतिले मनोरञ्जन पनि दिन्छ ।

### *२. काग काग कौवा*

प्रकाशक-रातो बङ्गला किताब, रातो बङ्गला स्कुल, पाटन, ललितपुर; मुद्रक-जगदम्बा प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०५३ जेठ, पृष्ठ-२४, मूल्य-रु.४०।-; चित्र/आवरण-पुण्यशील गौतम ।

बालबालिकालाई 'क' देखि 'ज्ञ' सम्मको ज्ञान दिने र ती अक्षरबाट आरम्भ भएका शब्दहरूको जानकारी दिई शब्दशक्ति बढाउने यो कवितात्मक पुस्तक बालबालिकाका लागि उपयोगी देखिन्छ । तथापि यसमा प्रयुक्त कतिपय शब्द बालबालिकाका लागि ग्राह्य देखिन्नन् ।

## पुन्य कार्की

### *१. असल बन्छु*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-४७+१=४८, मूल्य-रु.२५।-; चित्र/आवरण-रवि बस्नेत ।

बाइस बालकविता । शीर्षक-कालोपाटी, कालो बादल, माटो, जाडो र भोक, मौरी, कहिले चिईमुसी, रहर, सारङ्गीको आत्मकथा, म चैँ किन यस्तो, बालराजा, चङ्गा हुनुपर्‍यो, कमिला, मेरी आमा, चिई मुसी चिई, मेरो सानो छोरो, धर्तीको प्रतिक्षा, प्रकृति, डर होइन भर, बुकी फूल, रोप्न सके पसिना, घामले ठग्दा, किताब । बालबालिकालाई परिश्रमी, चरित्रवान्, शिक्षित र समग्रमा भन्ने हो भने असल बनाउने उद्देश्यबाट सङ्ग्रहका बालकविता लेखिएका हुन् । कविताले प्रकृतिका विभिन्न स्वरूप र सृष्टि तथा पशुपक्षीका अतिरिक्त बालखेलजगत्का विविध कुरालाई पनि विषय बनाएको छ । कवितालाई लोकलयात्मक बनाउने प्रयास भएको गरिएको छ र सरल भाषामा रचिएका छन् ।

## पुष्पलता आचार्य

### *१. दिदीका कविता*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६३ असोज, पृष्ठ-३२, मूल्य-रु.२५।-; कला-राजेश मानन्धर ।

सत्र बालकविता । शीर्षक-हे बाबा !, वैरी नठान, हामी अभागी, यता आऊ, बाबा कहाँ छन् ?, कसरी बढूँ म ?, माया नै पाइँदैन, हिँड्नु छ सरासर, मन रुन्छ धर्धरी, पर्नेछौँ बन्धकी, रातो चुरा लाऊ, म त खुसी हुन्छु, पढ्न रमाउँछौँ, 'लौ न, सम्झाइदेऊ', पढ्न देऊ, राम्रो शिक्षा देऊ, 'मेरो दुःख, मेरो पीडा' । सङ्ग्रहका बालकवितामा बालिका शिक्षा र विधवा विवाहको पक्षमा तथा भेदभाव र हत्या-हिंसाविरुद्ध आवाज उठाइएको छ । समसामयिक घटना पनि कवितामा अभिव्यक्त भएका छन् । कविता लयात्मक बनाउने प्रयास देखिन्छ ।

### *२. ज्ञानी छोरी*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस,

कोपुण्डोल; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-३१+१=३२, मूल्य-रु.२१।-; चित्र-उमेशचन्द्र अधिकारी; आवरण तस्वीर-आर्जु भट्टराई ।

बालकाव्य । बालिकालाई पनि पढाउनु पर्छ भन्ने सन्देश अन्तरनिहित भएको प्रस्तुत बालकाव्य तीन खण्ड र ६२ कवितागुच्छामा फैलिएको छ । काव्यमा एउटी ग्रामीण नेपाली छोरीको पीडामिश्रित उद्‌गारबाट बाबुको चेतना फर्किएको देखाइएको छ । सामयिक विषयमा गीतिलयमा लेखिएको यस काव्यको शैली भने वर्णनात्मक रहेको छ ।

### ३. *दिदी-भाइ*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, कोपुण्डोल; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-३१+१=३२, मूल्य-रु.२१।-; चित्र-उमेशचन्द्र अधिकारी; आवरण तस्वीर-आर्जु भट्टराई ।

यो संवाद-काव्य हो । गीतिलयमा रचित सन्देशमूलक यस काव्यमा प्रमुख तीन पात्र छन्-आमा र तिनका दुई छोराछोरी । यिनै तीन पात्रका गीतिलयका संवादमार्फत कथा बुनिएको छ । कथाले बालबालिकाको बालसुलभ चाहना र आमाको उनीहरूलाई सचेत-असल नागरिक बनाउने सचेततालाई वाणी दिएको छ । काव्यको भाषाशैली सरल र सहज रहेको छ ।

### ४. *फूल*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, कोपुण्डोल; पहिलो संस्करण-२०६३ पुस, पृष्ठ-२८, मूल्य-रु.१९।-; चित्र-उमेशचन्द्र अधिकारी ।

फूलको जीवनका बारेमा लेखिएको बालकाव्य । ६६ कविता गुच्छा । प्रकृतिसँग नजिकिनुपर्छ भन्ने भाव बोध गराउने प्रयास । फूलका विविध रूप र अवस्थाको चित्रण गरिएको यस बालकाव्यमा फूलको महत्त्वमाथि प्रकाश पार्दै यसको हेरचाह र सुरक्षामा जोड दिइएको छ । अन्य काव्यझैँ यस काव्यको संरचना पनि गीतिशैलीमा गरिएको छ । प्रस्तुत काव्यको भाषा सरल छ ।

### ५. *आमा छोरा*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस,

कोपुण्डोल; पहिलो संस्करण-२०६३ माघ, पृष्ठ-१६+१२=२८, मूल्य-रु.१९।-; चित्र-राजेश मानन्धर ।

यो काव्य पनि संवाद-शैलीमा संरचित छ । आमाछोराबीच दोहोरी गीतिशैलीमा भएको कुराकानीलाई लिएर लेखिएको यस काव्यमा कमाउन विदेश जानुपर्ने बाध्यतामा बाँच्नुपर्ने नेपाली गाउँघरको पीडालाई अभिव्यक्ति दिइएको छ ।

### ६. *चरी*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, कोपुण्डोल; पहिलो संस्करण-२०६३ माघ, पृष्ठ-३७+१=३८, मूल्य-रु.१५।-; चित्र-उमेशचन्द्र अधिकारी ।

एकानब्बे श्लोकमा रचित बालकाव्य । कवयित्रीको पाँचौ बालकाव्यको रूपमा प्रकाशित **चरी**मा एउटा बालक र घरको आँगनमा बिस्कुन चर्न आएका चराबीचको कथालाई काव्यको विषय बनाइएको छ । काव्यमा चराचुरुङ्गीप्रति प्रेमभाव र स्नेह राख्नुपर्ने र उनीहरूलाई मित्रवत् व्यवहार गर्नुपर्ने सन्देश अन्तरनिहित छ । काव्यमा सरल शब्द र लयात्मक शैलीको प्रयोग भएको छ ।

"मेरो यो **चरी** काव्यमा, पनि मेरो सानो छोरो छ । ऊ अत्यन्त अबोध भएर नि भावनाको छालमा पौडिन खोज्ने एक जिज्ञासु बालक हो । ऊ सानो छ, एक्लो छ र एक्लै आँगनमा चर्न आउने चराका बथानहरूसँग आफ्नो अबोध भावनालाई साट्न खोजिरहेछ ।" *(लेखकीय,* पृ.१७)

### ७. *सानो बाबू*

प्रकाशक-पुष्पलता प्रोडक्सन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, कोपुण्डोल; पहिलो संस्करण-२०६३ माघ, पृष्ठ-२५+११=३६, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित ।

एक सानो बालकको जन्मदेखि तीन वर्षबीचको स्वभाव र गतिविधिको चित्रण गरिएको यो बालकाव्य ११३ श्लोकमा संरचित छ । वर्णनप्रधान यस काव्यमा लोकलयात्मक गीतिशैलीको प्रयोग गरिएको छ ।

## प्रभा भट्टराई

### १. *पोसिला कविता*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना,

ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-१५+५=२०, मूल्य-रु.२४।-; चित्र-सुरेन्द्रराज भट्टराई ।

फलफूलसम्बन्धी पन्ध्र बालकविता । शीर्षक-अनार, अम्बा, अमला, अदुवा, आँप, उखु, केरा, खुर्सानी, फर्सी, बेल, तुलसी, नरिवल, नासपाती, रूखकटहर, लसुन । सङ्ग्रहका बालकविताहरूले बालबालिकालाई विभिन्न बोटविरुवा र फलका आकारप्रकार, रङ्गरूपबारे जानकारी मात्र दिँदैन, हाम्रो स्वास्थ्य र जीवनमा त्यसको के उपयोगिता रहेको छ भन्नेबारे पनि यथेष्ट जानकारी दिन्छ । लोकलयात्मक शैलीमा सरल रूपमा लेखिएका यी बालकविता उपयोगी छन् ।

### २. *मेरो सानो भाइ*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-रोशन अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ र सुदन सिंह; आवरण-श्रीहरि श्रेष्ठ; सम्पादन-जयप्रसाद लम्साल ।

एघार बालकविता । शीर्षक-दसैँ, चौतारी, त्यही चाहिन्छ, मेरो सानो घर, मेरो सानो भाइ, नानी बाच्छी, धत्तेरी चञ्चले, मेरो पुतली, मामा घर, को खाई को खाई, दिदीको बिहे । लेखकीय र प्रकाशकीय नभएको । बालबोध शृङ्खलाअन्तर्गतको ४६ औँ प्रकाशन । यस सङ्ग्रहका बालकविताहरू लोकलयात्मक अनुप्रासयुक्त मीठो शैलीमा लेखिएका छन् । कवितालाई बालबोली र झर्रा शब्दको प्रयोगले अझ उत्कृष्ट बनाएको छ । कविताहरू बालसंसारभित्रका विषयमा केन्द्रित छन् । कृति प्राथमिक तहका बालबालिकाका लागि लेखिए पनि अरूका लागि पनि उत्तिकै रुचिकर हुने देखिन्छ ।

## प्रमोद प्रधान

### १. *कान समात् कान*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-प्रकृति छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-३०+६=३६, मूल्य रु.२०।-; चित्र-रविन पिया ।

पन्ध्र बालकविता । शीर्षक-जूनकिरी नानी, कमिलाको ताँती, बादल, जूनतारा, मिलीजुली खेलौं खेल, कपासको खेती, लागिसक्यो घाम, गुँडभित्र बचेरी, फूल र पुतली, कान समात् कान, पुतलीको बिहे, माहुरी आयो, तीनतले घर, ए चरा !

र पानी पर् पर् । सङ्ग्रहका बालकविताहरूमा प्रकृतिका विभिन्न रङ्गरूप, जीवजन्तु र खेललाई विषय बनाइएका छन् । कविताहरू लयात्मक छन् र अन्त्यानुप्रासमा पनि ध्यान दिइएको छ ।

"बालबालिकाहरूसँग खेल्ने, गुनगुनाउने तीव्र इच्छाकै फलस्वरूप यो बालकवितासङ्ग्रह तयार गरेको हुँ । बालबालिकाहरूलाई बालसाहित्यको माध्यमबाट शिक्षा, ज्ञान र मनोरञ्जन दिन सकिएमा उनीहरूको मानसिक एवम् बौद्धिक विकासमा महत्त्वपूर्ण उपलब्धि हासिल हुन सकिने तथ्य निर्विवाद छ ।" (लेखकीय, *भन्नै पर्दा*)

## २. *कानाकाना कुर्र*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पष्ठ-३२, मूल्य रु.४०।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

बीस बालकविता । शीर्षक-बोलाउँदै छ पुतली मलाई, सगरमाथा शिर हाम्रो, मने एक्लै रुँदै छ, कर्णालीको पुल, 'हाँस, हाँस-मेरो नाम', सानो राजा, फूलबारी यो हाम्रो, भँगेरा-भँगेरी, वर्षा रानी, मक्मक् घुर, घाम राजा र जून रानी, हावा, कानाकाना कुर्र, कसले के भन्छ ?, बुलबुले ताल, कोइली, नदी कति राम्रो, फोहोरी मान्छे, सबै हाम्रा प्यारा र असल विद्यार्थी । पूर्ववर्ती बालकवितासङ्ग्रहझैँ यसमा पनि प्रकृतिका विविध स्वरूप र छटालाई बालोपयोगी किसिमले प्रस्तुत गरिएका छन् । साथै बालबालिकालाई कविताका माध्यमबाट शिक्षा दिने प्रयास पनि गरिएको छ । कविताहरू सरल, बोधगम्य र सन्देशमूलक छन् । कविताबाट बालबालिकाले मनोरञ्जन पनि लिनसक्नेछन् । लयात्मकतामा पनि ध्यान दिइएको छ ।

"सङ्ग्रहका बीस बालकविताका माध्यमबाट प्रकृतिका विविध रूप र रङ्ग, नेपालको भौगोलिक स्वरूप र भूगोल, चराचुरुङ्गी र जीवजन्तुका बारेमा जानकारी दिँदै बालबालिकालाई सिर्जनशील हुन प्रेरित गर्ने मेरो ध्येय हो ।" (*लेखकीय*)

## ३. *सधैँभरि लुकामारी*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-१८+६=२४, मूल्य-रु.२५।-; चित्र-समृद्ध मुखिया ।

सोह्र बालकविता । शीर्षक-हाँसे भाइ मुसुक्क, के हो भन नानी, एक्लो सानो

फुच्चे म, ता ता ता ता थैया, सानो-सानो मान्छे म, सधैँभरि लुकामारी, बजार जाऔँ फेरि, माकुरो, ऐना, राम्रो बानी, भन्छ मेरो सुगा, सात दिन-बार, इन्द्रेनी, टेलिफोन, पोखरीमा पानी, बाँदर नाच्छ छमछम । लोकलयात्मक भाकासँग नजिक रहेर लेखिएका यस सङ्ग्रहका बालगीतहरूमा पनि बालबालिकालाई मन पर्ने विविध विषय समेटिएका छन् । बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई ध्यानमा राखी लेखिएका यी बालकविताहरू आकारका दृष्टिले छोटा, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण बनाउने प्रयास गरिएको छ । बालगीतहरू बालबालिकाले खेल्नका लागि पनि उपयोग गर्न सक्ने किसिमको छ ।

बालगीत/कविताहरूका माध्यमबाट बालबालिकाहरूलाई ज्ञान र मनोरञ्जनका साथै सिर्जनशील हुन प्रेरित गर्नुपर्छ भन्ने मेरो धारणा रहिआएको छ । यस सङ्ग्रहका बालगीतहरू पनि सोहीअनुरूप रहेका छन् ।" (लेखकीय, *सङ्क्षेपमा)*

## ४. *प्रतिनिधि बालकविताहरू (सम्पा.)*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बङ्गलामुखी अफसेट प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-६०, मूल्य-रु.४०।-; चित्र-न्हुच्छे महर्जन र अजय देशार ।

अडतीस प्रतिनिधि बालकविका एक/एक बालकविता । युद्धप्रसाद मिश्रको वानर, लक्ष्मीप्रसाद देवकोटाको पाप लाग्दछ, सिद्धिचरण श्रेष्ठको नानी, माधवप्रसाद घिमिरेको पुतलीखेल, श्यामप्रसादको पाइलैपिच्छे जहिले पनि, ध्रुवकृष्ण दीपको तिम्रो नाम के ?, कृष्णप्रसाद पराजुलीको काका कौवा, दुर्गालाल श्रेष्ठको पुतलीसित, भानुभक्त पोखरेलको फुत्रुङ चरी, जनकप्रसाद हुमागाईंको खेल, विश्वम्भर चञ्चलको वाह ! कस्तो खेल, कृष्णप्रसाद दुवालको मानिसको काम, प्रेमा शाहको मीत लाउँछु, तेजप्रकाश श्रेष्ठको हाम्रै हो, बूँद रानाको कहाँ जाने ?, रामकुमार पाँडेको तरकारीको सभा, दैवज्ञराज न्यौपानेको सधैँ राम्रो सयपत्री, रामबाबु सुवेदीको पर् पर् पानी अझ-अझ पर् त, शारदारमण नेपालको गाई, गोविन्दबहादुर कुँवरको सूर्य/चन्द्र, गोविन्दराज विनोदीको सयपत्री रानी, विजयराज न्यौपानेको रमाइलो साँझ, मधुसूदनप्रसाद घिमिरेको कम्प्युटर, प्रमोद प्रधानको घाम राजा जून रानी, विवश पोखरेलको कर्कलाको छाता, उज्ज्वल जिसीको रै'छिन् देवी गुरुमा, मित्रलाल पंज्ञानीको घैँटो फुट्यो, शैलेन्दुप्रकाश नेपालको गुच्चा, गुहनाथ पौडेलको असारको पन्ध्र, डा.जगदीशचन्द्र भण्डारीको म हुँ मान्छे

हिमालको, प्रभा भट्टराईको मेरो पुतली, शारदा अधिकारी (ढकाल)को सम्झनलाई सजिलो छ माछापुच्छ्रे नाम, रामेश्वर राउत 'मातृदास'को मेरा छोराछोरी, नन्दु उप्रेतीको पढ्न पठाऊ बा आमा, बलभद्र भारतीको मान्छे कस्तो होला ?, जगत् प्रेक्षितको स्कुल जाने मन, लालगोपाल सुवेदीको धानको बाला, शाश्वत पराजुलीको अनुहारको चित्र ।

सङ्ग्रहका बालकविताहरू विभिन्न लेखकका राम्रा कविताहरू छनोट गरी तयार गरिएको छ । सङ्ग्रहबाट बालबालिकाले विभिन्न किसिमका कविताको स्वाद पाउनेछन् । कविताहरू शिक्षामूलक, सन्देशमूलक र मनोरञ्जनपूर्ण रहेका छन् ।

## प्रेमा शाह

### *१. बालगीत (भाग-१)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४५, पृष्ठ-२४, मूल्य-रु.१५।-; चित्र-अनुल्लिखित ।

एघार बालकविता । शीर्षक-काफलचरी आऊ, जेठा र कान्छा, कीरा र फटचाङ्ग्रा, मीत लाउँछु, आमा भन्छिन्, नानी पढ्छे क ख, सुगा-मैना, ठूलो मेरो ह्याउ, भ्यागुता नै भ्यागुता, मुसो र बिरालो, मुडुली माउ । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहका बालगीतहरू आठ पङ्क्तिदेखि बाइस पङ्क्तिसम्मका छन् । यी बालगीतहरू प्रकृति, पशुपक्षी र बालबालिकासँग सम्बन्धित रहेका छन् । केही बालगीत अन्त्यानुप्रास नहुनाका कारण सुललित र स्वाभाविक हुन सकेका छैनन् ।

### *२. बालगीत (भाग-२)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४५, पृष्ठ-२४, मूल्य-रु.१०।-; चित्र-अनुल्लिखित ।

एघार बालकविता । शीर्षक-कति राम्रो बगैँचा, सारङ्गी रुन्छ, एकातिर हात्ती, धान कुट्ने भँगेरा, नेप्टे भाइका पोथी, मखमली पुतली, घाम जून तारा, हात्ती घोडा आयो, गर्मी आयो, कमिला, इन्द्रेनीको सिँढी चढी । लेखकीय र प्रकाशकीय नभएको । **बालगीत** (भाग-१) झैँ यस सङ्ग्रहका बालगीत पनि विषयका दृष्टिले प्रकृति र पशुपंक्षीसँग सम्बन्धित छन् । सरल र सङ्क्षिप्त यी

बालकवितहरू जानकारीमूलक छन् । केही कवितामा अन्त्यानुप्रासको अभाव देखिन्छ ।

## बलभद्र भारती

### *१. नयाँ नयाँ साथी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ जेठ, पृष्ठ-१६, मूल्य-रु.१०।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

छ बालकविता । शीर्षक-नयाँ नयाँ साथी, मान्छे कस्तो होला ?, प्रजातन्त्र र हामी बालक, प्यारा-प्यारा नानी, हामी पनि खेलौँ र चरी । सङ्ग्रंहमा प्रकृति र खेलकुदलाई विषय बनाइएका बालकविता छन् । कविताले मानिस असल हुनुपर्ने सन्देश दिनुका साथै प्रजातन्त्रमा पनि भेदभाव, उँचनीच, अत्याचार-शोषण रहेकोले त्यसको अन्त्य हुनुपर्नेमा जोड दिइएको छ ।

## बालकृष्ण पोखरेल

### *१. रसिला कविता*

प्रकाशक-पुस्तक संसार, विराटनगर; मुद्रक-जीवनशिक्षा मुद्रणालय, वाराणसी, भारत; पहिलो संस्करण-२०२५, पृष्ठ-६०+४=६४, मूल्य-रु.२।४०; चित्र-अनुल्लिखित ।

तेइस बालकविता । शीर्षक-सरस्वती बन्दना, लामखुट्टे र जुङे मामा, च च हुइया, सै सै ला, कान्छा कान्छी, क्या हो ?, साथीभाइ पढिदेऊ, काकाकुल कुल, चिरीबिरी च्यार, पैसा दिए बाले, क्या हो ?, को ठूलो को सानो, हेर न दाइ बाहिर आई, क्या हो ?, चौँरी र भैंसी, जहाँ जाला त्यहीँ खाला, नमच्चिने पिङको सय झट्का, ख्याल दुःख पायो, क्या हो ?, उखान, आयो गयो माया मोह, चरीको बिहे, उखान । यस सङ्ग्रहमा विभिन्न विषय र लोकशैलीमा लेखिएका बालकविता सङ्गृहीत गरिएका छन् । क्या हो ? शीर्षकमा विभिन्न गाउँखाने कथालाई कविताको रूप दिइएको छ । यो कृति तत्कालीन पाठचक्रमअनुसार चौथो कक्षाका लागि स्वीकृत कृति हो ।

"यो नयाँ पाठचक्रमको आधारमा लेखिएको पुस्तक हो । बालकलाई पढ्दा आनन्द आउने खालका कविता मात्रै यहाँ रोजिएका छन् । कवितामा बालकको

शब्दभण्डारको वृद्धिलाई ठूलो महत्त्व दिइएको छ । बालकमा दृश्य हेरेर पढ्ने बानी बसाउने उद्देश्यले चित्रहरूको पनि पर्याप्त समावेश भएको छ ।...बाल-हास्यलाई पनि स्थान दिइएको छ । यहाँका सबै कविताहरूको मूल उद्देश्य छ राष्ट्रियता ।...सबै कविता फ्रीभर्स अर्थात् स्वच्छन्द छन् ।" (लेखकीय, *यस किताबबारे*)

## २. *सानासानी*

प्रकाशक-पूर्वाञ्चल पुस्तक भण्डार, विराटनगर; मुद्रक-माधव मुद्रणालय, बाँसफाटक, वाराणसी, भारत; पहिलो संस्करण-२०२५, पृष्ठ-६०+४=६४, मूल्य-रु.२।४०; चित्र-अनुल्लिखित ।

तेइस बालकविता । शीर्षक-प्रतिज्ञा, सिदी राई (लोककाव्य), मेरो नेपाल, काग दाजै गोठाला, उखान, सगर सागर, क्या हो ?, हावाजहाज, हरियो वन, उखान, आमा, क्या हो ?, रूखको भनाइ, बन्चरो र बनचारी, देश हाम्रो साझा, उखान, मिलि जाऊ, क्या हो ?, गीत, खोलो, उखान, यो देश कसको, सुबिउ-चरी (लोककाव्य) । यस सङ्ग्रहमा पनि अघिल्लो सङ्ग्रहमा झैँ विभिन्न विषय र लोकशैलीका कविता छन् । क्या हो ? शीर्षकमा गाउँखाने कथालाई कविताको रूप दिइएको छ । यो कृति तत्कालीन पाठचक्रमअनुसार पाँच कक्षाका लागि स्वीकृत कृति हो ।

"यो नयाँ पाठचक्रमअनुसार पाँचौ कक्षाका लागि लेखिएको नेपाली पुस्तक हो । यसमा रसिला र सजिला लयप्रधान कविताहरू मार्फत बालकमा नौलो ज्ञान र राष्ट्रिय भाव जगाउने कुरामा विशेष जोड दिइएको छ । बालकको नैतिक विकासलाई पनि यसले महत्त्व दिएको छ ।...यहाँका कविताहरूलाई छन्दप्रधान नपारेर लयप्रधान पार्नाले अवि माषं मषं कुर्यात्को बोझ शिशु हृदयले उचाल्नु नपर्ने भएको छ । (लेखकीय, *मेरो भनाइ*)

## बी. कौडिन्य

## १. *कलिलो घाम*

प्रकाशक-उज्यालो प्रकाशन, काठमाडौँ; मुद्रक-परमार्थ प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४३, पृष्ठ-८+२=१०, मूल्य-रु.२।-; चित्र-नभएको ।

छ बालकविता । शीर्षक-सक्ने काम गर्छु, बालक हामी, कलिलो घाम, जातले ठूलो सानो हुँदैन, पढ्ने रहर, साँढे, माहुरी । सङ्ग्रहका बालकवितामा

कविले बालबालिकालाई देशप्रति माया गर्न, श्रमप्रति समर्पित हुन र अन्यायविरुद्ध लड्न प्रेरित गरेका छन् । कवितामा प्रगतिवादी चेतना जताततै पाइन्छन् ।

"भूतप्रेतका काल्पनिक भयले, कथित ईश्वरका चमत्कारका भ्रमपूर्ण कथाहरूले र छाडा प्रेमवादी साहित्यहरूले उनीहरूलाई बिगार्ने र डरपोक बनाउने कामबाहेक अर्थोक गर्दैन । त्यस्ता साहित्यलाई विस्थापित गर्नै पर्छ । यो सानो सङ्ग्रहले अलिकति मात्रै भए पनि सघाउला भन्ने ठानेको छु ।" (लेखकीय, *आफ्नो भन्नुपर्ने*)

## बूँद राना

### *१. पुष्टकारी*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५०, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र-टेकवीर मुखिया ।

चौबीस कविता । शीर्षक-गुजी पाएँ, कहाँ जाने ?, मुसो र मुसी, बस बस बस, हेरी हुँदैन झिम परेली, यतै आऊ निदरी !, फेरि आइछ !, नदी केही जान्नँ !, हाम्रो पालो, काली चरी, कल्ले बाबालाई, सेतो कमिलो !, के भारी, के ठूलो ?, नौ लाख दुलो !, चिठ्ठी आयो !, डन्डी बियो, यसो भन्छिन् पुनीता, कालो बादल सेतो पानी !, गहीरो कुरा, आज पर्‍यो छुट्टी !, चटके आयो !, भाले चोर !, के बस्छ ओंठमा ! । बूँद रानाको विशेषता भनेको मौलिक बालकविताको रचना गर्नु हो । उनका बालकविता अन्य कविका बालकविताका तुलनामा लामा भए पनि सरलता र स्पष्टता, विषयगत विविधता, सङ्गीतात्मकता र स्वाभाविकताजस्ता विशेषताका कारण ती महत्त्वपूर्ण हुन पुगेका छन् । यस सङ्ग्रहका कवितामा पनि यही विशेषता पाइन्छन् । कवितालाई प्रस्तुत गर्ने उनको शैली उत्तिकै नवीन र रोचक छ ।

### *२. खै गुजी ?*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५४, पृष्ठ-४६+६=५२, मूल्य-रु.१८।-; चित्र-अनुल्लिखित ।

छब्बीस बालकविता । शीर्षक-पोखरा र चरा, भाग्यो अँध्यारो, कुरकुर परेवा, आच्छु छु छु जाडो, काला मीठा गोटी, बा-सुती, हेर्दा मात्रै लुरी, ताते नानी ताते,

रम्भा र अम्बा, खै गुजी ?, काका कौवा, थुङ्कुताकुरी थैयाँ, बामे सरी बामे, कहाँ लाग्यो ?, कुचुङ खायो, जूनकीरी, क कसको ?, पाइपुइ, आऊ खेलौं भैलो, म्याउँ भन्छ, कट्टी मिट्ठी, मैनबत्ती हरायो, जाऊँ शीतलपाटीमा, कता गयो सियो ?, दुई एकम् दुई, हब्बे तब्बे सय । यो सङ्ग्रह पनि कविको पहिलो बालकवितासङ्ग्रहभैँ मौलिक बालकविताहरूको सङ्ग्रह हो । यसमा पनि नयाँ-नयाँ विषयमा लेखिएका मीठा बालकविता छन् । बालबोलीको प्रयोग, गेयता, शैलीगत नवीनताजस्ता गुणहरूले कविता अत्यन्त आकर्षक, मीठा र रोचक हुन पुगेका छन् ।

## भक्त कार्की

### *१. खोइ मेरो खेलौना ?*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौं; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौं; पहिलो संस्करण-२०६१ वैशाख, पृष्ठ-६४, मूल्य रु.३०।-; चित्र-विनोद वि.क.; आवरण-देव कोइमी ।

अड्तीस बालकविता । शीर्षक-शान्ति, यतियति पानी, सानु सानु नानी, कमिलाको ताँती, साउन मासा केरा पाके, हामी बालक, मेरी सानी, मेरो फूलबारी-मेरो घरबारी, बासी खाना नखाऊँ है, म अनाथ खाते, साथी, आयो दसैं तिहार, हुरी आयो, सबै मिली बाँचौला, जूनकीरी, लुकामारी खेल, असारे गीत गाए, मेरो सुन्दर गाउँ, आऊ नानी आऊ, काकाकाकी आउनुभो, कसले के भन्द छ ?, खोइ मेरा खेलौनाहरू ?, कुहिरो, आए के का चल्ला ?, फलफूल खाऊँ, साँचो कुरा बोल, मन लाग्छ, बनाऊँ धेरै मित्र, नेपाली झण्डा फरर, गौँथली र भँगेरी, चल्ला, गाऔँला-नाचौँला, बालअधिकार, मलाई नभाँच, वनभोज, कुकुर-बिरालो, पालो पर्खने बानी र गाइने दाइ ।

सङ्ग्रहका केही कविता मौलिक र केही लोकबालकवितामा आधारित छन् । बालरुचिका विषयमा लेखिएका कविताहरूको प्रस्तुत सङ्ग्रहमा रहेका बालकविता विषयका दृष्टिले विविधतापूर्ण भए पनि संरचनागत दृष्टिले भने कमजोर छन् । कवितालाई लयात्मकता बनाउने प्रयास देखिए पनि त्यो प्रभावकारी हुन सकेको देखिन्न ।

### *२. चञ्चल*

प्रकाशक-पौलस्त्य साहित्य समाज, म्याग्दी; मुद्रक-बङ्गलामुखी अफसेट प्रेस; पहिलो संस्करण-२०६४ बैशाख, पृष्ठ-४८, मूल्य-रु.३०।-; चित्र-नभएको ।

नेपाली भाषाको पहिलो बालहाइकुसङ्ग्रह । कुल २०५ हाइकु सङ्गृहीत । सङ्ग्रहका हाइकुहरूले कतै सन्देश र कतै उपदेश दिएको देखिन्छ । हाइकु सोझो वर्णन होइन, यसमा विशेषगरी बिम्बको महत्त्वपूर्ण स्थान हुन्छ । त्यसैले बालबालिकालाई शिक्षा, सन्देश र मनोरञ्जन दिन यो विधा कति उपयोगी हुन्छ विचारणीय छ । सङ्गृहीत हाइकु शब्द गणनाका आधारमा हाइकु भए पनि अन्य आधारमा हाइकु भए-भएनन्, विज्ञहरूले छुटयाउने नै छन् ।

"सुरुमा बालबालिकाहरूलाई जटिल लागे पनि क्रमशः अध्ययन गर्दै जाँदा बालबालिकाहरूको ज्ञान, सीप तथा अभिव्यक्ति बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक तथा बौद्धिक विकासका लागि अध्ययनशील बनाई, सन्दर्भसामग्रीको रूपमा यस **चञ्चल** बालहाइकुसङ्ग्रहले अतिरिक्त टेवा दिनेछ । विद्यार्थीहरूको जिज्ञासु प्रवृत्ति सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि थप बल मिल्नेछ भन्ने अपेक्षा गरिएको छ ।" (*लेखकको मन्तव्य,* पृ.७०)

## भगवती जोशी

### *१. पुतलीको बिहे*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३२, मूल्य-रु.३५।-; चित्र-सुनिल थापा ।

बाइस बालकविता । शीर्षक-आमासँग, भँगेरी चरी, छट्टू स्याल, मिलीजुली खेल, आमा आउनु भो, सरस्वती बन्दना, पुतलीको बिहे, परदेशी बुबा, हिमाली खोला, खेल, वसन्तपुर, मेरो देश, फूलबारी, डमरुवाला, मेरो हिमाल, देश हाम्रो, नेपाल आमा, ऋतु, विद्यार्थी, हजुरआमा, मेरो मुने, सानी नानी । बालबालिकाका रुचिभित्र पर्ने विषयमा लेखिएका कविताहरू रहेको यो सङ्ग्रह बालोपयोगी देखिन्छ । कवयित्रीले कतिपय कवितामा देशबारे जानकारी दिई बालबालिकालाई राष्ट्रप्रति कर्तव्यनिष्ठ हुनुपर्ने सन्देश दिएकी छिन् । भाषिक दृष्टिले सरल सङ्ग्रहका बालकविताहरू लयात्मक छन् ।

## भानुभक्त पोखरेल

### *१. फूलबारी*

प्रकाशक-नेपाल बाल सङ्गठन, मोरङ जिल्ला कार्यसमिति, विराटनगर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४३, पृष्ठ-६१+७=६८,

मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित; दोस्रो संस्करण एकता प्रकाशनबाट प्रकाशित भए पनि पहिलो संस्करण भनी उल्लिखित र चित्र किशोर जोशीबाट ।

पच्चीस बालकविता । शीर्षक-यो देश कसको नानीको, फुत्रुङ चरी, सगरमाथा, पुतलीको तल्तली, आयो मेरो भट्भटे, मेरो देश, मै बुबाकी छोरी, पढ्ने-लेख्ने बानी, बादल, नानीहरूसित, फर्से गाँडो, छाँगो, अल्छी, मुरली बज्यो तिर्पासै, किसान दाइ, कठै ! चरी बचरी, साँढेको जुधाइ, बालाजु, गुच्चा-गट्टी खेल्ने फुच्चा-फुच्ची, फूलबारी बगैंचा, निद्रा टार्ने मेलो : गाउँ खाने खेलो, ऐले म कस्तो भएँ, वर्षा ऋतु, बूढाका कुरा, रमाइला साँझ-बिहान । चित्रकारको नाम उल्लेख नभए पनि चित्रमा भएको हस्ताक्षरका आधारमा टेकवीर मुखिया । दोस्रो संस्करणमा केही कविता थपघट, कवितासङ्ख्या चौबीस । राष्ट्रिय भावना, प्रकृतिचित्रण, नेपाली जनजीवनका विविध पक्षबारे लेखिएका सङ्ग्रहका बालकविताहरू बालमनोभावनाअनुकूल छन् । बालसुलभ कोमल भावनालाई उनीहरूकै भाषा र बोलीमा टिपेर कविताका रूपमा प्रस्तुत गर्ने कविको कला अनुकरणीय देखिन्छ ।

## भारद्वाज मित्र

### *१. चहचह*

प्रकाशक-सुनकोसी साहित्य प्रतिष्ठानका लागि रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३२, मूल्य-रु.३५।-; चित्र-सूर्यनारायण श्रेष्ठ; सम्पादन-कृष्णप्रसाद पराजुली ।

चौबीस बालकविता । शीर्षक-संसार भोलि तिम्रै हो, चन्द्रमाको फूल बनाई, खेलौँ-खेलौँ पुतली, हामी सबै ज्ञानी छौँ, माया गर्न सबैलाई, अब भुलेछौँ, माटोलाई माया गर्न, डन्डीबियो बाईबाई, जन्मदिनको शुभकामना, आँखा छोपेर, पुतलीको हूल हरर..र, चहचह, असल मान्छे, आमा ! छिटो आऊ, आकाश रोयो, तोते बोलीले, भित्री मन हाँसे मात्र, साना हात खोपिँदा, हुनुपर्छ बराबरी, झोली धेरै थापिसक्यौँ, थोत्रो रीति, वसन्तको मुनासँग, फुल्छ पक्कै कोपिला छ भने, मुलुकको मुहार । बालबालिकालाई बालकविताका माध्यमबाट ज्ञान र चेतना दिने यस सङ्ग्रहको प्रयास देखिन्छ । बालबालिकालाई मन पर्ने प्रकृतिको विविध रूपरङ्ग, चराचुरुङ्गी र जीवजन्तु मात्र नभई राष्ट्रप्रेमको भावना विकसित गर्न र असल बन्न पनि उत्प्रेरित गर्छन् सङ्ग्रहका बालकविताहरूले । कवितामा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ ।

## भिक्टर प्रधान र भरतकुमार भट्टराई

### *१. बज्यै ! बज्यै ! गीत गाऔँ (सम्पा.)*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५२, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-आलोक चालिसे र जयराम महर्जन ।

सत्ताइस लोकबालगीतको सङ्कलन । शीर्षक-कुखुरी काँ, बसुन्धरा बहिनी, ए सरस्वते, टपटप टोपी, चकचके नानी, ढुकुमुकु, हरबर, बस बस माउरी, यति नाना फाट्यो, यति यति पानी : घग्गै रानी/घुग्गु रानी, इर्की मिर्की, भोलिपर्सि मङ्गलबार, दसैँ आयो, बाङ्गा-बाङ्गा खुट्टीले, घामपानी घामपानी, नाच न नानी, यो घर कसको !, डाङडाङ डिङडिङ, घाङ गुजी/हाउ गुजी, घुघुती, ताली बजी लै लै, कोकरीमा सुताई, उड्कुसी-मुड्कुसी, चिँ मुसी चिँ, तेरो बाबु मेरो बाबु, जब पुग्यो एक । नेपाली लोकजीवनमा प्रचलित बालगीतहरूको महत्त्वपूर्ण सङ्कलनको रूपमा प्रकाशित यो कृति यस प्रकारको दोस्रो कृति हो । यसअघि काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेलको सम्पादनमा **नानीका गीत** २०३६ सालमा छापिएको थियो । आधुनिक विद्युतीय सञ्चारमाध्यमका कारण क्रमशः हराउँदै गएका यस प्रकारका लोकबालगीतको संरक्षणमा यो कृति महत्त्वपूर्ण रहेको छ ।

"हामीले नेपाली बाललोकगीतहरू सङ्कलन गर्ने क्रममा हरेकजसो बाललोकगीतका धेरै पाठान्तरहरू पायौँ । त्यसैले पाइएका पाठान्तरहरूमध्येबाट सम्भावित मूल वा प्राचीन रूपलाई सङ्कलनमा पार्ने उद्देश्य राखेर सोही प्रकारका शब्द, पङ्क्ति वा पाठलाई यसमा समावेश गरेका छौँ ।" *(सम्पादकको भनाइ,* पृ.२)

## भीष्मराज प्रसाईं (डा.)

### *१. बनौँ सबै ज्ञानी !*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२२, मूल्य-रु.२५।-; ग्राफिक्स-किशोर जोशी र राजाराम के.सी.; आवरण-अनुल्लिखित; सम्पादन-केशव सुवेदी ।

पन्ध्र बालगीत । शीर्षक-नेपालीको घर, काले र लाले, सफा राखौँ घर !, लालीगुराँस डाँडाभरि, रोग भाग्छ डाँडापारि, निरोगी लौ बन्नू !, झिलिमिली,

हिस्स पऱ्यो माझी !, टाटेपाङ्ग्रे बाघ हो कि !, हातेमालो हातहात, चौँरीगाईको दूध मीठो !, दुलाबाट मुसी आई !, दानादाना तोरी दाना, पुतलीको खेल, बनौँ सबै ज्ञानी । नेपाली प्रकृतिसँगै पशुपक्षी, चराचुरुङ्गी आदिबारे जानकारी दिने र शारीरिक स्वास्थ्यबारे सचेत गराउने किसिमका बालकविता यस सङ्ग्रहमा रहेका छन् । यी बालकविताले बालबालिकालाई शिक्षा र चेतना दिने प्रयास पनि गरेको छ । कविता लयात्मक छन्, भाषा सरल छ ।

## भोजराज आचार्य

### १. *बालपोष*

प्रकाशक-अनुल्लिखित; मुद्रक-देउराली अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३१+३=३४, मूल्य-रु.१०।-; चित्र-श्याम गौतम 'आसीन' ।

पन्ध्र बालकविता । शीर्षक-जुनमामा, पानीको बानी, रेडक्रस सेवा, मेरी आमा, मेरो फुच्चा, टिफिन, बिन्ती बाबालाई, रसबरी गुलियो, सानी चरी, प्यारी छोरी, मसी, ताराको ताँती, आउ आउ पुतली, मामाघर- आफ्नो घर, कमिलाको संसार । सङ्ग्रहमा विभिन्न विषयका बालकविता छन् । यिनले बालबालिकालाई सम्बद्ध विषयका बारे जानकारी दिने प्रयास गरेका छन् । लयात्मक बनाउने प्रयास कविले गरे पनि संरचनागत कमजोरी र अनुप्रासको अभावका कारण त्यसो हुन सकेको छैन । केही कवितामा ठाडो उपदेश पाइन्छ ।

### २. *बाजेको लौरो*

प्रकाशक-अनुल्लिखित; मुद्रक-देउराली अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३४, मूल्य-रु.१०।-; चित्र-श्याम गौतम 'आसीन' ।

पन्ध्र बालकविता । शीर्षक-मेरो प्यारो लिबाङ, मेरो घरको साथी, लामखुट्टे, ट्राफिक पुलिस, बस, तिरिमिरी झ्याइँ, साथी, थरीथरी पुच्छर, आहा दशैँतिहार, छैन मनमा डर, अक्कल ⁄ दक्खल, बाजेको लौरो, वर्षादमा भिजियो, म अछूत, बालअधिकार । बालबालिकाका लागि रुचिकर हुनसक्ने विविध विषयका बालकविताको यस सङ्ग्रहमा सन्देश र शिक्षामूलक रचनाहरू छन् । केही कविताले हाम्रो गाउँघरको चित्र प्रस्तुत गरेको छ भने केहीले चाडपर्वको महिमा गान गाएको छ । केही कवितामा हास्यको पुट पनि पाइन्छ । कवितालाई सकेसम्म लयात्मक बनाउने प्रयास गरिएको छ ।

## मधुकरी कर्माचार्य

### १. *इन्द्रेनी*

प्रकाशक-नेपाल एकेडेमी, काठमाडौँ; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०१७, पृष्ठ-३०+८=३८, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

उनन्तीस बालकविता । शीर्षक-वन्दना, नेपाल फुलोस्, भन्नेछु, साँझ, झिँगा, इन्द्रेनी, बर्साद, दुइ-दुइ चार हुन्छ, गाई, चार सन्देश, गाऔँ, प्रतिज्ञा, ठिमिले दाजै, उषा, सुतन राजा सुतन, आलुबखरा, यो देश नेपालीको, हिंडन साथी हिंडन, लक्ष्य, हाम्री बज्यै, घडी, चन्दा मामा, गुलाफ, माछाहरू, चमेली, आशा, चाँडै स्कुल जानु छ, प्रजातन्त्र दिवस, त्रिभुवन, गाउँछ को त्यो गीत नयाँ ! । कविवर सिद्धिचरण श्रेष्ठकी सुपुत्री मधुकरी कर्माचार्यको यस सङ्ग्रहका कविताहरूले उनी विविध विषयका बालकविता लेख्न रुचि राख्छिन् भन्ने स्पष्ट हुन्छ । बालहृदयलाई आकर्षित गर्ने खालका यी कविताहरूले बालबालिकालाई जानकारी र सन्देशका अतिरिक्त उनीहरूमा राष्ट्रिय भावना जगाउन पनि उत्प्रेरित गर्ने देखिन्छ । कविता सरल भाषा र लयका कारण बालसुलभ हुन पुगेको छ ।

### २. *आस्थाका फूलहरू*

प्रकाशक-दया कर्माचार्य, काठमाडौँ; मुद्रक-नेपाल शैक्षिक सा.उ.प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५५ असार, पृष्ठ-४०+१४=५४, मूल्य-रु.३०।-; चित्र-नभएको ।

दुई खण्डमा विभाजित कवितासङ्ग्रहको पहिलो खण्डमा बीस बालकविता । शीर्षक-आउन पुतली, असल बच्चा, एक कहानी, कहिले हो ?, कसले ?, कालो कालो बादल, जीवन छोटो छ, दसैँ आयो, देशको नाम, नानी मेरी सानी, पुतली, वसन्त आयो, बालक र असिना, बाँ बाँ, मेरी छोरी, मेरो बच्चा, मेरी बज्यै, मेरो भाइ, हावा र पानी, साँढे हूँ म । यस कृतिको पहिलो खण्डमा बालकविता र दोस्रो खण्डमा अन्य कविता छन् । यसमा सङ्गृहीत बालकविता वि.सं. २०१७ पछि २०४० सम्म लेखिएका हुन् । हाम्रा वरिपरिका कीटपतङ्ग, ऋतु, हावा, पानीका साथै घरपरिवार र चाडपर्वलाई विषय बनाइएको सङ्ग्रहका बालकविताहरू बालोपयोगी छन् ।

## मधुसूदनप्रसाद घिमिरे

### १. *पुतलीको रङ्ग*

प्रकाशक-मधुसूदनप्रसाद घिमिरे; मुद्रक-नवदुर्गा प्रिन्टिङ सपोर्ट, काठमाडौँ; पहिलो

संस्करण-२०५५ कात्तिक, पृष्ठ-२०+४=२४, मूल्य-रु.१५।-, संस्थागत रु.५०।-; चित्र-अनुल्लिखित; आवरण-वासु क्षितिज ।

सोह्र बालकविता । शीर्षक-आकाशका तारा, प्रकृत्ति, पाठो, देशको शृङ्गार, खरायो, मूसा र बिरालो, पुतलीको रङ्ग, कमिलाको ताँती, नेपाली धन हिमाली पन, हाम्रो नेपाल, म विद्यार्थी, पाल्तु कुकुर, गाउँ, कम्प्युटर, म फूल, गरिब । प्रकृति, जीवजन्तु र बालसंसार नै यस कविताका विषय हुन् । केही कवितामा राष्ट्रप्रेम अभिव्यक्त भएको छ। कविता सरल छन् तर केहीमा अन्त्यानुप्रास मिलेको देखिन्न ।

"प्रकृतिको स्याहार, जीवजन्तुको परिचय र विद्यार्थी-जीवनका कार्यशैलीहरूलाई मैले बालकविताको स्रोत बनाएको छु ।" (लेखकीय, *मेरो भन्नु*)

### *२. माटोको माया*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-ए.बी.सेक्रेटरियल एण्ड प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ मोती जयन्ती, पृष्ठ-२१+६=२७, मूल्य-रु.२५।-, संस्थागत-रु.५०।-; चित्र-वासु क्षितिज ।

चौध बालकविता । शीर्षक-हत्केलामा माटो, इन्द्रेणी दिदी, ऋतु र ग्रह, हामी सँगै पढ्छौँ, नेपाली हौं हामी, खेल्न जाउँ हामी, छोरा जस्तै छोरी, बा आमा, बिरालो, यही गीत गाउँ, ऋतु महिमा, तिहार, परिश्रम, पृथ्वी तिमीलाई शुभकामना । प्रकृतिका विविध छटा र घरपरिवारलाई नै विषय बनाएर यस सङ्ग्रहका अधिकांश कविता रचिएका छन् । यसबाट बालबालिकाले प्रकृतिबारे विशेष जानकारी पाउन सक्ने देखिन्छ । कवितामा बालभावना अभिव्यक्त भएको छ । कवितामा सरल भाषाको प्रयोग भएको छ ।

## माधव घिमिरे

### *१. घामपानी*

प्रकाशक-माधवप्रसाद घिमिरे; मुद्रक-जोरगणेश प्रेस, काठमाडौँ; पहिलो संस्करण-सम्भवतः २०१० साल (भाषाप्रचारक सङ्घबाट); तेस्रो संस्करण-२०१५, पृष्ठ-२६+८=३४, मूल्य-५० पैसा; चित्र-नभएको ।

सत्र कविता । शीर्षक-घामपानी, घुन, भोटेसेलो, मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक, बाललहरी, पानी पर् उठ पूता दिउल पुग्यो, ढिकी र जाँताको सवाई, गुलेली,

बस बस मौरी, कमिला-रानी, भकभके, डोको, हिमचुली, नदी, खेलौना। पछिल्ला संस्करणहरूमा तारा, भँगेरा र भँगेरी, नर्कटको घोडा, यो घर कसको आलेको, चिप्ले कीरो, पुतली आदि शीर्षकका कविता पनि थपिएका। माधव घिमिरेको **घामपानी** चर्चित बालकवितासङ्ग्रह हो। विषयवस्तुका दृष्टिकोणले विविधतापूर्ण रहेका यस सङ्ग्रहका बालकविताहरू उपदेशात्मक नभएर बालमनोभाव र बालरुचिअनुकूल लोकलयात्मक ढाँचामा लेखिएका छन्। बालबालिकाको सीमित संसारभित्रका विविधतापूर्ण विषय प्रकृतिका विविध स्वरूप, पशुपंक्षी र सामाजिक जीवन एवम् संस्कृतिलाई उनले अत्यन्त सरल, सरस, रोचक र बालबोलीमा नै प्रस्तुत गरेका छन्।

"हाम्रो नेपाली लोकसाहित्यमा बालसाहित्य प्रशस्त मात्रामा पाइन्छ। जहाँ जाऊँ, भुरुना भुरुनीहरू केही न केही गाएर केही न केही खेलिरहेका हुन्छन्। जब म आफूलाई बालककालमा खोज्दै जान्छु-अनि बिहानै 'घाम लागे, घाम लागे ! म चाँडो, म चाँडो !' भन्दै घरबाट बाहिर निस्केको सम्झन्छु।...अनि म एक दिन घोडा किन्नुभन्दा त्यसै हिँड्नु जाती भनेर निस्केको कहाँ हो कहाँ पुगेँ-त्यहाँ म एक्लै थिएँ, मेरा आँगमा पानी सिस्नुका फोका थिए,...मेरा आँखामा आँसु थिए, अनि मेरा मनमा आफ्नो गीत र खेलको संसार थियो। त्यो बेला मलाई आफ्नो हृदयबाट केही चुँडिएको र केही काटिएको भान हुन्थ्यो। त्यो **घामपानी**को बाटोबाट मैले मेरा भाइबहिनीहरूलाई त्यही खेल र गीतको संसारमा लान खोजेको हुँ।" (लेखकीय, *भूमिका*)

## *२. बालालहरी*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०२६; तेस्रो संस्करण-२०५२, पृष्ठ-३९+१=४०, मूल्य-रु.२१।-; चित्र-टेकवीर मुखिया।

चौबीस बालकविता। शीर्षक-बाला-लहरी, पुङभाङ, थैया थैया, चिर्बिर च्याण्टे, काली कुती ब्याइछ, पुतली-खेल, सियो खोइ सियो, गाउँ खाने गीत, बिजुली, सयपत्री, रडी, हा-इ हाइ !, छेपारोको आहान, चकचके, रिस, नानी, जूनकीरी, आमा, यति सानो नानी-बोले कस्तो हुन्थ्यो !, दगुर्-दगुर् कुहिरा, कुती कुइँया कुइँया, हुइँया हुइँया हुइँया, बाघको भाञ्जो बिरालो, खित्खित् खित्का। माधव घिमिरेको दोस्रो बालकवितासङ्ग्रहको रूपमा प्रकाशित **बाललहरी**मा भएका बालकविताहरूमा पूर्ववर्ती कवितासङ्ग्रहमा झैँ बालसंसारभित्रकै चराचुरुङ्गी,

जनावर, प्रकृतिका विभिन्न रङ्ग र रूपको सुमधुर र चित्रण पाइन्छ । यस सङ्ग्रहका बालकविताहरू विशेषगरी बालबालिकाले खेलको रूपमा प्रयोग गर्नसक्ने किसिमका छन् । नेपाली लोकलय र झर्रा शब्दहरूको प्रशस्त प्रयोग उनको बालकवितामा पाइन्छन् । यी बालकविताले बालबालिकालाई केवल मनोरञ्जन मात्र प्रदान गरेको नभई उनीहरूलाई मानसिक रूपमा स्वस्थ र स्वच्छ बनाउने कविको उद्देश्यलाई साकार पार्नेतर्फ योगदान पुऱ्याएका छन् ।

"**बाला-लहरी** यो बालकको लोरी हो, बालकको आफ्नै गीत हो । यो बालकहरूको निम्ति हामी बूढापाकाले दिने अर्ती-उपदेश हैन र शिशुका निष्पाप र कोमल प्रवृत्तिलाई स्वस्थ सुन्दरतिर ढल्काउनु मात्र यसको उद्देश्य हो ।" (लेखकीय, *बाला-लहरी,* पृ.३)

## *३. सुनपङ्खी चरी*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; प्रथम संस्करण-२०५३, पृष्ठ-४०, मूल्य-रु.३०।-; चित्र-के.के.कर्माचार्य ।

तीस बालकविता । शीर्षक-सानु भाइ, सानी बहिनी मैना, लोरी, प्रभाती, आए फुर्के-फुर्की, के पीर पऱ्यो बोल्‌बोल् !, सुनपङ्खी चरी, सानुसानु रूख, हेर बाच्छी हाम्री, हेर्दाहेर्दै ढुङ्गो, लुकामारी, सक्छु म पनि, लुली-लुली पाखुरी, बाँडीचुडी खाने हो, घिउ-कमिला, घनौटी, हाम्री बहिनी टुल्की, गुनुगुनु माउरी, आम्भुई आम्भुई आम्भुई, घामका छोराछोरी, लहै खेलीखेली, सिपालु हो माकुरो, भुक्के कुकुर, बुख्याचा, भोलि-पर्सि, कति ठूलो संसार, घाम-छाया, रूपैरूपको पन्छी, तारा पनि सुन्छ रे !, आँखाका नानी । एकता बालसाहित्यको शृङ्खला अभियानको प्रथम कोसेलीका रूपमा प्रकाशित **सुनपङ्खी चरी** बालगीतमालासम्म आइपुग्दा कवि घिमिरेको बालकवित्व अझ प्रखर, सुललित र बालसुलभ हुन पुगेको छ । बालबालिकाले रुचाउने सरल एवम् अनुकरणात्मक बालशब्दहरूको प्रयोग, लयात्मकता, सरल भावबोध र बालसंसारभित्रका विषयहरूको प्रस्तुतिका दृष्टिले पनि सुनपङ्खी चरी बालबालिकाबीच छोटो समयमै लोकप्रिय हुन पुगेको छ । कतिपय कवितामा कविको कल्पनाशक्ति बेजोड देखिन्छ ।

## *४. बिजुले र बिजुला*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो

संस्करण-२०६३, पृष्ठ-४०+४=४४, मूल्य-रु.६०।-; चित्र/आवरण-टेकवीर मुखिया ।

पैंतीस बालगीत । शीर्षक-चन्द्रसूर्य झण्डा हेर फरर !, फोनमा बोल्ने म हो, के हो त्यसको नाउँ ?, चुरिच्याउँ चुइँत, बात मारौँ, बालमेला, अनिकाल, जाल गऱ्यो जुत्ताले, चङ्खे जूरेली, फूलैफूलको तरेली, थैलो र थैली, पैले होमवर्क, लाग्यो तिहार, बिजुले र बिजुला, लाटो साथी, कमिला र मनुवा, केरा, सारङ्गीमा राइँ राइँ, वृन्दावनमा कामधेनु गाई, के हो ?, आयो आयो भुइँचालो !, अचम्मको घोडा, त्यस्तो हुँदा कस्तो ?, 'हैन, त्यस्तो के छ र ?', बिरामी छोरीको रहर, मितेरीको गीत, 'हुलाकी, हुलाकी', म्याउँ बिरालो, खेलौनासित खेल्दै, पम्फा मैयाँको कथा, बाँदरको बेहोर, त्यहाँ ज्योति बल्यो, बाह्रमासा, कलाकार अरनिको, सुकुन्दा ।

स-साना बालविषयलाई लिएर लेखिएका सङ्ग्रहका बालकविताहरूले कविको विषयमाथिको पकड, प्रस्तुतिको रोचकता र भाषिक मीठासलाई एकैसाथ प्रस्तुत गरेका छन् । कविले बालबालिकालाई कहिले चराचुरुङ्गीको संसारमा पुऱ्याउँछन् भने कहिले फलफूलको रस चखाउँछन् । अनि कहिले हाम्रा घरेलु जीवनमा देखिने, प्रयोग हुने र भोगिने कुरा र विषयलाई प्रस्तुत गरेर उनीहरूलाई सामाजिक जीवनको परिचयसमेत दिन्छन् । ठाडो उपदेश दिने प्रचलनविरुद्ध कवि खेलखेलमै जीवनका लागि आवश्यक ज्ञान र जानकारीहरू बालबालिकालाई दिन पुग्छन् ।

## माधव घिमिरे र कल्पना प्रधान

### *१. मेरो सानो खरायो/टालाटुली बटुली*

प्रकाशक-रूम टु रीड, काठमाडौँ; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२३+१=२४, मूल्य-रु.६०।-; चित्र-सुजन चित्रकार; सम्पादक-भिक्टर प्रधान ।

माधव घिमिरेको *टालाटुली बटुली* र कल्पना प्रधानको *मेरो सानो खरायो* दुई कविता । कवितासङ्ग्रहमा भएका दुवै कविता लेखकका आ-आफ्ना पूर्वप्रकाशित कृतिमा प्रकाशित भइसकेका बालकविता हुन् र दुवै नेपाली बालबालिकाबीच लोकप्रिय छन् । यी दुवै कविता बालबालिकाको मनोविज्ञानलाई बुझेर लेखिएको बालसुलभ कविता हुन् । सरल र लयात्मक हुनाका कारण दुवै कविताको मीठास अझ बढेको छ । प्रकाशकका अनुसार "यो किताब पूर्वप्राथमिक र प्राथमिक

तहका विद्यालयका बालबालिकाहरूलाई गीत गाउन लगाउँदै किताब पढ्ने बानी बसाल्नका लागि तयार गरिएको हो । नेपाली भाषामा बालबालिकाहरूलाई गाउन रहर लाग्ने खालका गीतहरूको निकै अभाव छ । त्यसैले नर्सरी ह्राइमका रूपमा प्रयोग गर्न सकिने बालसुलभ, सरल र लयात्मक प्रस्तुत दुई गीतलाई पुस्तकका रूप दिएका छौँ ।"

## माधवलाल कर्माचार्य

### *१. टचाउँ टचाउँ जूठो खाऊँ*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-प्रज्ञा छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५७, पृष्ठ-८०+१०=९०, मूल्य-रु.५५।-; चित्र-आलोक चालिसे र कृष्णमान सिंह ।

सन्तावन्ने बालकविता । पशुपन्छी-कीटपतङ्गसम्बन्धी ११, प्रकृतिसम्बन्धी २०, बालकसम्बन्धी ९, चीजवस्तुसम्बन्धी ३, मान्छेसम्बन्धी ३, देशसम्बन्धी ५, समाजसम्बन्धी ३ र कथाकुथुङ्ग्री ३ । यस सङ्ग्रहमा लेखकका करिब चार दशकअघिदेखि लेखिएका बालकवितासहित पछिल्ला चरणमा लेखिएका बालकविता पनि सङ्कलित छन् । विषयका दृष्टिले विविधतापूर्ण प्रस्तुत बालकवितासङ्ग्रह मनोरञ्जक र शिक्षाप्रद भए पनि यिनमा शैलीगत सहजता भने पाइन्न । कवितामा प्रयुक्त भाषा भने सरल छ ।

## मानसाग्नि

### *१. गीतमाला*

प्रकाशक-मानसाग्नि वाङ्मय विभाग, मिसन मानसाग्नि-नेपाल; मुद्रक-द प्रिन्टिङ हाउस प्रालि, काठमाडौँ; प्रथम संस्करण-२०६४, पृष्ठ-४४+२०=६८, मूल्य-रु.८०।-; चित्र-उमेश अधिकारी; सम्पादन-भरतराज पीडित ।

एकचालीस बालकविता । शीर्षक-मङ्गल होस्, खोजूँ, सुकर्म, सभ्यता, बैसाखी नैजाती, योग, योगी बनूँ, युग निर्माण, दान गरूँ, चोखो मन, सङ्गीत, नीरवता, नवजीवन भई, सुस्त सुस्त बोल, धर्ती मगमगाउँछ, पुजौँ रूखलाई, डढेलो, धूवाँको त्यो मुस्लो, चुरोटको सर्को, चुरोट तमाखु, रक्सी बन्द गरौँ । स्तनपान, आफ्नै घरको खाना, खान्न बाबा खान्न आमा, मकै भट्ट, कुलतलाई छोडूँ, हामी बालक बोलौँ, फोहोर, छुवाछूत, दाइजो लिने चाल, बोक्सी, दीप

त्यहाँ बलोस्, विद्यालय शान्तिक्षेत्र, सडक बालबालिका, इँटाभट्टा, गिट्टीखानी, बँधुवा, गलैँचा, बालभरिया, बालश्रम हटाऊ, कम्लहरी। शान्ति, धर्म, सुस्वास्थ्य, योग र वातावरण संरक्षणको पक्ष र अन्धविश्वास, रूढिवाद, कुलत र विकृतिका विपक्षमा लेखिएका सन्देशमूलक कविताहरू सङ्ग्रहमा रहेका छन्। कवितामा बालबालिकाका दुःख र पीडा पनि अभिव्यक्त भएका छन्। मानसाग्नि प्राकृतिक चिकित्सक डा.हरिप्रसाद पोखरेलको साहित्यिक नाम हो।

## मित्रलाल पंज्ञानी

### *१. टाकुरामा जाऔँ*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; प्रथम संस्करण-अनुल्लिखित, पृष्ठ-२३+१=२४, मूल्य-रु.१२।-; चित्र-सुजन चित्रकार; आवरण-के.के.कर्माचार्य।

एघार बालकविता। शीर्षक-टाकुरामा जाऔँ, बा म स्कुल जान्छु, घैंटो फुटचो, सुन ठूलो कि नुन ठूलो, साथी छैन यही बेला, मैनबत्ती, घोडा दगुऱ्यो, हाम्रै आँगनमा, तारी बाच्छी, सानी बैनी, बा आमासित। यी बालकविताहरू बालसन्दर्भसँग जोडिएका विविध विषयमा लेखिएका छन्। बालबालिकालाई मिहिनेती हुन, विद्याआर्जन गर्न र अनुशासित भई अघि बढ्न यी कविताहरूले अभिप्रेरित गर्छन्। कविताहरूलाई श्रुतिमधुर बनाउन लयसंयोजन र अनुप्रासमा ध्यान दिइएको छ। कविताको भाषा सरल र सहज छ। लेखकले सङ्गृहीत बालकविताहरू 'बालकविता यस्तो हुनुपर्छ र यस्तो हुनुहुँदैन' भन्ने आग्रहबाट नरचेर त्यत्तिबेलाको परिवेशमा त्यत्तिकै बनेको उल्लेख गरेका छन्। कवितामा गाउँले बालजीवनको चित्रण पनि छ।

### *२. सपनामा उडेको*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; प्रथम संस्करण-२०६१ वैशाख, पृष्ठ-२४+४=२८, मूल्य-रु.३०।-; आवरण/चित्र-देव कोइमी।

चौबीस उपशीर्षकमा विभाजित बालभावनाको अभिव्यक्तिसँगसँगै प्रकृतिका बारेमा जानकारी दिने बालकाव्य। उपशीर्षकहरू-सपनामा उडेको, आकाश कति रमाइलो, आकाशबाट तल हेर्दा, वर्षाको बेलामा-१, वर्षाको बेलामा-२,

शरद्को पृथ्वी-१, शरद्को पृथ्वी-२, जुनेली रातमा, रानीरह र डाडाँचौर, जाडोको आगो, शिशिरको सिर्सिरे हावा, बसन्तको हुरी र बतास, सहरको सडक, जेठको घाममा, काफल खाँदा, पानी खान झर्दा, एउटी नानी आइन्, नानीलाई चरा हुन अनुरोध, नानीले घर लैजान कर गरी म गइनँ, मलाई धन्नैले सिकारीले समातेन, म बेस्करी डराएर भागेँ, मलाई घरको सम्झना आयो, घरको ढोका खुलेन र म ओछ्यानमै रहेछु । कवि सपनाका आकाशमा उडेको र त्यसपछि त्यस यात्रामा देखिएको कुराहरूको काव्यात्मक वर्णन नै यस काव्यको मूल विषय हो । यसरी डुल्दा उनले आकाशबाट देखेका प्रकृतिका विविध स्वरूप र छटालाई आकर्षक तरिकाले प्रस्तुत गरेका छन् । छोटा लयबद्ध काव्यले बालबालिकालाई प्रकृति र उसका गतिविधिबारे राम्ररी जानकारी गराउँछ । काव्यमा घटनाक्रम पनि उनिएकाले अझ रुचिकर हुन पुगेको छ ।

## मुक्तिनाथ शर्मा नेउपाने

### *१. पानी र नानी*

प्रकाशक-ज्ञान निकेतन माध्यमिक विद्यालय, काठमाडौँ; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१ मङ्सिर, पृष्ठ-३६, मूल्य-रु.३५।-; चित्र-वासु क्षितिज र पृथ्वी श्रेष्ठ ।

पानीबारे जानकारी दिने बालगीतिकाव्य । पानी मानवजीवनका लागि अत्यावश्यक कुरा हो । त्यसैले यसबारे बालबालिकालाई सानैदेखि जानकारी दिनु राम्रो हो । प्रस्तुत पुस्तक त्यही उद्देश्य पूर्तिका क्रममा लेखिएको हो । यसले पानीको महत्त्व र पानीले गर्ने महत्त्वपूर्ण कामका कुराबारे मात्र जानकारी दिँदैन, पानीबाट कुन अवस्थामा जोगिनुपर्छ भन्ने पनि सिकाउने प्रयास गरेको छ । साथै मानिस र प्रकृतिबीचको सम्बन्धबारे पनि काव्यले प्रकाश पारेको छ । यसका अतिरिक्त स्वास्थ्यका लागि हरियो सागपात खानु लाभदायक हुने पनि काव्यले जानकारी दिन्छ । लयात्मक यो काव्यको भाषा सरल छ ।

### *२. सानी चरी गौँथली*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-२४+४=२८, मूल्य-रु.४६।-; चित्र-टेकवीर मुखिया ।

सत्र बालगीत । शीर्षक-सानी चरी गौँथली, गाई र बाच्छी, काग दाइ, दसैँ

तिहार, परेवा र बचरा, सानी नानी शिवानी, विद्यालय जान्छु, गौँथली, छुट्टीको मज्जा, पढ्ने मन, अम्मली बाबा, मामा माइजू, महिनाहरू, बारहरू, भाइ, रामुको बानी, माहुरी । बालजगत्का विभिन्न विषयलाई गीतका रूपमा प्रस्तुत गरिएको यो बालगीतसङ्ग्रह बालोपयोगी छ । प्राथमिक तहका बालबालिकाका लागि तयार गरिएका यस सङ्ग्रहका लेखिएका गीतकविताहरू सरल र सहज छन् । भाषिक मिठास र रोचक प्रस्तुतिलाई यसको विशेषता मान्न सकिन्छ ।

## यादवप्रसाद मैनाली

### *१. बच्चुको जङ्गल-यात्रा*

प्रकाशक-रूम टु रीड, काठमाडौँ; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३६, मूल्य-रु.८०।-; चित्र-अविन श्रेष्ठ; सम्पादन-शान्तदास मानन्धर ।

बालगीतिकथा भनिएको यस बालकाव्यको विषयवस्तु जङ्गल हो । बच्चु नामको एक बाँदर जङ्गल घुम्न निस्केपछि कथा सुरु हुन्छ र बाटामा भएका-देखेका कुराहरूको वर्णन गर्दै काव्य अघि बढ्छ । यस बालकाव्यले जङ्गलमा हुने विभिन्न रूख-विरुवा र जीवजन्तुहरूबारे बालबालिकालाई राम्रो जानकारी दिन्छ । लोकलयात्मक सरल गीतिशैलीका कारण यो काव्य बालबालिकालाई गाउन पनि सजिलो हुने देखिन्छ । साथै रङ्ग र गन्ती गर्न सिकाउने पनि यो पुस्तकको उद्देश्य देखिन्छ । यो पुस्तक पूर्वप्राथमिक र विशेषगरी प्राथमिक तहका बालबालिकाहरूका लागि तयार पारिएको भन्ने प्रकाशकको भनाइ छ ।

## युद्धप्रसाद मिश्र

### *१. युद्धप्रसाद मिश्रका कविताहरू*

प्रकाशक-युद्धप्रसाद मिश्र पुरस्कार तथा प्रकाशन गुठी, भक्तपुर; मुद्रक- ?; पहिलो संस्करण-२०४८ फागुन, पृष्ठ-६६, मूल्य-रु.१५।-; चित्र-नभएको; सम्पादन-वासुदेव अधिकारी ।

मिश्रका सबैखाले कविता गरी कुल ४९ कविता सङ्गृहीत । त्यसमध्ये आठ बालकविता । शीर्षक-वानर, स्कुल जाऔँ, हाम्रो भैँसी बुबु दिन्छ !, स्कुल जान्छु टम् टम् टम्, विद्यार्थी बिरालो, घाम पानी घाम पानी, सक्छु फड्किन, लौन मैले के गर्ने ? । अन्तिम कविताबाहेक अन्य सात कविता पहिले **बालकोसेली**मा

प्रकाशित । पृष्ठ-५८ देखि ६६ सम्म बालकविता । प्रगतिवादी चेतनाका कवि मिश्रका बालकवितामा पनि त्यसै प्रकारका भावना पाइन्छन् । अत्यन्त सरल भाषा, स्पष्ट विचार, लयात्मकता र बालभावनाका कारण बालकविताहरू बालबालिकाका लागि रुचिपूर्ण र शिक्षाप्रद हुन पुगेका छन् ।

### *२. स्कुल जाऔँ*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५७ मङ्सिर, पृष्ठ-१२, मूल्य-अनुल्लिखित; चित्र-के.के.कर्माचार्य ।

एउटा कविताको चित्रात्मक प्रस्तुति । **बालकोसेली**को अनुरोधमा लेखिएको यस कवितामा कविले अत्यन्त सरल भाषाशैलीमा बालबालिकालाई शिक्षाको महत्त्व दर्शाउँदै विद्यमान रूढि र अन्धविश्वासविरुद्ध जागरुक बनाउने प्रयास गरेका छन् । यो कविता यस रूपमा आउनुअघि **युद्धप्रसाद मिश्रका कविताहरू**मा सङ्गृहीत भइसकेको छ ।

### *३. स्कुल जान्छु टम् टम् टम्*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६३ आश्विन, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद-शान्तदास; अङ्ग्रेजी नाम-One Two, One Two To the School, I March !

एउटा कविताको चित्रात्मक प्रस्तुति । यस कवितामा छोरीलाई पनि विद्यालय पठाएर पुरुषसरह नै शिक्षित, स्वाभिमानी र सक्रिय बनाउनुपर्ने खाँचो औँल्याइएको छ । त्यसो हुन सके मात्र छोरी पनि आत्मसम्मानका साथ जिउन र अघि बढ्न सक्छन् भन्ने कविको विचार छ । सरलता, स्पष्टता र लयात्मकता कविताका विशेषता हुन् । यो कविता यस रूपमा आउनुअघि **युद्धप्रसाद मिश्रका कविताहरू**मा सङ्गृहीत भइसकेको छ ।

### *४. हाम्रो भैँसी बुबु दिन्छ !*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६३ पुस, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद तथा सम्पादन-शान्तदास; अङ्ग्रेजी नाम-Our Buffalo Gives Milk

एउटा कविताको चित्रात्मक प्रस्तुति । **बालकोसेली**कै अनुरोधमा लेखिएको यस कवितामा भैँसी पालेर दूध व्यवसाय चलाइरहेका घर-परिवारका केटाकेटीहरूको व्यथालाई सरल र सरस तरिकाले प्रस्तुत गरिएको छ । यो नेपाली जीवनको यथार्थ चित्र पनि हो । यस कवितामा कविको प्रगतिवादी चेतनाको स्पष्ट छाप भेटिन्छ । कविता औधी रोचक र आकर्षक छ । यो कविता यस रूपमा आउनुअघि **युद्धप्रसाद मिश्रका कविताहरू**मा सङ्गृहीत भइसकेको छ ।

### ५. *विद्यार्थी बिरालो*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६३ चैत, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद-शान्तदास; अङ्ग्रेजी नाम-School–Going Cat

एउटा कविताको चित्रात्मक प्रस्तुति । यस कवितामा सानो बिरालोका माध्यमबाट कविले शिक्षाको महत्त्व दर्शाउनुभएको छ । कथात्मक यस छोटो कवितामा सानो बिरालो पढ्नुपर्छ भन्ने बुझेर विद्यालय गएको कुराको वर्णन गरिएको छ । छोटो भए पनि गहन हुनु, सरल र सरस भाषाशैलीमा कविता लेख्नु मिश्रको विशेषता देखिन्छ । यो कविता यस रूपमा आउनुअघि **युद्धप्रसाद मिश्रका कविताहरू**मा सङ्गृहीत भइसकेको छ ।

### ६. *मनैमनले क ख भन्छु*

प्रकाशक-बालकोसेली; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६४, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद-शान्तदास; अङ्ग्रेजी नाम-I read but to myself

एउटा कविताको चित्रात्मक प्रस्तुति । यस कवितामा नेपाली समाजका गरिब परिवारका बालबालिकाले पढ्न नपाउने स्थितिको वर्णन गरिएको छ । **बालकोसेली**को अङ्क-३२ मा प्रकाशित भएको यो कविताको भाषा अत्यन्त सरल छ । कवितामा वर्गीय चेतना पनि अभिव्यक्त भएको छ ।

## रमण नेपाल

### १. *हात्ती*

प्रकाशक-बालकोसेली; मुद्रक-प्रभात प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-

२०४३ जेठ, पृष्ठ-१६, मूल्य-रु.४।-; चित्र-मिलन शाक्य ।

सात कविता । शीर्षक-हात्ती, खरायो, गाई, बिरालो, कुखुरा घण्टी, मूसा, बाघ । यस सङ्ग्रहमा अत्यन्त साना बालबालिकालाई विभिन्न घरेलु तथा जङ्गली जनावरबारे जानकारी दिने उद्देश्यले रचिएका सरल बालकविता छन् । अत्यन्त सरल शब्दहरूको प्रयोग, अनुप्रासयुक्त, लयात्मकता र सङ्क्षिप्तता यी कविताका विशेषता हुन् । रमण नेपाल शारदारमण नेपालको अर्को नाम हो ।

### *२. फूलबारीको चरी*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४४, पृष्ठ-१५+३=१८, मूल्य-अनुल्लिखित; चित्र-मिलन शाक्य ।

बालकाव्य । लेखकीय र प्रकाशकीय दुवै नभएको । यस काव्यमा एक बालकको फूलबारीको घुमाइसँगसँगै चरी भएर घुम्ने कल्पनालाई काव्यात्मक अभिव्यक्ति दिइएको छ । सरल र सहज सम्प्रेषणीय भाषाशैली र लयात्मकताका कारण काव्य बालबालिकाका लागि उपयोगी र रुचिकर देखिन्छ ।

## रमेश विकल

### *१. बाह्र महिनाको गीत*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-१२, मूल्य-अनुल्लिखित; चित्र-मोहन खड्का ।

प्रत्येक महिनाबारे जानकारी दिने कवितात्मक रचना । विकलको एकमात्र कवितात्मक रचना ।

## रमेश शुभेच्छु (लुइँटेल)

### *१. आमाको माया*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-पिनाक अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ पुस, पृ.२०, मूल्य-रु.१२।-; चित्र-स्वयम्बर हाङ ।

बालकाव्य । आमा बालबालिकाका लागि सबैभन्दा नजिक र प्यारो नाता हो । यस काव्यमा पनि आमाको मायालाई विषय बनाइएको छ । बालबालिकाप्रति आमाको मायाममता र आमाप्रति बालबालिकाको माया-ममता दुवैलाई काव्यले

समेटेको छ । यसमा ५५ वटा गीतिपद्यका माध्यमबाट कविले आफ्ना भावनालाई प्रस्तुत गरेका छन् । शृङ्खलाबद्ध कथानकको भने यसमा अभाव देखिन्छ । यसको शैली भने लोकलयात्मक रहेको छ ।

## रविकिरण निर्जीव

### *१. ऐजेरू लागेको समय*

प्रकाशक-बाल क्लब, हिमालय मा.वि., चम्पानगर, चितवन; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, नारायणगढ, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-२१+७=२८, मूल्य-रु.१०।-, संस्थागत रु.२५।-; चित्र तथा आवरण-तेजबहादुर राना र बरुण घिमिरे ।

एक सय बीस पङ्क्तिमा रचित एवम् सानो आकारमा प्रकाशित बालकाव्य । मानिसलाई सधैँ सहयोग गर्ने पीपलको रूखमा पलाएको ऐजेरूका कारण पीपलले मर्नुपर्ने स्थितिसम्म सिर्जना भएको बेला एक व्यक्तिले ऐजेरू फालेर पीपललाई बचाएको कथा पीपलको मुखबाट भन्न लगाइएको कथावस्तु । यस बालकाव्यमा एउटा पीपलको बोटका पीडालाई विषय बनाइएको छ । साना हुँदा हुरी, बतास, असिनाबाट पीडित पीपल ठूलो भएपछि मानिसबाट पीडित बन्न पुग्छ । यसले मानिस, चराचुरुङ्गी, वस्तुभाउलाई विभिन्न किसिमले सहयोग गर्छ तर उसको पीडा भने कोही बुझ्दैनन् । कथावस्तु राम्रो र अत्यन्त महत्त्वपूर्ण छ । छन्दबद्ध यो काव्यको भाषा पनि उत्तिकै मीठो छ । यसले बालबालिकालाई रूख र वनजङ्गलको संरक्षणका लागि उत्प्रेरित मात्र गर्दैन, पीपलजस्तै पीडा र समस्या भोग्दै जीवनसङ्घर्षमा अघि बढ्नुपर्छ भन्ने महत्त्वपूर्ण सन्देश पनि दिन्छ ।

## रह शर्मा

### *१. सेलरोटी*

प्रकाशक-प्रगतिशील लेखक सङ्घ, चितवन; मुद्रक-बहुमुखी छापाखाना, नारायणगढ; पहिलो संस्करण-२०६३ चैत, पृष्ठ-६०, मूल्य-रु.५५।-; चित्र/आवरण-नवीन अधिकारी ।

बाइस बालकविता । शीर्षक-सेलरोटी, पिङ, मान्यजन, पानी, जान्नुपर्ने कुरा, बिहानदेखि बेलुकासम्म, साँचो बोल, ज्ञान फैलाउँछ, हँसिलो होऊ, सफा होऊ, आँप, फरक छैन, परवर, हिमाल, राम्रा खाना खाऊ, नीम, राम्रो बानी गर, तिते करेला, अमला, मह, तुलसी, स्याऊ । सङ्ग्रहका बालकविताहरू बालबालिकाका

आचारव्यवहार, आनीबानी, स्वास्थ्य, फलफूल, वनस्पति, संस्कृति, प्रकृति र वातावरणजस्ता विषयमा लेखिएका छन् । प्रायः सबै कवितामा लय र अन्त्यानुप्रास पाइन्छ ।

## राजीव

### *१. जमुनीको छोरो*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४१; दोस्रो संस्करण-२०५९ कात्तिक, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-मिलन शाक्य ।

नौ बालकविता । शीर्षक-केराको पथरो, वनभात, भकुन्डो, जुनकिरी, जमुनीको छोरो, फेवाताल, तमाखुको कथा, को खाई ! को खाई !, बचरा । यी बालकविताहरूले बालबालिकालाई जानकारी, शिक्षा र मनोरञ्जन त प्रदान गर्छ नै, त्यसबाहेक नेपाली गाउँघर र नेपाली ग्रामीण जनताका बाध्यता एवम् स्थितिबारे पनि बोध गराउँछन् । ग्रामीण भेगका छोरीचेलीले भोग्नुपर्ने समस्या, गरिब नेपालीले गोठ, गाईवस्तु र गोबरकै बीचमा बाल्यकाल बिताउनुपर्ने बाध्यता र हाम्रो गाउँघरको अविकसित स्थितिलाई यी कविताले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । सरल, लयात्मक र प्रस्तुतिको नौलोपनले बालबालिकालाई लोभ्याउँछ । यी बालकवितामध्ये केहीलाई सङ्गीतकार रामेशले स्वरबद्ध पनि गर्नुभएको छ । राजीव रामबाबु सुवेदीकै अर्को नाम हो ।

## राजेशकुमार विष्ट

### *१. बालअधिकारका गीतहरू*

प्रकाशक-सुमित्रा विष्ट; मुद्रक-प्रिन्ट-टेक, काठमाडौँ; पहिलो संस्करण-२०६० भाद्र, पृष्ठ-३९+१७=५६, मूल्य-रु.१००।-; चित्र-नभएको; आवरण-सुन्दर बस्नेत ।

उनन्चालीस बालगीतमध्ये पाँचवटा अङ्ग्रेजी भाषामा । शीर्षक-सरस्वती बन्दना, कोपिला छ मेरो प्रतिभा आज, ब्युँझ ब्युँझ प्रतिभाहरू हो, त्यो सडकको किनारामा, साना छन् यी हात, हामी बालक साना छौँ, ज्ञानको सहरमा, लाग्छ मलाई मेरो देश, शान्तिक्षेत्र हौँ बालबालिका हामी, आउ साथी, हाँसु हाँस्न सक्दिन म, स्वागतम्-स्वागतम्, कोपिला हुँ म फूलको, हामी बालबालिका साना नेपाली, हेर न ती साथीलाई, पढ पढ मेरा भाइबहिनी, तिमी सपाङ्ग (सबलाङ्ग)

हौँ देशको, हे ! नेपाल आमा !!, बालबालिका हौँ हामी देशका कर्णधार, मेरो बालअधिकार डुब्यो, बालअधिकार नखोस, बालअधिकार हाम्रो अधिकार, माता शारदे !, शान्तिक्षेत्रका बालक हामी, हे आमा ! हे बाबा !!, म त एउटा बालक न हुँ, जीवनका हर मोड मोडमा, उज्यालो भयो, एक नजरले हेरीदेउ, मेरी सानी नानी, मेरा प्यारा-प्यारा, शान्ति ! शान्ति !!! शान्ति !!! सुन, दीप जलाउँदै आयौँ, आमा मलाई ।

बालबालिकालाई बालअधिकारप्रति जागरुक बनाउनेलगायतका विविध विषयमा लेखिएका बालगीतहरू यस सङ्ग्रहमा रहेका छन् । विषयवस्तुका दृष्टिले उपयुक्त भए पनि गेयताको अभाव, शैलीगत मिठासको कमी र कतिपय ठाउँमा गलत शब्दको प्रयोगले कृतिलाई कमजोर बनाएको छ ।

## रातो बङ्गला स्कुल

### *१. छन्दको छहरा (सम्पा.)*

प्रकाशक-रातो बङ्गला किताब, रातो बङ्गला स्कुल, पाटन, ललितपुर; मुद्रक-जगदम्बा प्रेस प्रालि; पहिलो संस्करण-२०६२, पृष्ठ-११५+७=१२२, मूल्य-रु.१२०।-; चित्र-शान्ता हिताङ ।

विभिन्न कवि-कवयित्रीका एक सय आठ कविता । भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, सोमनाथ सिग्द्याल, भीमनिधि तिवारी, पारसमणि प्रधान, महानन्द सापकोटालगायत नयाँ पुस्ताका कवि-कवयित्रीका छन्दोबद्ध कविताको सङ्ग्रह । रातो बङ्गला स्कुलका शिक्षकशिक्षिकाद्वारा सङ्कलन तथा सम्पादन गरिएको यो कृति नेपाली बालबालिकालाई छन्दप्रतिको रुचि जगाउने उद्देश्यले प्रकाशित गरिएको हो । यसअघि पनि रातो बङ्गला स्कुलले **छन्दका १०१ कविता** प्रकाशित गरेको थियो । त्यसैको निरन्तरताको रूपमा यो कृति प्रकाशन भएको हो । यसमा भएका बालकविताहरू सबै पूर्व प्रकाशित हुन् । यसले बालबालिकालाई विभिन्न छन्दको ज्ञान दिनुका साथै उनीहरूलाई छन्द कविता पाठ गर्न र सङ्गीतप्रति रुचि जगाउन पनि मद्दत गर्छ ।

## रामकुमार पाँडे

### *१. पुतलीको घर*

प्रकाशक-समूह; मुद्रक-इन्दु छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४१, पृष्ठ-

४०, मूल्य-रु.५।-; चित्र-टेकवीर मुखिया ।

तीस बालकविता । शीर्षक-सरस्वती, यो हो हाम्रो देश नेपाल, शिरभरि नेपाल, पढौँ साथी, क का कि की पढौँ, जन्म दिन, हाम्रो घर, पुतली, बूढी कुखुरी, आलु, रूख, यो के हो ? चरो हो ?, लङ्गडे काग, सानी नानी, के हो ? भन !, तरकारीको सभा, कालो बिरालो, भन्टाको बोटमा झटारो, को के भन्छ ?, नेपालका राजारानी, बानी, हात्ती भन्छ दिउँ लात्ती ?, बच्चा बच्ची, बाँदर, बस्ने बास, घ्याम्पे बेलुन, को के गर्छ ?, घोर्ले स्यालको बिहे, माहुरी, पुतलीको घर । विषयगत विविधता, रोचकता, सरलता, गेयात्मकता र व्यङ्ग्यात्मकताका कारण सङ्ग्रहका बालकविताहरू अत्यन्त आकर्षक र रुचिकर हुन पुगेका छन् । *बूढी कुखुरी, आलु, तरकारीको सभा, भन्टाको बोटमा झटारो, घोर्ले स्यालको बिहेजस्ता* कविताले बालबालिकालाई प्रशस्त मनोरञ्जनमात्र प्रदान गर्दैन, शिक्षा र जानकारी पनि दिन्छन् ।

"साना बालबालिकाको क्षमता, रुचि र आवश्यकता मात्र हैन सरलता र सरसतालाई समेत ख्याल गरी बालोपयोगी रचना तयार गर्नु निकै कठिन काम हो ।...नेपाली बालसाहित्य अत्यन्त उपेक्षित छ ।" (लेखकीय, *सगुन*, पृ.२)

## रामबाबु सुवेदी

### *१. बाँ बाँ बाच्छी*

प्रकाशक-प्राथमिक शिक्षा परियोजना, प्राथमिक सामग्री एकाइ; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-३१+५=३६, मूल्य-अनुल्लिखित; चित्र-मिलन शाक्य ।

एकतीस बालकविता । शीर्षक-बाँ बाँ बाच्छी, दसैं आयो, कुखुरी काँ..., म्याउँ म्याउँ, ढुकुर कुरकुर, एक हप्ता, मैले खाएँ खीर, 'कुइरो, रुवा र हिउँ', कता पऱ्यो सियो ?, मेरी हजुरआमा, झुम्राकी पुतली, कन्ठा भैँसी ब्यायो, साथी, मसी पोखेँ मैले, ए ! ए ! सिसाकलम, पुस्तक फोहोरियो, झोला कहाँ होला ?, वल्ला घरको नरे, अस्ताएछन् घाम, महिना, स्वागत गान, खोज्दै आएँ राजा, गोपाल हो मेरो नाम, म गोरेटो हुँ, पानी पऱ्यो झमझम, ऋतुहरू, प्याउलीको छोरो, काफल पाक्यो !, आँसी करायो, को जाने हो वन !, जता हेऱ्यो त्यतै राम्रो । लेखकीय र प्रकाशकीय नभएको । यी बालकविताका शीर्षकहरूले नै कविताहरू बालबालिकाको रुचिअनुकूलका विषयहरू पशुपंक्षी, बोटविरुवा, प्रकृति, खेल, पर्व

आदिमा केन्द्रित रहेको प्रस्ट हुन्छ । सङ्ग्रहका बालकविताहरूले केटाकेटीलाई आफ्ना आनीबानी, व्यवहार र काम गर्ने शैली राम्रो बनाउने शिक्षा पनि दिएका छन् । गीतिलयमा आबद्ध यी कविताहरू सरल र प्रभावोत्पादक छन् ।

## २. *पानी पानी*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०४९, पृष्ठ-१९+१=२०, मूल्य-रु.१०।-; चित्र-के.के.जोशी ।

पानीका विषयमा रचिएको बालकाव्य । पन्ध्र अध्यायमा विभाजित । अध्यायका शीर्षक-पानी एक रूप अनेक, माछापुच्छ्रे हिउँपानी हो, उड्दछ पानी बाफ बनेर, जो पग्लन्छ उही अग्लन्छ, झमझम झमझम पानी पर्छ, पानी जहाजै चढ्दछु आज, नबनौँ हामी खहरे खोलो, खान्छौँ हामी पानी उमाली, पर्पर् पानी अझ पर् तँ, सागर जस्तै गहिरो बन्छु, खै ! कोदालो खन्छु म कुलो, पानी त्यहाँको त्यस्तै हुन्छ, वशमा राखौँ पानीलाई, मित्र बनाए को बन्दैन ?, हे जल ! तेरो कथा यही हो । पानीका विविध रूप र स्वरूपलाई केन्द्रीय विषयवस्तु बनाई लेखिएको यो काव्य बालबालिकाका लागि अत्यन्त उपयोगी छ । यसले पानीको महत्त्व र यसलाई सदुपयोग गर्दा हुने लाभबारे समेत अत्यन्त सरल तरिकाले जानकारी दिने प्रयास गरेको छ । सरल शब्दहरूको प्रयोग, प्रस्तुतिका विविध लय र काव्यात्मक मिठासले यो काव्यलाई उच्चस्तरको बनाएको छ ।

## ३. *भँगेरी*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-युनाइटेड ग्राफिक प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५१ असार, पृष्ठ-३४+६=४०, मूल्य-रु.३२।-; चित्र-के.के.कर्माचार्य ।

चौतीस कविता । शीर्षक-चीँ मुसी चीँ, बल्ल रमाएँ, हरहर महादेव, निनु गर नानी, पानी, फोहोरीका शिरमा, बचराबचरी, अल्छी र पौरखी, अदुवा, आँसुले रुमाल धुन्नँ है !, दसैं भै डुल्न मन लाग्यो, फक्रनु छ मैले, मोटरमा चढ्नु जाती, भँगेरी, हे पुतली नानी !, लामखुट्टे आयो, दिदी गइन् घर, बैनी जन्मदाँ, पोतारी, मकैको बोट र मकै, जनकपुर जाने रहर, मेरो जन्मदिन, माले गोरु, सुन्तला, चौतारी, याङदीखोलो कलकल, महाकवि देवकोटा, कलममै मेरो पिरती, पतन, बाँदर, काँकरीको रहर, गोमाको गीत, रूख, कवि गोपालप्रसाद रिमाल । यस

सङ्ग्रहमा पशुपंक्षी, बोटविरुवा, फलफूल र पर्वसँग सम्बन्धितका साथै अन्य विविध किसिमका बालोपयोगी कविता रहेका छन् । केही कविता नेपाली लोकजीवनमा प्रचलित बाललोकगीतकै पहिलो पङ्क्तिबाट उठान गरिए पनि ती मौलिक सिर्जना हुन् । केही कवितामा नेपाली गाउँघरको राम्रो चित्रण छ । बालभाषाको प्रयोग र लोकलयात्मक शैलीका कारण कृति बालरुचिअनुकूल हुन पुगेको छ ।

## ४. *बालबोध-२*

प्रकाशक-प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक एकाइ, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-दिवाकर ढुङ्गेल ।

बत्तीस बालकविता । शीर्षक-सरस्वती माता, थिरीरी भाइ, रमाइलो देश, रश्मि मेरो गाउँ, जय जय काली, फागु, पानी, आगो ताप्दै, अधिकार खोइ ?, दिलमा नेपाल, जूनतारा टिपेर, हामी साना भानुभक्त, सिपाही र पुलिस, आगो भई बल्दछु, हे नवदुर्गा !, हे मेरो आमा !, अग्लन्छौँ हामी नेपाली, पृथिवीनारायण, सुवासिनी, बाच्छाबाच्छी दाम्लामा, पगारेर कल्चौँडो, क्यै चाहिन्न मलाई अरू, स्वागत गान, मेरो च्यान्टे घोडा, स्वदेश गान, पासाङ ह्लामु, सगरमाथा, पौरख सँगाल्छु, पैसा, नरोऊ न्याउली, हे प्रिय साथी !, कान्तुये । बालबोध शृङ्खलाअन्तर्गतको दोस्रो प्रकाशन । यस सङ्ग्रहका बालकविताहरूले बालबालिकालाई ईश्वरभक्त, राष्ट्रभक्त र मातृभक्त बन्न प्रेरित गर्छन् । यसका अतिरिक्त सङ्ग्रहमा पशुपंक्षी, प्रकृति, विशिष्ट नेपालीका बारेमा लेखिएका बालकविताहरू पनि छन् । गीतिलय, सरलसरस प्रस्तुति र बालबोलीका शब्दप्रयोगले पनि कृति मीठो भएको छ । जुनसुकै कक्षामा प्रयोग गर्न सकिने भए पनि खास गरी एक, दुई र तीन कक्षाका बालबालिकाहरूलाई बढी उपयोगी हुने प्रकाशकको भनाइ छ ।

## ५. *नेपाल आमा*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-३४+८=४२, मूल्य-रु.४८।-; चित्र-अघिल्लो पृष्ठमा के.के.कर्माचार्य र पछिल्लो पृष्ठमा मिलन शाक्य छापिएको ।

चौतीस बालकविता । शीर्षक-अक्षरका बीउ छर, नगर धेरै हल्ला, बढ्न जान्छु म पनि, तराजु, तिहार, हे प्यारा भाइ !, रहर, सात बार सातै दिन, मझेरीमै नाच्न देऊ, फागुनीको छोरो, शिक्षकले पढाउँछन्, आमालाई ढोग्दछु, शिवको कहानी, प्यारा छोराछोरी, खेल्छु-पढ्छु, छोरीको होस् भलाइ, माथि तानौं साथी हो !, पुतली, पौरखले धोइदिन्छु, भीमनिधिको गीत, नेपाल आमा, चुरोट नखाऊ, भवानी भिक्षु, मलाई एउटा बिहानी देऊ, सिपाही, दुर्गन्धिलो सहर, हुरी, राम्रो नराम्रो, ओदान, खाऊँ दही मथेर, सगरै छुन्छौं, खाते, मातृभूमि हो !, हजुरआमा । यस सङ्ग्रहमा विभिन्न वस्तुको, विभिन्न पेसा र व्यक्तिका, देशको वस्तुस्थितिको र बालबालिकाहरूका निम्ति शैक्षिक जागरण तथा चरित्र निर्माणका कविताहरू सङ्कलित छन् । कविताका माध्यमबाट कविले बालबालिकालाई विभिन्न किसिमका चेतना दिने प्रयास गर्नुका साथै जीवनमा अघि बढ्ने उत्प्रेरणा पनि दिएका छन् । स्वदेशप्रेम उनका कविताको मूलभूत विशेषता हुन् ।

## ६. *ताराबाजी लै लै (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३८+६=४४, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य ।

विभिन्न कविका गरी बत्तीस बालकविता । सिद्धिचरण श्रेष्ठ-तकिया, कृष्णप्रसाद पराजुली-जुन झुल्की आयो, आज हाम्रो छुट्टी, दुर्गालाल श्रेष्ठ-आमा, ह्याङ्की रूमाल, क्षेत्रप्रताप अधिकारी-फूल, अर्ती, देश, नानीको बानी, रामबाबु सुवेदी-भट्भट्भट्, कसौंडीको भात, बादल कालो, चल्चल् साइकल, झनै मीठो खुई, जाँतो हरायो, छट्टू स्याल, सक्कली जुत्ता, ताराबाजी लै ! लै !, दैवज्ञराज न्यौपाने-बबो बाँ !, मेरो सानो मुरली, जूनकिरी, चरी आयो कोकले, बुँद राना-आछुछुछु जाडो !, को छ मेरो जोडा, प्रभा भट्टराई-मेरी पुतली, सुरी म्याउँ, प्रमोद प्रधान-कपासको खेती, बालपोष-राम्रो-नराम्रो, रमेशचन्द्र घिमिरे-राम्रै-राम्रो, बलभद्र भारती-रमाइलो शरद्, रामेश्वर राउत 'मातृदास'-सिकारु छौँ हामी । बालबोध शृङ्खलाअन्तर्गतको ३४ औँ प्रकाशन ।

नेपाली बालकविताका क्षेत्रमा साधनारत प्रमुख कविहरूमध्येका ११ कविका पूर्व प्रकाशित बालकविताहरूको सङ्कलनका रूपमा यस कृतिको प्रकाशन भएको छ । सम्पादकले नेपाली बालबालिकाबीच लोकप्रिय रहेका बालकविताको छनोट गरी यसमा प्रस्तुत गरेका छन् । प्राथमिक तहका बालबालिकाका लागि

तयार गरिएको यस कृतिका कविताहरू पनि सरल, सहज र बालोपयोगी छन् । केही कविताले सन्देश दिन्छन् भने केहीले जानकारी दिन्छन् । केही कविता भने पूर्ण मनोरञ्जनात्मक छन् ।

## *७. घान्द्रुक झलल*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५९ मङ्सिर, पृष्ठ-३२, मूल्य-रु.४५।-; चित्र-राजाराम के.सी. ।

सचित्र नेपाली बालगीतिसँगालो । जम्मा आठ गीत । शीर्षक-जमुनीको छोरो, इलमी र अल्छे, सात बार सातै दिन, नेपालका छोराछोरी, पासाङ दिदी, थाँकरीको काँकरी, घान्द्रुक झलल, ऋतुगीत । स्वरलिपिसमेत प्रस्तुत । यस सङ्ग्रहका बालकविताहरू सबै लेखकका पूर्वप्रकाशित विभिन्न सङ्ग्रहमा प्रकाशित भइसकेका हुन् । *जमुनीको छोरो* राजीवका नामबाट प्रकाशित सोही शीर्षकको कृतिमा, *इलमी र अल्छे* अल्छी र पौरखी शीर्षकमा **भँगेरी**मा, *सात बार सातै दिन* एक हप्ता शीर्षकमा **बाँ बाँ बाच्छी**मा, *थाँकरीको काँकरी* काँकरीको रहर शीर्षकमा **भँगेरी**मा र *पासाङ दिदी* पासाङ ह्लामु शीर्षकमा **बालबोध-२** मा प्रकाशित भइसकेका छन् । अन्य दुई पनि अघिल्ला कृतिमा छापिइसकेका हुन् ।

"गीत र सङ्गीतले बालहृदयलाई सजिलै छुन्छन् । धर्तीमा पाइला टेक्नासाथ बालकहरूको प्रथम भेट गीत र सङ्गीतसित हुन्छ ।...बालकहरूको उमेरसँगै लय र स्वरहरू बढ्दै जान्छन्, चढ्दै जान्छन् । **घान्द्रुक झलल** कृति तिनै बालकहरूका शब्द, सङ्गीत, स्वर र कलाको एउटा नवीनतम संयोजन हो ।" (लेखकीय, *समर्पण*, पृ.५)

## *८. आमाजस्ती गुरुमा*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-३४+८=४२, मूल्य-रु.४९।-; चित्र-टेकवीर मुखिया ।

चौँतीस बाल कविता । शीर्षक-कसौँडीको भात, ए काग !, चलचल साइकल !, ताराबाजी लै ! लै ! !, चट्टू स्याल, हवाईजहाज, जाँतो हरायो, सक्कली जुत्ता, भटभटे आयो, किन तँ तँ म !, आमाजस्ती गुरुमा, हाटबजार, बादल कालो, झनै मीठो खुई !, पुस्तक, हे बेडेन !, एक दुई तीन, शहीदलाई नमस्कार, उज्यालाको

भोको म, लैजाऊ राजधानीमा, कोल हरायो, तैयार होऊ, स्वागतम् ! स्वागतम् ! !, फागुले बोलायो, यौटै लक्ष्य यौटै बाटो, रेडक्रसको गीत, हामी लालाबाला, पोखरा, धर्ती बचाऊ !, खुर्मेटो, सलहको हूल, डल्लैँठो, टौवा, रेडक्रसका सात सूत्र ।

रामबाबु सुवेदीको पछिल्लो बालकवितासङ्ग्रह **आमाजस्ती गुरुमा**मा पनि उनका अघिल्ला बालकवितासङ्ग्रहमाझैँ राम्रा बालकविताहरू सङ्गृहीत छन् । विषयगत विविधताका दृष्टिले मात्र नभई संरचनागत विविधता पनि यसमा भेटिन्छ । कविताहरूले नेपाली संस्कृति र प्रकृति अनि बालबालिकाका भावना र चाहनालाई विषय बनाएका छन् । कविताको भाषा सरल र सहज प्रंवाहमय एवम् शैली लयात्मक भएकाले कविताहरू बालरुचिअनुकूल हुनपुगेका छन् । बालकविताहरूले विभिन्न सन्देश पनि दिन्छन् । झर्रा र गाउँघरमा प्रचलित शब्दहरूको प्रयोगले कवितामा ओज थपेको छ ।

## रामबाबु सुवेदी, गोरखबहादुर सिंह र प्रभा भट्टराई

### *१. तीन धारा*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-४०+४=४४, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य 'शारब' र कमलेश महर्जन; आवरण-हिमालय गौतम; सामग्री सम्पादन-रामबाबु सुवेदी ।

तीन बालखण्डकाव्यको सङ्ग्रह । रामबाबु सुवेदीको 'गँडचौलो र पुतली', गोरखबहादुर सिंहको 'जुत्तेघरको मरम्मत' र प्रभा भट्टराईको 'म के बनूँ ?' । बालबोध शृङ्खलाअन्तर्गतको ५८ औँ प्रकाशन । सङ्ग्रहका तीन काव्य भिन्नभिन्न विषयवस्तुमा आधारित छन् । सुवेदीको *गँडचौलो र पुतली*ले जीव र वनस्पतिबीचको अन्तरसम्बन्धलाई, सिंहको *जुत्तेघरको मरम्मत*ले बाँच्नका लागि गर्नुपर्ने सङ्घर्षलाई र भट्टराईको *म के बनूँ ?* ले बालबालिकाको ईच्छालाई विषय बनाएका छन् । तीनवटै काव्य कथानक, भाषा र शैलीका दृष्टिले राम्रा छन् । यी काव्यले सन्देश र मनोरञ्जन दुवै दिन्छन् । यी काव्यमध्ये पहिलो १५० पङ्क्ति, दोस्रो ५६ पङ्क्ति र तेस्रो ९६ पङ्क्तिमा संरचित छन् । तर *जुत्तेघरको मरम्मत* शीर्षकको बालखण्डकाव्यको विषयवस्तु रूम टु रीडद्वारा वि.सं.२०६२ मा प्रकाशित र क्रिस्टिन स्टोनद्वारा लिखित **मुसाको घर** चित्रकथासँग ठ्याम्मै मिल्छ । यो कृति प्राथमिक तहका बालबालिकालाई तयार गरिएको भए पनि सबैका लागि उपयुक्त देखिन्छ ।

## रामविक्रम थापा

### *१. बालपोष*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-एभरेस्ट ग्राफिक्स प्रिन्टर्स, विराटनगर; पहिलो संस्करण-२०६४ भदौ, पृष्ठ-४०+१२=५२, मूल्य-रु.३०।-, संस्थागत-रु.१००।-; चित्र-टङ्क आले, विजय चाम्लिङ; आवरण-टङ्क आले ।

चालीस बालकविता । शीर्षक-हामी स्वस्थ बनौँ, साना साना नानीलाई, तिमी बालक, हिउँद-१, प्रकृतिसित सिक, तिमी यस्तो नगर, अब टुकी बालौँ, सबैसित सिक, सुनकेस्रा, हिउँदमा, हिउँदको जाडो, चिचिला, नयाँ वर्ष २०६३, शुभकामना, तिमी सिक, बालगीत, हाम्रो स्कुल र हाम्रा विद्यार्थी, दशैँ, फूलको तिहार-१, फूलको तिहार-२, हिउँद-२, नानी यसो गर है, काम गर्ने ठूलो, हिउँदको जाडोमा, शिक्षक, हिउँद-३, हिउँदको जाडो, आओस् नयाँ वर्ष, पानी, असारको किसान, पहाड, दुवै बराबरी, वर्षायाम र किसान, हाम्रो सुखी परिवार, कर्मयोगी असार, होश गर नानी हो, हाम्रो घर, छोरीको बिलौना, नव वर्ष आयो, दाता प्रकृति । सङ्ग्रहका कविताहरू विशेषगरेर प्रकृतिका विभिन्न रङ्ग र रूपमा केन्द्रित छन् । त्यसबाहेक हाम्रा सांस्कृतिक चाडपर्व र अन्य विषय पनि कवितामा आएका छन् । कविताका माध्यमबाट बालबालिकालाई शिक्षा दिने प्रयास पनि कविको देखिन्छ । कविता सरल छन् ।

## रामेश्वर राउत 'मातृदास'

### *१. आफैं बोल्छन् फूलहरू*

प्रकाशक-श्रीमती पार्वती राउत; मुद्रक-काजी हिरा मुद्रणालय, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-४५+५=५०, मूल्य-रु.३३।-; चित्र-तुलसी अर्याल; आवरण-रमेश पौडेल ।

चौवालीस बालकविता । शीर्षक-अन्धकार भाग्छ, पढ साथी पढ, पर पानी परपर, टलपल बलबल, प्यारो साथी रीता, कसले भन्न सक्छ ?, मेरो गाउँघर, बाँदर, खास नाम, माहुरीका हुलमूल, फूलको कोपिला, तरकारी काउली, भुटी भुटी मकै, हाम्रो बेला, आइन् आज भेडी, सुक्न थाले फूल, उत्साहका फूलहरू, कमिला, चेतनाको बीउ, म्याउँ-म्याउँ, चरीसँग, नेपालीको शिरमा, आऊन कृष्ण, सृजना मुना, सरस्वती बन्दना, झमझम पानी, आफ्नै भाषाभेषमा, कमिलाको ताँती, उठउठ साथी हो, भँगेरी चरी, बालक, नियति, झिङ्गा, हामी बाँसुरी, जूनकीरी, शरद्को याम, मेरो देशको, गाई, राख्नुपर्छ नाम, नखानुस्,

यही देशका, हाम्रो फूलबारी, झुप्रिको नाम, ख्याल राखी । यस बालकवितासङ्ग्रहमा पशुपंक्षी, फलफूल, प्रकृति, राष्ट्रप्रेम र भगवान्प्रतिको आस्थालाई विषय बनाइएको छ । यी बालकविताका माध्यमबाट कविले बालबालिकालाई जानकारी, ज्ञान र मनोरञ्जन दिने प्रचेष्टा गरेका छन् । सन्देशमूलक यी बालकविता सरल, लयात्मक र मीठा छन् । सङ्ग्रहको दोस्रो संस्करणमा *यो बेला, बिजुली, हवाईजहाज, हामी फूल, के भए कस्तो ?, गनगनेको नाउँ* गरी छ कविता थपिएका छन् ।

### २. *म त रुन्न*

प्रकाशक-पार्वती राउत; मुद्रक-वीनर प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७ माघ, पृष्ठ-३९+५=४४, मूल्य-रु.३५।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

चालीस बालगीति-कवितासङ्ग्रह । शीर्षक-छाड्छाड् बाटो, अब मेरो पाली, एउटा गीत मैले गाए, तिमी कति ज्ञानी, बिहानीको घाम, हामी हसाउँछौं, नेपाल आमा, नेपालकी छोरी, म त भाले हुँ नेपालको पाले, माया दिनुस्, पुतलीको जुनी, मेरो सानो गाउँ, कति राम्री जूनु, मनभित्र छ नेपाल, के भन्छ मादल ?, पुस्तक पढौँ, फूलको बास्ना, कसलाई भनुँ ?, सुक्न लागे ओठ, मनका सच्चा, हावा खाँदै आएँ, मुसी आइछे, म्याँ...म्याँ मने, बाटो, त्यही बस, लौ हेर साथी, चल्ला, केराको डेरा, म त रुन्न, नेपाल, एक नाम साझा, फूल बनाऊ, ए भँगेरा, भँगेरी खोई ?, आँधी, आयौ भने, शान्ति छर्ने बुद्ध, विद्या महिमा, घोडा, खोरभित्रको बाघ, यसको अर्थ । सङ्ग्रहको शीर्षक रहेको **म त रुन्न** गद्य-गीतजस्तो भए पनि अन्य बालकविता तथा गीतहरू लयात्मक छन्, सरल छन् । यी बालकविताहरूले बालबालिकालाई राष्ट्र, राष्ट्रप्रेम र जनताका बारेमा जानकारी दिन्छन् । साथै पशुपंक्षी, फलफूल र पुस्तकलगायतका विविध विषयमा लेखिएका बालकविता पनि यसमा सङ्गृहीत छन् । संरचनागत विविधता यस सङ्ग्रहको विशेषता हो ।

"गीत, कविता, कथा आदि सिर्जनात्मक विधाहरू मान्छेभित्रका असल भावनाहरू हुन् । असल भावना लिन र बाँड्न सके, सबैको भलो हुन्छ ।...विशेषगरी बालभावनालाई उपयोगी हुने गीत र कविताहरूलाई मैले यस गीतिकवितासङ्ग्रहमा सङ्गृहीत गरेको छु ।" (लेखकीय, *आमालाई जन्मदिने-नेपालआमा*)

## रुकु कार्की

### १. *लालीगुराँस*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो

संस्करण-२०६४, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-सन्तोष विष्ट; सम्पादन-कृष्णप्रसाद पराजुली ।

सत्ताइस बालकविता । शीर्षक-अनगिन्ती तारा, चिरबिर भँगेरी, मुनु बुनु, म सानी छोरी, कलम मेरो साथी, शान्तिको सन्देश, हामी साना नानी, साउने झरी, शरद् आयो, हाम्री हजुरआमा, हाम्रो सगरमाथा, मुटुभरि माया, मैना चरी, फूलबारी, झरना, मेरो गाउँ, दसैं आयो, लालीगुराँस, हाँसिरहे जून, मुसा आयो, आई जुरेली, आँप पाके, नुनु बाबा, माली गाई, मेरो सानो सुरी, डाँफे र मुनाल, छोरीका कुरा । प्रकृतिका विभिन्न रङ्ग र रूप, चराचुरुङ्गी र जीवजन्तु, विरुवा र वनस्पति अनि बालसंसारसँग नजिक रहेका विभिन्न विषयमा लेखिएका कविताहरू यस सङ्ग्रहमा रहेका छन् । कविताहरू सरल छन् ।

## लक्ष्मीनाथ अधिकारी

### *१. बाल बगैँचा*

प्रकाशक-लक्ष्मीनाथ अधिकारी; मुद्रक-युनिभर्सल प्रिन्टिङ प्रेस प्रालि, बुटवल; पहिलो संस्करण-२०५९, पृष्ठ-२३+९=३२, मूल्य-रु.२५।-; चित्र-नभएको ।

पच्चीस बालकविता । शीर्षक-सरस्वती बन्दना, बारम्बार प्रणाम, बाल बगैँचा, नानी मेरा ज्ञानी, म त बाबु-नानी, ठट्टा गर्ने बानी, फूलबारी, के को टिक् टिक् टिक्, सफा राखौँ, कति राम्रो चित्र, कति मीठो गीत, आमासित दसैँमा, मनचिन्ते चरी, भ्याङ हेर भ्याङ, मोटर आयो हेर, खोला, गुन बैगुन, के गर्ने ? के नगर्ने ?, पढ्ने बानी राम्रो, प्यारो मान्छे बनौँ, भोक लाग्यो, तिर्खा लाग्यो, होसियार, होली आयो होली, हाम्रो बालअधिकार । यस सङ्ग्रहका बालकविताहरूले प्रकृति, पर्यावरण, स्वास्थ्यलगायतका विषयमा बालबालिकालाई जीवनमूलक शिक्षा दिएका छन् । साथै संस्कृतिका नाममा देखिएका विकृति र बालशोषणको विरोध पनि कवितामा पाइन्छ । कविताहरू गेयात्मक र सरल छन् ।

## लक्ष्मीप्रसाद देवकोटा

### *१. राजकुमार प्रभाकर*

प्रकाशक-प्रकाशक भनेरै उल्लेख नभए पनि आवरण दोस्रो पृष्ठको तल ज्ञानमन्दिर, जुद्धसडक, नेपाल उल्लेख भएको र सम्भवतः सो नै प्रकाशक; मुद्रक-जोरगणेश प्रेस, पाको पोखल्डयाङ, नेपाल; पहिलो संस्करण-१९९७, पृष्ठ-१७+३=२०, मूल्य-

अनुल्लिखित; चित्र-नभएको ।

चार पात्रका माध्यमबाट प्रस्तुत कथात्मक काव्य । अध्याय विभाजन नभएको । पुस्तकको चौथो संस्करण २०४० सालमा साझा प्रकाशनबाट भएको र पृष्ठ-१७+५ गरी २२ । महाकवि देवकोटाले यस बालकाव्यमार्फत तत्कालीन नेपालको स्थितिलाई चित्रण गर्न खोजेका छन् । राणाकालीन भोगविलास र नेपाली जनतालाई शिक्षाबाट वञ्चित गर्न गरिएका प्रयासहरूलाई देवकोटाले काल्पनिकताको खोल ओढाएर यसमा प्रस्तुत गरेका छन् ।

"केटाकेटीहरूसँग बसेर कथा भन्दाभन्दै उनैका निमित्त श्लोकमा शीघ्रतया लेखिदिएको हुनाले र दोहोऱ्याउने र संशोधन गर्ने काम पनि अलि झर्को लागेकोले जस्तो उब्जिएको थियो उस्तै रूपमा प्रकाशित भएको छ ।...हरेक कुराको भित्री अर्थ न भए पनि मूल अभिप्राय यौटा रहेको देखिएला यो न बिलकुलै औपदेशिक छ न बिलकुलै उपदेशहीन । एकैछिन फुर्सतमा हेरेर मन बहलाउने काम देला । यस्ता किसिमका अरू पुस्तिकाहरू पनि प्रकाश हुनेछन् ।" (लेखकीय, *समर्पण*)

## २. *पुतली*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-रानी प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२००९ (नेपाल भाषा प्रकाशिनी समिति); छैठौं पटक-२०३०, पृष्ठ-५५+५=६०, मूल्य-रु.१।३५; चित्र-अनुल्लिखित भए पनि चित्रको तल लेखिएको नामका आधारमा केशव दुवाडी ।

पन्ध्र बालकविता । शीर्षक-पुतली, इन्द्रधनु, ढुङ्गा-बुहारी, छ बहिनी, साँचो, पानी, आमा, सपनाहरू, बसन्त बेला, सम्झना, भँगेरी, के हो नेपाल भन्ने ?, सुनेको कथा, भित्ताको मुख, जुहारी । बालबालिकालाई आकर्षण गर्ने विभिन्न विषयमा लेखिएका यी बालकविताहरू सिर्जनात्मक मौलिक नेपाली बालसाहित्यका आरम्भकालीन रचना हुन् । तर पनि यसमा भएका कविताहरू अत्यन्त आकर्षक र रुचिकर रहेका छन् । यी कविताले बालबालिकालाई मनोरञ्जनका अतिरिक्त प्रकृति र भूगोलबारे पनि यथेष्ट जानकारी दिन्छ ।

## ३. *सुनको बिहान*

प्रकाशक-नेपाली भाषा प्रकाशिनी समिति, नेपाल; मुद्रक-जोरगणेश प्रेस (छापाखाना),

नेपाल; पहिलो संस्करण-२०१०; दोस्रो संस्करण-२०१६, पृष्ठ-४८+४=५२, मूल्य-५० पैसा; चित्र-अनुल्लिखित भए पनि चित्रको तल लेखिएको नामको आधारमा केशव दुवाडी ।

उन्नाइस बालकविता । शीर्षक-पाप लाग्दछ, सुनको बिहान, पैसा, सिंह र मुसा, वर्षा, मास्टरजी, पल्टन, सौन्दर्यउपासना, फूलपरी, किताबचरो, धूलो, नेपाली सलाईबट्टा, कुहू कुहू, तस्वीर, हैसा बूढीको मुख, गाउँ दिने कथा, पृथ्वी भकुण्डो, जुनी, झ्याँगघर । बालकवितासङ्ग्रह, पहिलो भाग भनी प्रकाशित यस सङ्ग्रहका अधिकांश बालकविता पनि प्रकृतिका विविध विषयमै केन्द्रित छन् । यसभित्रको *सुनको बिहान* अत्यन्त चर्चित कविता हो । सरल र सरस भाषाशैलीमा लेखिएका यी कविताहरूले महाकविको कल्पनाशक्तिलाई पनि हामीसामु प्रस्तुत गर्दछ । विषयअनुरूपको शब्दचयन र प्रस्तुतिले सङ्ग्रहलाई रोचक बनाएको छ ।

## ४. *चिल्ला पातहरू*

प्रकाशक-महाकवि देवकोटा स्मारक समिति, नेपाल सांस्कृतिक सङ्घ, काठमाडौँ; मुद्रक-नेपाल प्रेस, नयाँ सडक, काठमाडौँ; पहिलो संस्करण-२०२१, पृष्ठ-३५+९=४४, मूल्य-रु.१।-; चित्र-नभएको; सम्पादन-शिवगोपाल रिसाल ।

बाइस कविता । शीर्षक-प्रार्थना, नेपाली राष्ट्रियगान, राष्ट्रभाषा नेपाली, मातृभूमिप्रति, आरोहीप्रति, मीनपचास, भोटेले साइकल देख्छ, वसन्त परी, प्रेम, गहूँको संझना, चिल्ला पातहरू, साउन, सडेको सुकुल, हाम्रो दोष, चिडियाहरू, कुखुरो प्रति, एक असारे साँझ, माघको खुलेको बिहान, सालपाते फटयाङ्ग्रोलाई, ठूला र सानासँग, तीन स्वर्गवासी बच्चाको सम्झना, तारा । यस कृतिमा राष्ट्र र राष्ट्रियताका बारेमा लेखिएका कविताहरू विशेष रूपमा छन् । केही कविता प्रकृतिका, केही कविता जीवजन्तुका र केही कविता अन्य विविध विषयका बारेमा पनि लेखिएका छन् । यो कृति तत्कालीन अवस्थामा विद्यार्थीका लागि भनी तयार गरेको देखिन्छ । तर यस सङ्ग्रहका सबै कविता बालकविता भने होइनन् । *प्रार्थना, राष्ट्रभाषा नेपाली, मीनपचास, भोटेले साइकल देख्छ, चिडियाहरू र तारा गरी छ वटा* कविता मात्र बालकविता हुन् ।

## ५. *कटक*

प्रकाशक-झापा प्रकाशन, भद्रपुर; मुद्रक-कामधेनु यन्त्रालय, वाराणसी, भारत;

पहिलो संस्करण-२०२६, पृष्ठ-५६+८=६४, मूल्य-रु.२।-; चित्र-नभएको; सम्पादन-मोहनराज शर्मा ।

सोह्र उपशीर्षकमा विभाजित वीरकाव्य । उपशीर्षक-बिगुल गान, रणमार्च, कालीगान, चंडी धारा, रण-जागरण, रण-सलामी, निडर-ध्वनि, सीमाना गान, तयारी गान, वीर बलभद्र वा कलंगा गान, जैनगढ गान, अङ्ग्रेजी नीतिगान, खुकुरी-गान, वीर-गान, तुलना गान, गोर्खाली पाराको गान । यस काव्यमा कविले नेपाली योद्धा बलभद्र र नेपाली फौजले कलङ्गाको युद्धमा देखाएको वीरता र साहसलाई शब्दचित्रका माध्यमबाट प्रस्तुत गरेका छन् । यस प्रकार यो काव्यको माध्यमबाट कविले युद्धको वास्तविक चित्र नेपाली बालबालिकालाई देखाएका छन् भने काव्यमार्फत वीरता र राष्ट्रियताप्रति बालबालिकाहरूको आस्था जगाउने प्रयास पनि गरेका छन् । सरल भाषा, लयात्मकता र अभिनयका साथ प्रस्तुत गर्न सकिने खुबीका कारण पनि यो कृति महत्त्वपूर्ण हुन पुगेको छ । विषयअनुरूपको भाषा र लयले काव्यलाई जीवन्त बनाउन सहयोग पुऱ्याएको छ ।

## लालगोपाल सुवेदी

### *१. देवताजस्तै नेपाली, मन्दिरजस्तै नेपाल*

प्रकाशक-थाँक्रो प्रकाशन, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३२, मूल्य रु.३०।-; चित्र/आवरण-ज्ञानेश्वर उदय ।

पच्चीस बालकविता । शीर्षक- भाइलाई फुल्याउँदा, देवताजस्तै नेपाली मन्दिरजस्तै नेपाल, हाम्रो देश नेपाल, धानको बाला, बादल, वातावरण गीत, बालगीत, माटो मनको राजा, ज्योतिले दैलो पोतेर, वाचा, माटाको माया, सेवा, हाम्रो वेदना, हाम्रो नेपाल, बुद्धकी आमा नेपाललाई, देवकोटा, भीमनिधि तिवारी, नयाँ वर्ष, जयपृथ्वीबहादुर सिंह, गुरूप्रसाद मैनाली, भानुभक्त आचार्य, मोतिराम भट्ट, सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम र लेखनाथ पौड्याल । विभिन्न छन्द र लोकलयमा लेखिएका यस सङ्ग्रहका बालकविता सरल, सरस तथा सहज छन् । बालबालिकाको मनोभावअनुरूप रचिएका यी बालकविताले बालबालिकालाई बालसंसारबारे मात्र बताउँदैन, त्यसबाहेक थुप्रै ज्ञान र जानकारी पनि दिन्छन् । साथै नौ जना हाम्रा अग्रज साहित्यिक स्रष्टाबारे लेखिएका बालकविताले बालबालिकालाई स्रष्टाबारे जानकारी दिँदै सिर्जनशील हुन पनि अभिप्रेरित गर्छन् ।

## *२. पुतलीलाई जामा*

प्रकाशक-थाँक्रो प्रकाशन, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३२, मूल्य-रु.३०।-; आवरण/चित्र-ज्ञानेश्वर उदय ।

बीस कविता । शीर्षक-सरस्वती आमा, उमेशको जीवन, भाइलाई फुल्याउँदा, हाम्रो घरमा के के छन् ?, चरी, कलम, हाम्रो चाहना, मेरा प्यारा साथी हो, पुतलीलाई जामा, अमृत बेला, हाम्रो भाइ गोरे, पाटे बिरालो, राम्रो म, हिमालको छोरो म, कमिला, फूलबारी, जूनको कुरा, चमेलीको वेदना, फूल र कन्याङकुरुङ आयो रे । प्रस्तुत सङ्ग्रहका सबैजसो कविताहरू बालबालिकाको रुचिअनुकूलका विषयमा रचिएका छन् । हाम्रा घरवरिपरिको संसार नै यी बालकविताका विषयवस्तु हुन् । कविताहरू लयात्मक र अनुप्रासयुक्त भएकाले बालबालिकाका लागि अझ रुचिकर हुनु स्वाभाविकै हो । कवितामा सरल शब्दहरूको प्रयोग भएको छ भने शैलीगत संरचनाले कवितालाई अझ मीठो बनाएको छ ।

# वसुश्री पाण्डे

## *१. ज्ञानी बनौँ*

प्रकाशक-हिमशिखर फाउन्डेसन; मुद्रक-त्रियुगा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७, पृष्ठ-११+५=१६, मूल्य-रु.१५।-; चित्र-गोपाल कलाप्रेमी ।

एघार बालकविता । शीर्षक-आँखा छोपी खेलौँ, सर्प, आमाले भन्नुभयो, कुखुराको चल्ला, माछाहरू नाचे, चरी आयो, फोहर नखेलौँ, सबैसँग मिल्छु, ज्ञानी बनौँ, पुतली, मिलेर बसौँ । यी बालकविताहरूका विषयवस्तु बालोपयोगी भए पनि कविताको शैली र प्रस्तुतिमा परिपक्वताको अभाव देखिन्छ । ठाडो वर्णन र कमजोर लयविधानका कारण कविता प्रभावकारी हुन सकेका छैनन् । कविता उपदेशात्मक छन् ।

## *२. हावा चल्यो*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-एभरेस्ट ग्राफिक प्रिन्टर्स, विराटनगर; पहिलो संस्करण-२०५८ चैत, पृष्ठ-१६, मूल्य-रु.११।-; चित्र-गोपाल कलाप्रेमी र गेहेन्द्र अमात्य ।

एघार बालकविता । शीर्षक-फर्सी, मकर संक्रान्ति, ज्ञानी कुकुर, घोडा,

शिक्षा देउ, झगडा गर्नु हुन्न, हावा चल्यो, भनेको मान, आलु, आँप, नयाँ वर्ष । यस सङ्ग्रहका बालकविताहरूमा एकातिर विषयको सोझो वर्णन छ भने अर्कोतिर यी उपदेशात्मक हुन पुगेका छन् ।

## विजयराज न्यौपाने

### १. *सुनटिकी र जुनटिकी*

प्रकाशक-श्रीमती ईश्वरीदेवी न्यौपाने र सञ्जयराज न्यौपाने, लमजुङ; मुद्रक-इनाप छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५०, पृष्ठ-४१+११=५२, मूल्य-रु.१२।-; चित्र-नभएको; आवरण-अनुल्लिखित ।

पैँतीस बालकविता । शीर्षक-वन्दना, मेरो सानु बाबु, मेरी सानी बहिनी, मेरी सानी पुतली, घर, हाम्रो स्कुल, गाउँको माया, मेरो देश, भँगेरीको बचेरी, मेरो गाईको बाच्छी, बहर, रमाइलो साँझ, विवाह, फोहरी भाइ, राम्रो बानी, समय र काम, मेरो मने, चिँ चिँ मुसा, माछा, केरा, मेरी दिदी, सानी छोरी के भन्छे ?, पासाङ, बाल-इच्छा, टुल्की, मनकामना, दसैँ आयो, खराब साथी, आमा छोराका कुरा, बिजुली, किसान, छलफल, हामी जस्तै ऊ हो, जीवजन्तु के भन्छन् ?, अर्ती । यस सङ्ग्रहका बालकविताहरूले बालसंसारका विषयवस्तुका अतिरिक्त नेपाली सामाजिक जनजीवनका विविध पक्षसमेतलाई समेटेका छन् । साथै नेपाली प्रकृति र संस्कृति पनि बालकविताका विषय बनेका छन् । बालबोली र भाषाको प्रयोग, सरल र सरस शब्दहरूको प्रयोग, गीतिलयका कारण बालकविताहरू बालरुचिअनुकूल बन्न पुगेको छ । कवितामा गाउँको परिवेशको चित्रण छ ।

### २. *बालगीत*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-४२+६=४८, मूल्य-रु.२१।-; चित्र-टेकवीर मुखिया ।

बालकविता । शीर्षक-खहरे, कस्तो बोली, कस्तो बानी, स्यालको बिहे, गरौँ हेरविचार, माछो माछो भ्यागुतो, फोहरी, खानेपानी, पुतलीको ममता, शनिबार आयो, मेरो कुकुर, चङ्गा हुँ म, मेरो छाता, हवाईजहाज, मुसा र मुसी, माकुरो, चिबेको सन्देश, चरीसित बातचित, कुक्कू, चौतारी, चरीको घरबार, घामपानी, सेतीसँग, पोखरा, मेरो देश नेपाल, हिमाली दृश्य, भानुभक्तप्रति, चील आयो, सम्झनाको गीत । यस सङ्ग्रहमा बालबालिकाहरूले औधी रुचाउने चरा र

जीवजन्तुसँग सम्बन्धित कविता बढी छन् । त्यसबाहेक नेपाली धर्ती र प्रकृतिको सौम्यता र राष्ट्रप्रेमका भावनाहरू पनि बालकविताले समेटेको पाइन्छ । विषयवस्तु र प्रस्तुति दुवै बालरुचिअनुकूल छन् ।

### *३. बाल-रत्न*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डट प्रिन्ट्स, ललितपुर; पहिलो संस्करण-२०५८, पृष्ठ-४०, मूल्य-रु.३५।-; चित्र-सुनिल थापा; सम्पादन-शाश्वत पराजुली ।

बत्तीस बालकविता । शीर्षक-प्रार्थना, बिहानी, नाच न नानी नाच न, कखरा र कलम, आयो आयो कुखुरो, सिमसिम पानी, घरबार, अहा ! हेर छहरा, मौसमको खेल, मेरी मुना, बालशक्ति, लाग्दछ यही नजाती, मेरो रहर, गाउँखाने कथा, बेलुन, किसानको गीत, घिरौँला, जानु हुन्न मुग्लान, मेरो हिमाल, मुसामुसीको कथा, सपना, समुद्र, दीपावली, भानुभक्त, अधिकार देऊ, यस्तो खेल खेलौँ, झगडाको ओखती, मान्छेको मूल्य, तेम्बाछिरीको रहर, मान्छेभित्र मान्छे छ, बालरत्न, दाँत । बालबालिकाकै सेरोफेरोमा केन्द्रित यी बालकविताहरू कविकै पूर्व कृतिकै निरन्तरताको क्रममा आएको देखिन्छ । कविताहरू विषयका दृष्टिले विविधतापूर्ण छन्, तर अघिल्ला कृतिको जस्तो स्वाभाविकताको भने कमी देखिन्छ ।

## विजय सुब्बा

### *१. ज्ञानी*

प्रकाशक- विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ जेठ, पृष्ठ-२४, मूल्य-रु.१५।-; चित्र-अनुल्लिखित; आवरण-सागर शाह ।

बीस गजलको सङ्ग्रह । यस बालगजलसङ्ग्रहका गजलहरूमा बालिकाका पढ्ने चाहना, बालश्रमिक र सडक बालकहरूको पीडा, बाबुको रक्सी खाने बानीले परेको बालमनमा परेको चोटसहितका विषय प्रस्तुत गरिएका छन् । यसका अतिरिक्त विभिन्न सन्देश पनि यी गजलहरूले दिएका छन् । बालगजल लेखिन थालेको समय धेरै नभए पनि केही गजलकारको यसतर्फको रुचि सराहनीय छ ।

## विद्या भण्डारी 'चिराग'

### *१. इन्द्रेणीको गेट*

प्रकाशक-अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन; मुद्रक-?; पहिलो संस्करण-२०६.., पृष्ठ-६४, मूल्य-रु.३५।-, संस्थागत-रु.७०।-; चित्र-?

उनन्चालीस बालकविता । शीर्षक-नगर्नु है भूल, टि.भी. हाम्रो साथी, आफ्नो काम, सपनाको कुरो, एकता आदि ।

## विमलकृष्ण श्रेष्ठ

### *१. रमाइला बालकविता*

प्रकाशक-बालसंसार/बालसाहित्य प्रवर्द्धन केन्द्र, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-१७+३=२०, मूल्य-अनुल्लिखित; चित्र-बिलाश राई ।

विभिन्न कविका सोह्र बालकविताको सम्पादित कृति । सङ्गृहीत बालकविताहरूमा देवकोटाको पाप लाग्छ, युद्धप्रसाद मिश्रको स्कुल जाऔं, श्यामप्रसादको सय वर्ष मात्रै, माधव घिमिरेको सियो खोइ सियो, माधवलाल कर्माचार्यको एउटा बीउ, कृष्णप्रसाद पराजुलीको कुरा सुन्नू बूढाको, दुर्गालाल श्रेष्ठको नानी र फूलको कुराकानी, प्रेमा शाहको ठूलो मेरो ह्याउ, ध्रुवकृष्ण दीपको ढिकी भन्छ, दैवज्ञराज न्यौपानेको तारा दिउँ बाली, कृष्णप्रसाद दुवालको हाँसी-हाँसी प्राण दिने, शारदारमण नेपालको को कसरी बोल्छ ?, कल्पना प्रधानको मेरो सानो खरायो, बूँद रानाको नदी' केही जान्नँ !, रामबाबु सुवेदीको ओधान, सिद्धिचरण श्रेष्ठको आमा । पहिले नै छापिइसकेका विभिन्न लेखकका बालकविताहरूको यस सङ्ग्रहले एकै ठाउँमा बालबालिकालाई धेरै विषय, विभिन्न छन्द र विविध शैलीका कविता पढ्ने अवसर दिन्छ । केही कविता नेपाली बालबालिकाबीच अत्यन्त लोकप्रिय रहेका छन् ।

### *२. घर*

प्रकाशक-बालसंसार/बालसाहित्य प्रवर्द्धन केन्द्र, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-टेकवीर मुखिया ।

शीर्षक विहीन उन्नाइस बालकविता । यो सङ्ग्रह कुन जनावरको बस्ने ठाउँलाई के भनिन्छ भन्ने जानकारी दिने उद्देश्यले प्रश्नोत्तर शैलीमा लेखिएको

छ । साना नानीहरूका लागि लेखिएको सङ्ग्रहका बालकविताको विषय र भाषा दुवै सरल छन् ।

## विमला ढुङ्गाना (निरौला)

### *१. बादलु र ऋतु*

प्रकाशक-अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्गटन डि.सी., संयुक्त राज्य अमेरिका; मुद्रक-डायमण्ड प्रेस प्रालि, काठमाडौं; पहिलो संस्करण-२००७ इ., पृष्ठ-५४, मूल्य-रु.५०।-, संस्थागत-रु.७५।-; चित्र-उमेशचन्द्र अधिकारी; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद-पशुपति नेउपाने र सुभाष गिरी ।

दुई बालकाव्य । शीर्षक-बादलु, ऋतु । बालबालिकाको रुचिभित्र पर्ने प्रकृतिका दुई महत्त्वपूर्ण विषयका बारेमा जानकारी दिने यी बालकाव्यमा सरल र सरस भाषाको प्रयोग गरिएको छ । बादलुमा २४ र ऋतुमा २२ काव्यगुच्छा रहेका छन् । काव्यमा लयात्मकता र अनुप्रासलाई ध्यान दिइएको छ ।

### *२. बालमन*

प्रकाशक-अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्गटन डि.सी., संयुक्त राज्य अमेरिका; मुद्रक-डायमण्ड प्रेस प्रालि, काठमाडौं; पहिलो संस्करण-२००७ इ., पृष्ठ-३२, मूल्य-रु.३५।-, संस्थागत-रु.५०।-; चित्र-उमेशचन्द्र अधिकारी ।

उन्नाइस बालकविता । शीर्षक-देश, आमा, कलम, पानी दरर, ताराबाजी लै लै, सानी बैनी, झरना, झोला, मामाघर, ठूला व्यक्तिहरू, दसैं आयो, नेपाल बन्द, जूनकिरी, मनपरेको जुत्ता, बुबुमाम, चङ्गा, कम्प्युटर, राम्रो, हवाईजहाज । देशप्रेम र प्रकृतिप्रेमका साथै बालसंसारभित्र पर्ने विविध विषयका बारेमा लेखिएका राम्रा बालकविताहरू यस सङ्ग्रहमा छन् । कवितामा लय र अनुप्रासको राम्रो प्रयोग भएकाले बालबालिकाका लागि अझ उपयोगी भएको देखिन्छ । अनुकरणात्मक र बालबोलीका शब्दहरूको प्रयोगका कारण बालकविता स्वाभाविक बन्न पुगेको छ ।

## विवश पोखरेल

### *१. कर्कलाको छाता*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-एभरेस्ट ग्राफिक्स प्रिन्टर्स, विराटनगर;

पहिलो संस्करण-२०६० भदौ, पृष्ठ-१८+६=२४, मूल्य-रु.१५।-; चित्र-गोपाल कलाप्रेमी र शेखर पोखरेल; आवरण-गोपाल कलाप्रेमी ।

तेह्र बालकविता । शीर्षक-हतार, हिमचुली, मन पर्छ, अचम्मको फल, अक्षरका तातेसँगै, आच्छु आच्छु जाडो, मेरी सानी छोरी, कर्कलाको छाता, मेरो देशको झण्डा, स्कुलको बस, सुरी म्याउँ, इन्द्रेनी, नदी । पहिलो बालकवितासङ्ग्रहका रूपमा आएको लेखकको यस कृतिका कविताहरू केटाकेटीले बुझ्ने सरल भाषामा लेखिएका छन् । उनका कविता मीठा छन्, लयात्मक छन् ।

## विश्वनाथ भण्डारी (डा.)

### *१. ताते नानी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ असार, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-देव कोइमी ।

सोह्र बालकविता । शीर्षक-ताते नानी, कोखाइ कोखाइ, मौरी, धरान, मकै, झिङ्गा, पुस्तकालय, माछा, हिमाल, फूल, भोक, राम्रो बानी, खोला, आ-आफ्नै आवाज, नानी तिमी, घडी यो टिक्टिक् । बालपन, घर-आँगनका विषयहरू र प्रकृतिलगायतका विषयमा लेखिएका यो बालकवितासङ्ग्रह लेखकको पहिलो बालकृति हो । यो कृति प्राथमिकतहका बालबालिकालाई दृष्टिगत गरेर रचना गरिएको हो ।

## विश्वनाथ योञ्जन तामाङ

### *१. बालसंसार*

प्रकाशक-विश्व मैत्री विकास सङ्गठन; मुद्रक-?; पहिलो संस्करण-२०६४, पृष्ठ-२८+४=३२, मूल्य-रु.१५।-; चित्र-?; आवरण-मधु बोगटी; भाषा-नेपाली, तामाङ र अङ्ग्रेजी; तामाङ नाम-कोलाजुगुला जाम्बुलिङ; अङ्ग्रेजी नाम-चिल्ड्रेन्स वर्ल्ड ।

सोह्र बालकविता । शीर्षक- आउ थमाउ यी हातहरू, गोठालो भन्दै डाक्छन् मलाई, भविष्य लेख्ने हातमा उसको, थाहा छैन हकहित, सगरमाथा शिर हाम्रो, घर मेरो सानो झुपडी छ, कत्तिलाई सुनाई हिँड्नु आदि ।

## विश्वप्रेम अधिकारी

### १. *झारबुटी (सम्पा.)*

प्रकाशक-विश्वप्रेम अधिकारी; मुद्रक-सतौँचण्डी ग्लोबल अफसेट प्रेस, स्याङ्जा; पहिलो संस्करण-२०५९ चैत, पृष्ठ-५१+५=५६, मूल्य-रु.२०।-; चित्र-नभएको ।

चौबीस कविका सैतीस बालकविता । शीर्षक-कमिला र हात्ती (देवीप्रसाद वनवासीं, जय नेपाल (देवीप्रसाद वनवासी), झारपात (देवीप्रसाद वनवासी), गण्डकी (भेषजराज शर्मा), कति राम्रो चरी त्यो (केदार शर्मा ढकाल), नानीहरूसँग (केदार शर्मा ढकाल), माकुरीको जाल (महेश्वर शर्मा), माछाको खेल (महेश्वर शर्मा), कुरा खेल्छ मनमा (विश्वप्रेम अधिकारी), ढुकुर चरी (विश्वप्रेम अधिकारी), तिहार (डा.घनश्याम न्यौपाने परिश्रमी), जून मामा (जयप्रसाद पौडेल), बतास (जयप्रसाद पौडेल), भोलिका नेपाल (चेतन कार्की), दाँते कीरो (देवेन्द्र लम्साल), चरा-चरी (देवेन्द्र लम्साल), बिहे राम्रो कमिलाको (चिन्तु गिरी), ढिँडो (चिन्तु गिरी), सुग्घरी बालक (मित्रलाल पंज्ञानी), राष्ट्रका प्राणदाता (ज्ञानेश्वर रेग्मी), आयु आफैँ बढाऔँ (ज्ञानेश्वर रेग्मी), राम्रो म (लालगोपाल सुवेदी), बाढी पहिरो र मनको पीर (लालगोपाल सुवेदी), असल बानी (लालगोपाल सुवेदी), बाँसुरीको धून (डा.जगदीशचन्द्र भण्डारी), बालक (सूर्यप्रसाद रेग्मी), चरी (सूर्यप्रसाद रेग्मी), किताब (हुमकान्त पाण्डे), माहुरी (गङ्गाधर शर्मा पौडेल), दुर्गा पूजा (गङ्गाधर शर्मा पौडेल), बर्र आँसु खस्छ (गोविन्दप्रसाद शर्मा), प्रार्थना (त्रिभुवन अर्याल), रोकूँ रोकूँ लाग्यो (अनन्त अर्याल), अक्षरहरू (रजनी ढकाल), सिकौँ राम्रा कुरा (दुर्गाबहादुर रोकाया), हाम्रो धरतीमा (प्रेमराज लुइँटेल), रहर (गायत्री लम्साल) । स्याङ्जा जिल्लाका लेखकहरूका बालकविताहरूको सङ्कलन । सङ्ग्रहको अन्त्यमा कविहरूको परिचय पनि प्रस्तुत गरिएको छ ।

## विश्वम्भर चञ्चल

### १. *ओक्कल दोक्कल*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-नेपाल भ्यालि प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४२, पृष्ठ-४२+१०=५२, मूल्य-रु.१६।२०; चित्र-अनुल्लिखित ।

भाग-१ मा चौध र भाग-२ मा उन्नाइस गरी कुल तेत्तीस बालकविता । शीर्षक-भाग-१ मा ओक्कल दोक्कल, ढुकुरकुर, उड्कुसी मुक्कुसी, चिँ मुसी चिँ, सहसला कोकले, ढिकी च्याउँ, चिँ चिँ चरी, काका कौवा, ओक्का बोक्का, खुर्पे

ठ्याक लौरो टच्याक, ए लरे !, गोठेलौरो, एकादेशमा, भ्यातैतुली र भाग-२ मा तारा, म्याउँ म्याउँ, चरो, बिजुली बत्ती, कुखुरा र कुखुरी, डाँडामाथि जून, पानी पर्‌पर्, च च चमेरो, गाई, काका कौवा, चुप लागी बस नानी, अहा ! हेर हवाईजहाज, घोडा हिँड्ने टकटक, वानर, चिरबिर चरी, क ख ग घ, बजार, मेरी बाबा पुतली, जय होस् नेपाल । सङ्ग्रहको पहिलो भागमा लोकोक्तिमा आधारित र दोस्रो भागमा मौलिक कविताहरू छन् । प्रकृति, पशुपक्षी र बालखेललाई लिएर यी बालगीत रचिएका छन् । बाल र अनुकरणात्मक शब्दहरूको प्रयोग, सरल र सरस भाषाशैली र लयात्मकता यी बालकवितामा भेटिन्छन् ।

"यसको पहिलो भागमा परेका धेरैजसो गीतहरू हाम्रै घर गाउँका बालबालिकाहरूले आफ्नै घर आँगन, चउर र पाखामा खेल्दै, गाउँदै र नाच्दै रमाउने लोकोक्तिमा आधारित छन् ।...दोस्रो भागका गीतहरू प्राथमिक स्तरका बालबालिकाहरूका लागि तयार पारिएको छ । यी गीतहरूले उनीहरूमा मनोरञ्जनका साथसाथै बौद्धिक विकासमा पनि सहयोग पुग्न सक्ने मैले आशा लिएको छु ।" (लेखकीय, *प्रस्तुत पुस्तकका सन्दर्भमा*)

## २. *मुसो चिँ चिँ बिरालो म्याउँ*

प्रकाशक-नेपाली साहित्य प्रकाशन केन्द्र, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-१९९१ इ., पृष्ठ-३१+१=३२, मूल्य-रु.२२।-; चित्र-सुरेशमान उलक ।

अठ्ठाइस बालकविता । शीर्षक-जङ्गलको बिहे, मुसो मेरो नाउँ, बिरालो म्याउँ, बाँदर आयो, सेतो खरायो, चटकी दाइले भालु नचायो, खरायो र कछुवाको कथा, मिठाईको सभा, गाई हिँड्ने गोरेटो, के हो यस्तो चीज ?, उठ उठ भाइबहिनी, असल बानी, झोला बोकी स्कुल जाऊ, पुतलीको खेल, घामपानी, पुतली नानी, जुन्किरी नानी, आकाशकी रानी, दसैँ आयो, वसन्त, बाह्र महिना, प्रकृतिको उपहार, रूखबिरुवा र जनावर, सहर बजार, नेपाल सहर, राजदरबार, नेपाल हाम्रो देश नेपाल, फूलबारी । यस कृतिका बालकविताहरू लेखकको पहिलो कृतिभन्दा स्तरीय छन् । यसमा परम्परागत प्रकृति, पशुपक्षी र खेलगीतबाहेक नयाँ विषयमा पनि कविता प्रस्तुत गरिएको छ । भाषिक सरलता, गेयता, सरल संरचना र अभिव्यक्तिको माधुर्यजस्ता विशेषता सङ्ग्रहका बालकवितामा पाइन्छन् ।

## ३. *भ्याँतैतुली*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो

संस्करण-२०५३, पृष्ठ-५१+७=५८, मूल्य-रु.४२।-; चित्र-टेकवीर मुखिया ।

तेत्तीस बालकविता । शीर्षक-प्यारो बाबा आमा, पी पी ल्याउने बाबाले, प्यारो प्यारो स्कुल, हाम्रो अर्को घर, मिलीजुली, हाम्रो झोला, सलल चिप्लेटी, राम्रो बानी, आउ चरी, खेलखेल, फूलबारी, घ्याम्पे बेलुन, सफैसफा, च्यान्टे घोडा, आइज सुरी, सानी पुतली, आकाशका तारा, बाघ-भालुको स्कुल, टि टि टिउँ जोकर, घाम र जून, झ्याप्ले कुकुर, आयो हात्ती, हामी माया गरौँ, सुन सुन भाइबहिनी, बारीबगैँचा, म्याँ म्याँ, वाह ! कस्तो खेल, आयो झीँगा, माछो माछो, चहै चहै, बुबुमाम सुपुक्क, बढाइँ डरर । सङ्ग्रहका बालगीतहरू बालबालिकाकै घरआँगन, खेलमेल र विद्यालयको संसारको सेरोफेरोमा रचिएका छन् । हाम्रै समाज, संस्कृति र जीवनका विविध झाँकी पनि यसमा भेटिन्छन् । केही कविता भने उपदेशात्मक हुन पुगेका छन् भने केही कवितामा अन्त्यानुप्रास पनि देखिन्न ।

### ४. *चिरबिर चरी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-कृष्णगोपाल श्रेष्ठ; सम्पादन-कृष्णप्रसाद पराजुली ।

सोह्र बालकविता । शीर्षक-चिरबिर चरी, पशुपन्छी, बिरालो म्याउँ मुसो खाऊँ, परिवारको माया, आदरभाव, प्यारो स्कुल, चहै-चहै पिङ, जतन गर सामानको, सफा होऊ, माम खाने सुपुक्क, नेपालको शहर, हामी नेपाली, राम्रो बानी, सबै एकै ठाममा, कसले के दिन्छ ?, नेपालका वनपाखा । बालरुचिकै विषयमा पर्ने चराचुरुङ्गी र जीवजन्तु नै यस सङ्ग्रहका बालकविताका प्रमुख विषय हुन् । तर ती बाहेक पनि हाम्रो सामाजिक जीवन र सांस्कृतिक परम्परालाई पनि कविले बिर्सेका छैनन् । भाषा सरल भएकाले बालबालिकाले सजिलै बुझ्न सक्छन् ।

## शरद् पौडेल

### १. *वनचरीको गीत*

प्रकाशक-आत्मनिर्भर विकास मञ्च, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ पुस, पृष्ठ-३६, मूल्य-रु.१८।-; चित्र-राजमान महर्जन; आवरण-के.के.कर्माचार्य ।

छ बालकविता । शीर्षक-वनचरीको गीत, कान्छुको बेथा, लाहुरे, सिनो,

आमाहरूको काम, बाल समूह । सङ्ग्रहका बालकविताहरू अन्य लेखकका बालकविताका विषयभन्दा फरक छन् । कृतिलाई **वनचरीको गीत** नामकरण गरिए पनि वास्तवमा यी मानिसका गीत हुन् । यी बालकविताहरूले बालबालिकालाई स्वतन्त्रता, न्याय र समानताका पक्षमा उभिन अभिप्रेरित गर्छन् । झट्ट हेर्दा कविताको विषय कठिनजस्तो लागे पनि कविले भाषा, शैली र शब्दको माध्यमबाट ती विषयलाई बालोपयोगी किसिमले अत्यन्त सरल र सरस बनाइदिएका छन् ।

### *२. हाम्रा काका-काकी*

प्रकाशक-आत्मनिर्भर विकास मञ्च, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ पुस, पृष्ठ-३६, मूल्य-रु.१८।-; चित्र-राजमान महर्जन; आवरण-के.के.कर्माचार्य ।

पाँच बालकविता । शीर्षक-हाम्रा काका-काकी, माउ कुखुरीको चाला, आरन, हाम्रा पूर्खाका कुरा, छुवाछूत । यस सङ्ग्रहका बालकविताले पनि नेपाली समाजमा विद्यमान विभिन्न अन्धविश्वास र रुढीवादलगायतका विकृतिविरुद्ध बालबालिकालाई सजग गर्ने प्रयास गरेको छ । सबै मानिस समान हुन्, कसैलाई पनि कुनै किसिमको भेदभाव गर्नुहुन्न भन्ने महत्त्वपूर्ण सन्देश यी बालकवितामा अभिव्यक्त भएका छन् । विषयलाई कथात्मकता दिइएकोले कृति रोचक पनि हुन पुगेको छ ।

### *३. अचम्मको गाँठो*

प्रकाशक-आत्मनिर्भर विकास मञ्च, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ असोज, पृष्ठ-३६, मूल्य-रु.२०।-; चित्र/आवरण-राजमान महर्जन ।

आठ बालगीत । शीर्षक-सानो भाइ, दमै दाइ, आगो ताप्नु मुढाको, कान्छुको बेथा, लाहुरे, सिनो, आमाहरूको काम, बालसमूह । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहमा आठवटा गीत भए पनि नयाँ भने तीनवटा मात्र छन् । सङ्गृहीत बालकवितामध्ये *कान्छुको बेथा, लाहुरे, सिनो, आमाहरूको काम* र *बालसमूह* गरी पाँच बालगीत **वनचरीको गीत**मा प्रकाशित भइसकेका छन् ।

## शरद् क्षत्री

### *१. कुनै अग्लो रूख नभएको देश*

प्रकाशक-नेपाली अकादमी, दार्जीलिङ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९८० डिसेम्बर, पृष्ठ-४८+८=५६, मूल्य-रु.१।-(भारु); चित्र-उल्लेख नभएको ।

छ अध्यायमा विभाजित बालखण्डकाव्य । लोककथामा आधारित कथावस्तुको प्रस्तुति भएको यो खण्डकाव्य गद्यात्मक छ । आफ्ना दुई मन्त्री कर्म र तर्कमध्ये बुद्धिमान् कर्मको कुरा नसुनेर विचारै नगरी केवल चाकडी र प्रशंसा मात्रै गर्ने तर्कको कुरामा लाग्दा राजाले ज्यानै गुमाउनु परेको कथा यसमा छ । यसले प्रशंसा गर्नेभन्दा त्रुटि देखाउनेको कदर गर्नुपर्ने तथा सोचेर विचारेर मात्र काम गर्नुपर्ने सन्देश दिएको छ । विषयका दृष्टिले कृतिलाई खोट देखाउने ठाउँ नभए पनि काव्य गद्यात्मक भएकाले बालबालिकाको रुचिअनुकूल हुन सकेको देखिन्न ।

## शारदा अधिकारी (ढकाल)

### *१. चिनजान हामीलाई*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-२०, मूल्य-अनुल्लिखित; चित्र-बलराम थापा ।

अठार बालकविता । शीर्षक-रुघाको त शत्रु हुँ (अमला), नाम हो गाजरमूला, सुन्तला हो मेरो नाम, क्या हो मेरो नाम (केरा), जान्नेको हातमा पर्दा रूपै अर्को हुन्छ (भूइँकटहर), खुसी भई गाउँछौँ तिमी गाना (अम्बा), काम त सेवा हो नि ! (मेवा), फलफूलको राजा हुँ (आँप), फूल मेरो हेर्न राम्रो फल मिठो खान (काँक्रो), अगाडि त सिसा छ है पिठिउँ उठी आ'को (टेलिभिजन), घरघर सडक जताततै चार्छु (बिजुली बत्ती), जानकीको मन्दिर हो हेर्नलाई राम्रो, हुन्छ सधैँ पहिले (घडी), सम्झनलाई सजिलो छ माछापुच्छ्रे नाम, पर्छपर्छ टन्टा, सानी ज्ञानी नानी, अज्ञान नै भाग्यो रे ! (बुद्ध), सानैदेखि देखाउँथे फुर्तिला ती चाल (पृथ्वीनारायण) । लेखकीय र प्रकाशकीय दुवै नभएको ।

सङ्ग्रहमा रहेका अठार कवितामध्ये नौ वटा फलफूलसम्बन्धी छन् र तिनले ती फलफूलको रङ्गरूप र विशेषताबारे राम्रो जानकारी दिन्छन् । अन्य कवितामा केही मानिसले प्रयोग गर्दै आएका उपकरणहरूका विषयमा लेखिएका छन् भने

केही हाम्रा प्राकृतिक एवम् सांस्कृतिक सम्पदामा केन्द्रित छन् । अनि केही कविताले हाम्रा विभूतिका विषयमा बालबालिकालाई बताउँछन् । समग्रमा कृति बालबालिकाका लागि विषयका दृष्टिले अत्यन्त उपयोगी छ ।

### *२ हेरौँ साथी*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-२८, मूल्य-रु.२८।-; चित्र-उत्तम खरेल ।

बाह्र महिनालाई कविताबाट चिनाउने प्रयास गरिएको कविताकृति । प्रकाशकीयमा 'चित्रकथा' भनिए पनि चित्रकथा नभई कविताको चित्रात्मक प्रस्तुति । बाह्र महिनाको बारेमा कवितात्मक रूपमा जानकारी दिने यो कृतिले प्रकाशकीयमा भनिएझैँ प्रकृति र वातावरणसँग मानिसको घनिष्ठ सम्बन्ध छ र प्रकृति र वातावरण समयद्वारा प्रभावित हुन्छ भन्ने विषयमा पनि प्रकाश पार्छ । सरलता, स्पष्टता र रोचकता कृतिको विशेषता हो ।

## शारदारमण नेपाल

### *१. मान्छे बच्चा बालक म*

प्रकाशक-बालकोसेली प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बालकोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४९, पृष्ठ-१६, मूल्य-रु.८।-; चित्र-एकारामसिं; सम्पादन-शान्तदास ।

पाँच बालकविता । शीर्षक-मान्छे बच्चा बालक म !, को कसरी हिँड्छ ?, कसले के खान्छ ?, को कहाँ बस्छ ?, को कसरी बोल्छ ? । स-साना बालबालिकालाई ध्यानमा राखी लेखिएका यस सङ्ग्रहका बालकविताले घोडा, हात्ती, भैँसी, गाई, बाख्रा, हाँस, उँट, बिरालो, सुँगुर, भ्यागुता, सर्प, बाघ, बाँदर, गैँडाजस्ता विभिन्न पशुपक्षीका विषयमा जानकारी दिएको छ । कविता अत्यन्त सरल भाषामा लेखिएको छ ।

### *२. दिदीभाइ मिलीजुली*

प्रकाशक-नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन), काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५५ असार; दोस्रो संस्करण-२०५८ जेठ, पृष्ठ-२६+६=३२, मूल्य-अनुल्लिखित; चित्र-सूर्यनारायण श्रेष्ठ ।

बीस बालकविता । शीर्षक-आमाको दूध, चहचह बाबू चहचह नानी, निदरी आयो, 'उठ उठ बाबू, उठ उठ नानी', दाँत माझौँ, आऊ साबुन लाऊँ नुहाऊँ, भोक लागेपछि खान्छौँ हामी, 'आमा कति जाती, बाबा कति जाती', कपडा हेरौँ, सफासुग्घर राख्छौँ हामी, दिदीभाइ एक समान, दिदीभाइ मिलीजुली, हाम्रो परिवार, दङ्ग हाम्रा हजुरबाबा दङ्ग हजुरआमा, गुरु-गुरुआमाहरू त्यसै दङ्ग, नगरी काम पनि सिकिँदैन, हाम्रो गाउँ, हाम्रो आँगन सबको आँगन, हाम्रो सहर राम्रो सहर, हामी के बन्ने । सङ्ग्रहमा बालबालिकालाई जीवनमा अगाडि बढ्न उत्प्रेरित गर्ने खालका कविताहरू रहेका छन् । साथै सरसफाइ, महिला-पुरुषबीच समानता, कामप्रतिको समर्पणलगायतका विषयका कविताले बालबालिकालाई चेतना दिने प्रयास पनि गरेको छ । सङ्ग्रहमा बालकविताहरू खासगरी प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई लक्ष्य गरेर लेखिएको देखिन्छ ।

### *३. पुतली*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५७ माघ, पृष्ठ-८+४=१२, मूल्य-अनुल्लिखित; चित्र-कान्छाकुमार कर्माचार्य (अधिकाश) ।

पुतलीको जीवनवृत्तमा आधारित बालकाव्य । छयानब्बे पङ्क्तिको यस बालकाव्यमा कविले पुतलीका सम्पूर्ण पक्षलाई बालबालिकासामु प्रस्तुत गरेका छन् । सरल शब्द, लयात्मकता, सहज प्रस्तुति, बालरुचिअनुकूल विषय आदि कारणले गर्दा यो बालकाव्य बालबालिकाका लागि प्रभावोत्पादक हुन पुगेको छ ।

## शैलेन्दुप्रकाश नेपाल

### *१. झुल्के घाम*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, ललितपुर; पहिलो-२०४८; दोस्रो संस्करण-२०५३, पृष्ठ-३६, मूल्य-रु.२०।-; चित्र-अनुल्लिखित ।

तीस बालकविता । शीर्षक-हामी तिम्रै छोराछोरी, हामी साना नानी, पिट्नु हुन्न पाले दाइ, हाम्रो घरको छानामा, पानी हाम्रो जिन्दगी, हामी खेल्छौँ मिलीजुली, सानो सानो पुतली, बोटैभरि सुन्तला, हाम्रो अनमोल मोती, हरबर तोरी, ठूलो मान्छे बनौँ, हृदय आफ्नो त्यतै लगाऔँ, वनभित्रको संसार, आज

एउटा गीत गाऔँ, आकाश जस्तै मन हाम्रो, नेपालकी छोरी, बादलका राजा, सानी सानी राम्री नानी, कति राम्रो हाम्रो हिमाल, आकाशको चोखोपन, झुल्के घाम, यही धर्तीमाझ, सुनैसुन झुल्यो आज, हौं शान्तिका द्रष्टा हामी, हाम्रो देश, हाम्रो रहर, झोला बोकी पढ्न जाउँ, सानो सानो बालक म, पढ्न जाऊँ रे, हाँसी हाँसी खाऊ । प्रकृतिका विविध स्वरूप, चराचुरुङ्गी, राष्ट्रप्रेम, ईश्वर-आराधना र बालभावनाजस्ता विषय यस सङ्ग्रहका बालकविताका विषय हुन् । कविताको भाषा सरल एवम् लयात्मक छ र यिनले बालबालिकालाई शिक्षा र मनोरञ्जन दुवै प्रदान गर्छन् ।

## २. *मकमक घुर्र*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२८+४=३२, मूल्य-रु.३५।-; चित्र-सुनिल थापा ।

एक्काइस बालकविता । शीर्षक-प्रार्थना, जय सरस्वती माता, तिम्रो बानी, पढ्ने हाम्रो काम, काम गरे माम मिल्ने, बालक, कहिले चैं शीतल, कालीगोरी, पढ पढ भाइबैनी, पाइला चाल, रूपा रानी दीपा रानी, मेरो नानी राम्रो छ, एउटा छोरो एउटी छोरी, परौँ आफ्नै भर, मकमक घुर्र, हाम्री दिदी सुन्दरी, अर्को ठाउँ खोजौँ न, हेर्नू आमा !, हामीलाई माया गर्नुहोस्, माया मीठो मनको, घाम-जून । सङ्ग्रहका बालकविताहरू विशेषतः व्यक्तिमा केन्द्रित देखिन्छन् । *बालक, कालीगोरी, रूपा रानी दीपा रानी, मेरो नानी राम्रो छ, एउटा छोरो एउटी छोरी, हाम्री दिदी सुन्दरी, हेर्नू आमा !* लाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । तर व्यक्तिको चित्रणमात्रै कविको उद्देश्य होइन । कवितासँगै बालबालिकालाई सन्देश र चेतना दिने उनको प्रयास छ । लयात्मकता, सरल भाषा र मीठो प्रस्तुति कविताका विशेषता हुन् । पहिलो कविता *प्रार्थना*मा भने परामुखापेक्षी भाव व्यक्त भएको पाइन्छ ।

## श्यामप्रसाद

## १. *हामी हुन्छौँ बलियो*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५२, पृष्ठ-२४+६=३०, मूल्य-रु.२१।-; चित्र-कुलमान सिंह ।

चौबीस बालगीत । शीर्षक-सय वर्ष मात्रै किन ?, दुई भाग छ पानी, अपच

र उपचार, सधैँ स्वागत गरौं, गुलियोले शक्ति दिन्छ, लुरे नबन, भटमासले जित्छ, दोबर शक्ति दिन्छ, अमलामा सबभन्दा, रोगसित कुस्ती खेल्छ, 'बी'ले पेट ठीक राख्छ, बिहानको घाम ताप्ता, 'ई' र 'के', फलामले रक्तकोष, थोरै भए पुग्छ, क्यालसियम, हामी हुन्छौँ बलियो, जीउ त बिग्रन्न, भोकै नपरौं, पापा थोरै खाऊ, दाल-गेडी खाऊ, पुग्दो पोस जीउले पाए, जित्न किन सकिन्न र !, धेरै बाँच्न सकिन्छ । यस सङ्ग्रहका सबै बालगीत स्वास्थ्यसम्बन्धी विषयमा लेखिएका छन् । विषयका दृष्टिले अत्यन्त उपयोगी र महत्त्वपूर्ण हुँदाहुँदै पनि अस्वाभाविक संरचना र गेयात्मकताको अभावले सङ्ग्रहका बालगीत बालरुचिअनुकूल भने हुन सकेका छैनन् ।

### २. *हाम्रो इच्छा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-६१+७=६८, मूल्य-रु.३२।-; चित्र-टेकवीर मुखिया ।

तीस बालकविता । शीर्षक-कस्तो राम्रो बानी, स्कुलमामात्र हैन, ए नानी ! यता आऊ न, नाच नानी नाच न, मिजासिलो मान्छे, सफासुग्घर गर्ने गरे, धूलो खेल्ने नगर, हात धोई खाऊ, के छ कारण ?, सन्डे माने आइतबार, पहिलो महिना जनवरी, सरल माने सजिलो, A–An र The, हजुरबाजस्तो जाँगरी, जीउको स्थिति राम्रै राखे, चराको गीत-१, चराको गीत-२, चराको गीत-३, काकाहरू-फुपूहरू, धेरैलाई खुसी पार्छौँ, धूलोमूलो धूवाँले, दसवटा दस भए, खराब मान्छे, हाम्रा मामा, हाम्रो गुरु, बालटोली चलाउँछौँ, असल मानिस, चाँडै आउनुहोला, हाम्रो इच्छा, समाज र सर्कारले । विभिन्न उमेरसमूहका बालबालिकाका लागि लेखिएका यस सङ्ग्रहका बालगीतमध्ये कतिपय अत्यन्त साना विषयलाई लिएर लेखिएका छन् भने कतिपय गीतले महत्त्वपूर्ण विषयलाई सरल ढङ्गले प्रस्तुत गरेका छन् । बालबालिकालाई जीवनोपयोगी शिक्षा दिने प्रयत्न सङ्ग्रहका बालगीतहरूले गरेका छन् । सरसफाइ, पढाई, वातावरण, नातागोता, पशुपक्षी यस कविताका विषय बनेका छन् ।

## सागरनाथ उप्रेती

### १. *घरपालुवा जनावर*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४३, पृष्ठ-१२, मूल्य-अनुल्लिखित; चित्र-रुद्रकृष्ण ताम्रकार ।

बाह्र घरपालुवा जनावरको दुई पङ्क्तिको कविताबाट परिचय दिने प्रयास यस कृतिमा भएको छ। समेटिएका जनावरहरूमा कुकुर, कुखुराको भाले, खरायो, गाई, घोडा, परेवा, बाख्रा, बिरालो, भेडो, भैँसी, हाँस, सुँगुर रहेका छन् ।

## २. *चिडियाखाना*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-अफिस सपोर्ट सर्भिस सेन्टर प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५, पृष्ठ-३२, मूल्य-अनुल्लिखित; चित्र-नवीन्द्र राजभण्डारी ।

सदर चिडियाखाना, जावलाखेलमा रहेका जीवजन्तुबारे कवितामा वर्णन गरिएको यो सङ्ग्रह जानकारीमूलक रहेको छ ।

# **सिद्धिचरण श्रेष्ठ**

## १. *तिरमिर तारा*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-हिसि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५, पृष्ठ-३४+८=४२, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

उन्नाइस बालकविता । शीर्षक-तिरमिर तारा, आमा, भाइ-बहिनी, आँखा, तोरीबारी, आमा ! म बालक बनूँ, असिना, स्वावलम्बन, नानी, पुतली, किताब, आह्वान, बुद्धिमान् काग, फटाहा गोठालो, भँगेरा र कमिलाको कथा, पढिरहेछौँ हामी, पाठी, सयपत्री, छात्रगीत । दोस्रो संस्करण रत्न पुस्तक भण्डारबाट प्रकाशित । यस सङ्ग्रहका बालकविताहरूलाई प्रकृति, पशुपंक्षी, राष्ट्रप्रेम र जागरणसम्बन्धी विभिन्न उपशीर्षकमा वर्गीकरण गर्न सकिन्छ। कवि श्रेष्ठले बालबालिकाका वरपर पाइने र बालकले मन पराउने विषयलाई पक्डेका छन् । उनका प्रकृतिसम्बन्धी बालकविताहरू अन्य कविताका तुलनामा स्तरीय छन् । केही कवितामा नेपाली बालसमाजमा प्रचलित लोककथालाई कवितात्मक रूप दिइएको छ ।

## २. *झिलिमिली जूनकीरी*

प्रकाशक-विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५९, पृष्ठ-२२+४=२६, मूल्य-रु.३०।-; चित्र-अनुल्लिखित ।

उन्नाइस बालकविता । शीर्षक-गणेश बन्दना, जूनकीरी, माछा, म्याउँ !, बाटो बन्यो, तिमी को हौ ?, तकिया, बोल हो बोल, नानी, पुल बनाउँछौँ, खन्दछ

बाटो नेपाली, भूकम्प, अकास, वर्षा आयो, मेल, झ्याउँकीरी र गधा, दसैं, चमेराको कथा, लक्ष्मीपूजा । लेखकीय र प्रकाशकीय दुवै नभएको । यसमा रहेका केही बालकवितामा कविको राष्ट्रियताप्रतिको आस्था र विश्वास प्रतिविम्बित भएका छन् भने केही कवितामा राष्ट्रनिर्माणका लागि उत्साह दिने प्रयास गरिएको छ । नेपाली प्रकृति र संस्कृतिलाई पनि उनले केही कवितामा विषय बनाएका छन् । उनका बालकविता प्रायः लोकलय र गीतिलयमा आबद्ध भए पनि केही कविता भने वर्णमात्रिक छन्दमा लेखिएका छन् ।

## **सुधा गुरुङ (प्रा.)** र **योगवीर शाक्य**
### ***१. ताते नानी ताते (सम्पा.)***

प्रकाशक-नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङ, भारत; मुद्रक-जेरक्स प्ल, कालिम्पोङ, भारत; पहिलो संस्करण-२००३ इ., पृष्ठ-३०+१०=४०, मूल्य-रु.२०।-(भारु); चित्र-अनुल्लिखित ।

बाइस कविका अड्तीस बालकविताको सम्पादित कृति । शीर्षक-पढ्न जाऊ (प.गम्भीर राई 'अग्निहोत्री'), खाजा/बादल (ललितकुमार क्षेत्री), बिरालो (सीताराम काफ्ले), लोखर्के (कुवेरप्रसाद शर्मा), हावा/ कृषक (मदनसिंह राई), हाम्रो नानी (सी.के. श्रेष्ठ), भूल/मेरी सानी नानी (योगवीर शाक्य), हामी साना नानी (श्रीमती सरिता उपासक), आऊ पढ/बिहानको काम (सोमप्रसाद शर्मा), रानी चरी/हामी (एन.एस.राई), मेरी बाँ (पी.के.सिन्चुरी), भमरा (रत्नकुमार फुयेंल), बर्खा रानी (श्रीमती सम्पूर्णा राई), माया गर/तारा (श्रीमती पार्वती रूम्बा), आमा/मल (श्रीमती सानुमती राई), मलाई देऊ (शिव सम्सेर रसाइली), मेरो भाइ (श्रीमती सम्पूर्णा राई), बाले भन्थे (ताना सुवेदी), गौँथली (लीलानाथ शर्मा), मेरो सानो फूलबारी (वसन्तकुमार सिलाल), मेरो गोली (टी.बी.ठकुरी), माकुरी (रत्नकुमार फुयेंल), चमचम गर्ने तारा (शिव सम्सेर रसाइली), पाँच औँला भाँचेर (सी.के. श्रेष्ठ), बाँदर मामा (श्रीमती सरिता उपासक), शिष्टाचार (प्रा.जोग चाम्लिङ), ईश वन्दना (लीलानाथ शर्मा), स्याल (टी.बी. ठकुरी), पानी पर्छ (प्रा.जोग चाम्लिङ), बटुवा/मौरीको मह (बी.के.सुब्बा) । सन् १९९९ को अगस्त ८ देखि १० सम्म नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङद्वारा कालिम्पोङमा आयोजित बालकविता कार्यशालामा सहभागी शिक्षकशिक्षिका एवम् कविकवयित्रीहरूबाट रचित कविताहरू । कविताहरू छोटा छन् ।

## सुरेन उप्रेती

### *१. झिलिमिलि तारा*

प्रकाशक-शब्दार्थ प्रकाशन; मुद्रक-; पहिलो संस्करण-२०६३, पृष्ठ-२४+४=२८, मूल्य-रु.२५।-; चित्र-

बाइस बालकविता । शीर्षक-जूनतारा, अक्षरहरू, मादलुले, गाई, झलमल, भाले बास्यो, सानो मुने, आउ पुतली, अब आउँछ, कलम भन्छ, इन्द्रेणी, टेलिफोन, सानी चरी, रेडियो, हवाईजहाज, चरी, माहुरी, बादल, अप्पा आउँछ, धानका बाला, सेता दाना, बचेरा ।

## सुवर्णराम जोशी

### *१. आमाको वन्दना*

प्रकाशक-श्रीमती सुवर्णलक्ष्मी जोशी, ललितपुर; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, ललितपुर; पहिलो संस्करण-२०४४ साउन, पृष्ठ-१८+६=२४, मूल्य-रु.६।-; चित्र-नभएको; आवरण-डी.बी.परियार ।

बत्तीस बालकविता । शीर्षक-ईश्वरको वन्दना, नेपाल हाम्रो देश, हाम्रो राष्ट्रिय झण्डा, गाई आमा, आमाको वन्दना, चोखो माया मुटुको, दिनहुँ दाँत माझ्छु, आमाको कुरा मान्छु, म स्कुल जान्छु, म साँचो बोल्छु, विद्या आँखा, ज्ञानको ढुकुटी, किताब कापी कलम, म्याउ म्याउ गर्छ बिरालो, भुर् भुर् उड्ने भँगेरा, वाकर वाकर घू घू, भाले बास्छ, भुसिल्कीरा पुतली बन्छ, मेरो शेरू, गनी हेर हातमा, आकाशका तारा, चन्द्रमा अब टाढा छैन, गुलाब फूल फुल्दछ, पात हरियो छ, वसन्तमा, आनन्द देऊ सबमा, चैत र वैशाख, पानी पऱ्यो झर्र्र्, घामपानी घामपानी, इन्द्रेणी, नेपालको सपूत, माता सीता । सङ्ग्रहका अधिकांश बालकविताहरू राष्ट्रप्रेम, पशुपक्षी, प्रकृति र मानिसका दैनिक क्रियाकलापका विषयमा लेखिएका छन् । कविले कवितालाई लयात्मक बनाउने प्रयास गरेका छन् । कविताका विषयहरू बालरुचिअनुकूलका छन् भने भाषा सरल, सरस र सहज छ । सङ्ग्रह लेखकले ६ देखि १० वर्ष उमेरसमूहका बालबालिकाका लागि तयार गरेका हुन् ।

### *२. मानिस त झन् ठूलो*

प्रकाशक-श्रीमती सुवर्णलक्ष्मी जोशी, ललितपुर; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, ललितपुर;

पहिलो संस्करण-२०४५ मङ्सिर, पृष्ठ-१८+६=२४, मूल्य-रु.६।-; चित्र-नभएको; आवरण-डी.बी.परियार ।

सोह्र बालकविता । शीर्षक-मानिस त झन् ठूलो, जावलाखेलको चिडियाघर, धोबीचरो, पशुपतिको बाँदर, पुतली, कमिला नानी, घोडाजात्रा, खुट्टाले हान्ने फुटबल, रमाइलो चङ्गा, उडयो हवाईजहाज, जिन्दगीमा ठूला कुरा, तातोपानी, सूर्यग्रहण, शनिबारको दिन, गोलेदाइ, देशलाई उठाउँछौं । पहिलो बालकवितासङ्ग्रहभन्दा भाषा र विषयका दृष्टिले अलि भिन्न छन् यस सङ्ग्रहका बालकविताहरू । काठमाडौं उपत्यकाका विविध विषयलाई पनि कविले यसमा कवितात्मकता दिएका छन् । यस्ता कवितामा *जावलाखेलको चिडियाघर, पशुपतिको बाँदर, घोडाजात्रा* आदिलाई लिन सकिन्छ ।

## हरिगोविन्द लुइँटेल

### *१. ढेडु बाँदर*

प्रकाशक-मूल्याङ्कन प्रकाशन गृह प्रालि, काठमाडौं; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौं; पहिलो संस्करण-२०६१ फागुन, पृष्ठ-४४, मूल्य-रु.३०।-; चित्र/आवरण-पृथ्वी र रश्मि ।

बीस बालकविता । शीर्षक-ढेडु बाँदर, नजाऊ टाढा भँगेरी, सानी बैनी फुरौली, लालुले आलु खायो, टि.भि. ज्यादा हेरेर, मेरो साथी बैकुण्ठे, हाम्रो कुलेखानी, हट् हट् हात्ती, यस्तो र उस्तो, बादल, काठको घोडा, पढ् पढ् पढ, डचाडी र चुरोट, असिना, चिडियाखाना, हाम्रो वन, पिकनिक, साथी, इमेल, सुनको दिन । बालबालिकालाई रमाइलो तरिकाले ज्ञान र सन्देश दिने प्रयासमा सङ्ग्रहका बालकविताहरू केन्द्रित छन् । कविले खेलखेलमै बालबालिकालाई चरित्रवान्, मिहिनेती र सिर्जनशील बनाउने प्रयास गरेका छन् । बालबालिकाको भविष्यलाई स्वस्थ र सुन्दर बनाउने प्रयत्न यी बालकविताहरूको अभीष्ट हो ।

## हरिहर तिमिल्सिना

### *१. को को हाम्रा साथी*

प्रकाशक-साहित्यिक क्लब, दीपेन्द्र प्रहरी उच्चमाध्यमिक विद्यालय, काभ्रे; मुद्रक-मातृभूमि प्रेस, काठमाडौं; पहिलो संस्करण-२०५६ पुस, पृष्ठ-४४+१२=५६, मूल्य-रु.३०।-; चित्र-अनुल्लिखित; आवरण-शशि शाह ।

एकचालीस बालकविता । शीर्षक-सरस्वती माता, कहिले पनि छोडेन, फूलको अनुरोध, कुलुमुलु पुतली, भुन्टीको कथा, भकुण्डो, किसान, भाग कुहिरो भाग, हाम्री आमा, मामा आउनुभो, शहीद, मेरो बानी, माया गर, मेरो सानो भाइ, कुसङ्गत, सुनजस्ता घामजून, पुतली, रूख रोपौँ, शनिबार, जूनको गीत, अठोट, बादल, 'फूल पात र लहरा', माहुरी, कसको घर कस्तो ?, शहर, सानो मने, अले अचार खाएर, कपुरीको कले, खाते गीत, फूलबारीको खेल, लागूपदार्थ, सडक बालक, को को हाम्रो साथी, घडी, सिर्जनाको बीउ, बालअधिकार, यात्रा, नेपाल, पुतलीलाई साथी, नारी । कविले कतै प्रकृतिका विविध रङ्गरूप, कतै नेपाली सांस्कृतिक परम्परा, कतै पशुपक्षी र कतै गाउँघरका विविध विषयलाई मीठा शब्दहरूमा कलात्मकताका साथ पस्केका छन् । कतै कविताका माध्यमबाट उचित मार्गदर्शन गर्ने प्रयास छ भने कतै प्रकृतिको संरक्षण गर्नुपर्ने चेतना दिने प्रयत्न छ । भाषा र शैलीका दृष्टिबाट पनि बालकविताहरू राम्रा छन् ।

## हिरण्य भोजपुरे

### *१. मेरो मन मेरो माटो*

प्रकाशक-उदय बुक्स प्रालि, काठमाडौँ; मुद्रक-सुरज प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२१+७=२८, मूल्य-रु.२५।-; चित्र/आवरण-सुजन श्रेष्ठ ।

दस बालकविता । शीर्षक-मेरो मन मेरो माटो, सानो मान्छे ठूलो मान्छे, हात्तीको कथा, राजधानी, साथी, घनघोर पानी, 'पुतली, कमिला र मौरी', म आएँ, 'डाँफे र मुरली चरी', बाँदर । लेखकको पहिलो बालकवितासङ्ग्रह भए पनि रचनाहरू परिपक्व र स्तरीय छन् । बालभावनालाई आत्मसात् गरेर लेखिएका यी रचनामा लयात्मकता पाइन्छ । बालबालिकाका वरिपरिका कुरालाई कविताको विषय बनाइएको छ ।

## ज्ञानुवाकर पौडेल र विजय सुब्बा

### *१. प्रतिनिधि बालगजलहरू (सम्पा.)*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६४, पृष्ठ-८४, मूल्य-रु.७५।-; चित्र-शैलेन्द्र डङ्गोल ।

त्रिपन्न गजललेखकका छयहत्तर बालगजल । सबैभन्दा बढी बूँद रानाका

चार, धनराज गिरीका तीन, अन्जु अन्जली, उज्ज्वल जिसी, घनेन्द्र ओझा, जय गौडेल, देवी नेपाल, नारायण निरासी, पदम गौतम, भूपेन्द्र तिम्सिना, मनु ब्राजाकी, मायामितु न्यौपाने, रश्मि असफल, राजेन्द्र थापा, राधा कँडेल, रेनुका भट्ट, विजय सुब्बा, वियोगी बुढाथोकी, ज्ञानु विद्रोही र ज्ञानुवाकर पौडेलका दुई/दुई र अन्यका एक/एक गजलहरू सङ्गृहीत । यस सङ्ग्रहलाई प्रतिनिधिमूलक गजलसङ्ग्रह भनिए पनि फाटफुट रूपमा लेख्नेहरूकै गजल यसमा बढी छ । गुणात्मकभन्दा सङ्ख्यात्मकतामा जोड दिइएको देखिन्छ । बालगजल लेखिन थालेको धेरै समय नभएकाले पनि यस्तो भएको हुनसक्छ । गजलमा काव्यात्मकताभन्दा वर्णनात्मकताको प्रभाव बढी देखिन्छ । सङ्गृहीत गजलहरूमा नेपाली समाजको यथार्थ र परिवेशको चित्रणको प्रयास भएको छ ।

## विभिन्न लेखक

### *१. केटाकेटीका गीतहरू (भाग-१)*

प्रकाशक-स्वर्णिम इङ्लिस स्कुल, काठमाडौँ; मुद्रक-प्रभात प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४२ पुस, पृष्ठ-१८, मूल्य-रु.१।५०; चित्र-नभएको ।

सोह्र बालगीत । नेपालीका सात, नेवारीको एक र अङ्ग्रेजीको आठ । नेपाली गीतका शीर्षकहरू-कोपिला (दुर्गालाल श्रेष्ठ), बाँसुरीको धुनसँग (रामकृष्ण दुवाल), क ख ग घ (बालकोसेली), जमुनीको छोरो (राजीव), वनभात (राजीव), कार्यशील जिन्दगी (मञ्जुल), देशको माया (श्याम तमोट) । सङ्गीतकारहरू रामेश र रामकृष्ण दुवाल । नेपाली भाषामा सङ्गीतबद्ध बालगीतहरूको सङ्ख्या अत्यन्त कम छ । यस्तो अवस्थामा सङ्गीतकार रामेशको सक्रियता र स्वर्णिम स्कुलको प्रयासमा यी गीतका पुस्तक र श्रव्यचक्का निस्केको देखिन्छ । गीतहरू बालोपयोगी छन् र यिनले बालबालिकालाई जीवनमा अघि बढ्न अभिप्रेरित गर्छन् । बालविषय, सरल भाषा र मीठो शैली यी गीतका विशेषता हुन् । यसमा भएका धेरैजसो रचना मौलिक भए पनि केही अन्य विभिन्न पत्रिका, पुस्तक र विविध भाषाका बालगीतका क्यासेटहरूको सहयोग लिएर तयार गरिएको कुरा प्रकाशकीयमा उल्लेख गरिएको छ ।

### *२. केटाकेटीका गीतहरू (भाग-२)*

प्रकाशक-स्वर्णिम स्कुल, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४६, पृष्ठ-१६, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

विभिन्न कविलेखकका २० बालगीत । गीतकारहरू-श्याम तमोट, दुर्गालाल श्रेष्ठ, रामकृष्ण दुवाल, राजीव, मोहन श्रेष्ठ आदि । सङ्गीतकारहरू-रामेश, रामकृष्ण दुवाल, श्याम तमोट । २० गीतमध्ये नेपाली मौलिक गीत ११, लोकगीत २, अङ्ग्रेजी गीत २ र जापानी अङ्ग्रेजी गीतको नेपाली भावानुवाद ५ । बालबालिकालाई गीतका माध्यमबाट धेरै कुरा छिटोछरितो ढङ्गले बुझाउन सकिन्छ । यहाँ सङ्कलित गीतहरू पनि त्यही उद्देश्यले उत्प्रेरित छन् । यी गीतका माध्यमबाट बालबालिकालाई सङ्गीतप्रति अभिरुचि जगाउन पनि मद्दत मिल्ने निर्विवाद देखिन्छ । गीत सरल र मीठा छन् ।

## लेखक अनुल्लिखित

### *१. राम्रो नराम्रो*

प्रकाशक-बालकोसेली प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४५; दोस्रो संस्करण-२०५२, पृष्ठ-१८+२=२०, मूल्य-रु.१०।-; चित्र-मिलन शाक्य ।

'राम्रो-नराम्रो' शृङ्खलाको पहिलो सङ्कलन । कुल अठार टुक्रा कविता । बालकोसेली प्रकाशनको चौथो कोसेली । **बालकोसेली** बालपत्रिकाको राम्रो-नराम्रो स्तम्भमा छापिएका बालकविताहरूमध्येका छानिएका केही कवितालाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । गीतिलयमा आबद्ध यी कविताहरूले बालबालिकालाई जीवनमा अघि बढ्नका लागि आवश्यक विविध विषयमा सन्देश, ज्ञान र चेतना दिने प्रयास गरेको छ । के कुरा राम्रो हो कुन कुरा नराम्रो हो भन्नेबारे जानकारी दिएर कृतिले राम्रोको पक्ष लिन उत्प्रेरित गर्छ ।